


# एक भूल

(आत्मकथा)

नइ प्रकाशन

# एक भूल

गायत्री घर्तीमगर

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
संशोधक : लवप्रसाद भण्डारी
आवरण सज्जा : केके कर्माचार्य
मुद्रक : ऋचा अफसेट प्रेस
मोल : दुई सय रुपियाँ
नइ कृतिमाला– १३८
© सुरक्षित, २०७५ साल (2018)
ISBN: 978-9937-509-72-2
**Ek Bhool**
(An Autobiography by Gayatri Ghartimagar)

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

गायत्री घर्तीमगर नेपाली भाषासाहित्यका क्षेत्रमा परिचित नाउँ हो । कविताका फाँटमा उनले आफ्नो बेग्लै आयाम स्थापित गरिसकेकी छिन् । खास गरेर शास्त्रीय छन्दमा आधारित 'राप्तीका छालहरू'नामक कवितासङ्ग्रह प्रकाशनपछि उनको साहित्यिक व्यक्तित्वमा थप रौनक देखा परेको मानिन्छ । साथै उनका हात निबन्ध र प्रबन्धमा समेत सशक्त रूपमा अगाडि सरेको पाइन्छ । प्रस्तुत 'एक भूल' उनको लेखनको एउटा बलियो नमुना हो । 'एक भूल' गायत्रीको आत्मकथा हो । यो कृति उनको जीवनको गहन घटनाको एउटा सग्लो दस्तावेज नै पनि हो ।

**एक भूल**नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर हो ।

• नइ प्रकाशन

# गमलाकी पीपलको भूल

गायत्री घर्तीमगर समकालीन पुस्ताकी प्रसिद्ध स्रष्टाको नाउँ हो । नेपालको अति विकट र दुर्गम ठाउँ अर्थात् रोल्पाको लिवाङमा जन्मेकी घर्तीमगरले आफ्नो जीवनको पैँतालीसौँ वर्षमा फेरि अर्को चमत्कारी कृति लेखिन् 'एक भूल' (२०७५) ।

गायत्री घर्तीमगरका दुई कृति 'जिन्दगी' (गजलसङ्ग्रह : २०६२) र राप्तीका छालहरू (शास्त्रीय छन्दोबद्ध कवितासङ्ग्रह : २०७०) प्रकाशित भइसकेका छन् । उनका दुवै कृति आआफ्नै ठाउँमा उल्लेख्य छन् तापनि गजलसङ्ग्रह प्रकाशित गर्ने उनी पश्चिमाञ्चलकी प्रथम नारी हुन् भने भानुभक्तीय छन्दमा कविता लेख्ने नारीमा अग्रपङ्क्तिकी स्रष्टा हुन् । उनले जुनजुन विधामा आफ्ना रचना प्रकाशित गरिन् त्यहीत्यही विधामा वर्चस्वसमेत कायम गरेकी छिन् ।

गायत्री घर्तीमगर भानुभक्त आचार्यको दुई शतवार्षिकी समारोह समितिमा नेपाल सरकारबाट राप्ती अञ्चल प्रमुखमा मनोनीत भएकी थिइन् । साथै उनी विश्व नारी नेपाली साहित्य सम्मेलनका राप्ती अञ्चल अध्यक्ष पनि रहेकी छिन् । एकातिर उनी साहित्य सिर्जनामा प्रखर छिन् भने अर्कातिर साङ्गठनिक गतिविधिमा पनि उतिक्कै सक्रिय मानिन्छिन् ।

साहित्य सिर्जना र सङ्गठनका माध्यमबाट नेपाली भाषाको श्रीवृद्धिका लागि मन, वचन र कर्मले सेवा गरेबापत गायत्री

घर्तीमगरले मिलन स्मृति पुरस्कार, नेपाल कला साधक सम्मान, डोमादेवी साहित्य पुरस्कार, प्रज्ञा सम्मान, त्रिमूर्ति पुरस्कार, विश्व नारी नेपाली साहित्य पदक, भानुभक्त काव्य पुरस्कार, भानुभक्त स्वर्ण पदक प्राप्त गरेकी छिन् । साथै उनले नृत्यकारितामा पनि प्रसिद्धि कमाएकी थिइन् र प्रतियोगितात्मक राष्ट्रिय लोकनृत्यमा प्रथम भएकी थिइन् ।

गायत्री घर्तीमगर प्रतिभासम्पन्न साहित्यकार हुन् । उनको लेखनशैली, लेखनप्रस्तुति र लेखनसीप उच्चस्तरीय मानिन्छ । उनको गाउँठाउँ, उनको परिवेश र उनको आकाश नाप्दा उनी जति उचाइकी हुनुपर्थ्यो त्यसभन्दा धेरै माथिको उचाइमा पुगिसकेकी छिन् । रोल्पा जिल्लामा जन्मेर, हुर्केर, पढेर, बढेर पनि आफ्नो लेखकीय शैलीका कारण उनी देशदेशान्तरमा परिचित भइसकेकी छिन् । एमएको शैक्षिक योग्यता हासिल गरेकी गायत्रीको उमेरले उनलाई युवा अवस्थाबाट प्रौढतातर्फ धकेल्दै गरे तापनि उनको कर्ममा मस्त युवाको जोस र जाँगर यथावत पाइन्छ । उच्चस्तरीय विश्वमानवीय चेतकी धनी गायत्री यथार्थको धरातलमा भने गाउँकै थिइन् र गाउँकै हुन् । यति हुँदाहुँदै पनि उनको कलम, उनको विचार र उनको दृष्टिकोण सहरका नाउँ चलेका अनेकौँ स्रष्टाहरूभन्दा माथिल्लो कोटिको पाइनु उनको अर्को विशेषता हो ।

रोल्पाली नवपुस्तामा शिक्षाको ज्योति फैलाउने उपक्रममा वर्षौंदेखि समर्पित गायत्री घर्तीमगरमा विद्याकी देवी सरस्वतीको प्रसादको अधिकता रहेको सहजै देखिन्छ । शैक्षिक सेवाको पेसामा जीवनयापन गरेकी गायत्रीले आफ्नो अनन्य सखीका रूपमा साहित्य सिर्जनालाई रोजेको पाइन्छ ।

स्रष्टाका मानस तरङ्गको प्रदर्शनी गरिने माध्यम अक्षर हो । अक्षर भनेको नास नहुनका लागि हो । त्यसैले अक्षर भनेको ईश्वर, परमात्मा र ब्रह्म हो । यही तत्त्वमा गायत्री घर्तीमगरले

आफ्नो हैसियत स्थापित गर्ने प्रयत्न गरिरहेकी छिन् । गद्य र पद्यमा बराबरी बग्ने गायत्रीको सिर्जनायात्रा सफलताको बाटोमा अग्रसर भइसकेको पाइन्छ । किनभने उनको सिर्जनामा बिहानीको सूर्योदयमा कर्कलाको पातमाथि टलक्कै टल्किने पानीको थोपाको मोहनीले झैँ पाठकलाई मोहित पारेर लट्ठ्याउने तत्त्व समाविष्ट छ ।

गायत्री घर्तीमगरले आफ्नो लेखनीको आफ्नै कित्ता स्थापना गरेकी छिन् । उनको भाषा, शैली र प्रस्तुति आफ्नै पाराको छ । थोरै लेखेर पनि उनले गायत्रीय शैलीको परिचय दिइसकेकी छिन् । उनको लेखनीको सीप हेर्दा उनी नेपालको दुर्गम ठाउँकी लाग्दिनन् । तर उनी गमलामा रोपिएकी पीपल भने भएकी नै छिन् । किनभने आज गायत्री साँगुरिएर, चाउरिएर र चेपिएर पनि डाँडापारिदेखि डाँडावारिसम्म नै आफ्नो सिर्जनालाई बराबरी पारिरहेकी छिन् । यदि त्यस पीपलले उदाङ्गो भूमिमा रोपिन पाउँथ्यो भने झाङ्गिएर पक्कै विराट् वृक्ष पनि हुने थियो । जे भए पनि गायत्री एउटी यस्ती स्रष्टा हुन् जो जेमा देखिए तापनि साहित्य, साहित्य र साहित्यमा नै समर्पित छिन् ।

गायत्री घर्तीमगर १३ वर्षकी किशोरी हुँदा ३० वर्षको युवकको मायाको जालमा जेलिन पुग्दा 'एक भूल' जस्तो अमर कृतिको जन्म भएको छ । 'एक भूल' गायत्रीको जीवनको त्यही भूलकै आविष्कार हो । यदि उनले त्यति ठूलो भूल नगरेकी भए यति राम्रो कृतिको जन्म पनि हुँदैनथ्यो । त्यस मायालाई नक्कली मयूरको अनुभूत गरे तापनि उनले त्यही मायामा ठेस लागेपछि 'एक भूल' लेखिन् । त्यसैले आवरणीय उक्त प्रेम पनि एउटा उपलब्धिमा रूपान्तरित भएको छ । त्यस बेला उनको प्रेममा हरियाली छाएको भए उनको भौतिक देह पक्कै पनि रमाउने थियो होला तर नेपाली भाषासाहित्यमा उनीबाट यस्तो कृतिको लेखन हुन सक्तैन पनि थियो होला । त्यसैले उनको अपेक्षाअनुरूप

उनले नपाएको त्यो माया, प्रेम र समर्पण पनि अन्तत: नेपाली साहित्यका लागि चाहिँ सुखद् प्राप्तिमा अनुवाद भएको छ ।

गायत्री घर्तीमगरको 'एक भूल'लाई साहित्यिक मूल्यमा जति महत्त्व दिन सकिन्छ त्यसैको हाराहारीमा यस कृतिमा समाजशास्त्रीय विशेषता पनि रहेको छ । गायत्रीको 'एक भूल'ले घर, परिवार र समाजमा एउटा ठूलो उपदेशसमेत दिएको छ । एकातिर एउटी केटीले सौतामाथि बिहे गर्नुको भूलले उसले जीवनभरि पछुताउनु पर्छ भन्ने मान्यता यस कृतिले पस्केको छ । साथै अर्कातिर पुरुषको स्वार्थपरक प्रेमको पटाक्षेप पनि गराएको छ ।

हुन त परापूर्व कालदेखि नै पुरुष भँवरोका रूपमा लाक्षणिक रूपले परिभाषित छ । एउटा पुरुष एउटै नारीको मायाको सागरमा मात्र चिरकालसम्म तृप्त नहुने सत्यसँग पनि कसैको दुईमत हुन सक्दैन । विवाहित पुरुष नै भँवरोको स्वरूपमा युवती वा नारीको रसमा लालायित भएर भुनभुनाउनु कुनै अनौठो कुरा होइन । यस्तो बखतमा कसैको लोग्ने भइसकेको व्यक्ति हरेक युक्ति अपनाएर आफूले रोजेकी युवती वा नारीसँग लहसिन सक्छ । कुनै पनि युवती या नारीलाई नजिक ल्याउनुपर्दा त्यस्ता पुरुषहरूले ती नवयुवतीसमक्ष घरकी पत्नीको नाङ्गो विरोध गरेरै भए पनि आफूलाई प्रस्तुत गरेका हुन्छन् । त्यस केटी या नारीलाई आफ्नो कब्जामा ल्याइसकेपछि ती पुरुषले आफूमा आक्रान्त तृष्णाको प्यास बुझाउँछन् । यसरी आफ्नो क्षणिक स्वार्थपूर्तिपछि ती पुरुषको स्वप्न भङ्ग हुन्छ । यस्ता अधिकांश पुरुषहरू नव व्यवस्थापनको झन्झटमा लाग्नुको साटो आफ्नो पूर्वव्यवस्थित गृहस्थीको मोहमा क्रमश: फर्कन आतुर हुन्छन् । फलस्वरूप नवपत्नीको तुलनामा त्यस्ता पुरुष आफ्नै प्रथम श्रीमतीतिर पुग्छन् । यस्तो अवस्थामा प्रेमिका वा विवाहिता कान्छी श्रीमतीहरू अलपत्र परेका घटनाहरू पनि हाम्रो समाजमा छताछुल्लै देखिन्छन् । गायत्रीको 'एक भूल' ले यस्तै किसिमको सरल नेपाली पाठ पढाएको छ ।

'एक भूल'मा पत्नीप्रति पतिको घातको परिस्थिति साह्रै जटिल देखिन्छ । यस्ता बेहोराले समाजमा द्वन्द्वको स्थिति आउनु पनि अस्वाभाविक हुँदैन । जसका कारणले पनि पारिवारिक वा सामाजिक हिंसा वृद्धिका घटनाहरू हामी बेलाबखतमा सुन्छौँ, देख्छौँ र पढ्छौँ । त्यसैले नारी वा किशोरीहरूले कुनै पनि पुरुषले फकाउनेबित्तिकै उसका सबै कुरा पत्याउनु हुँदैन भन्ने व्यावहारिक ज्ञान 'एक भूल'ले दिएको छ । यदि ती युवतीले त्यस्ता पुरुषहरूका कुरा पत्याएर प्रेम गर्न थाले र बिहेसमेत गरे भने उनीहरूको हालत गायत्री घर्तीमगरको जस्तै हुन्छ भन्ने सत्यतथ्य यस कृतिले बोलेको छ । साथै एउटी केटीलाई झुक्याएर बिहे गर्ने पुरुषको मान, मर्दन र हैसियत भुइँमा कसरी बजारिन पुग्छ भन्ने कुराको अर्को शिक्षा 'एक भूल'ले दिएको छ । जसले गर्दा पनि गायत्रीको 'एक भूल' सफल कृतिका रूपमा प्रस्तुत भएको छ ।

यहाँनेरि साहित्यकार हुनु र सामान्य मानव हुनुको अन्तर पनि प्रस्ट देखिन्छ । गायत्री घर्तीमगर साहित्यकार हुनुको अर्थले उनीभित्र उम्लिएको वेदना, विरह, घृणा, छटपटी, अप्राप्ति आदि विकारहरू पनि समष्टिगत रूपमा 'एक भूल'मार्फत निष्कासित भएको छ । गायत्रीका जस्तै परिस्थितिमा अन्य साहित्यकारइतर व्यक्तिले ती विकारहरूको प्रस्तुति जुन रूपले गर्छन् तिनले समाज वा परिवारमा हिंसाको स्वरूप लिएको हुन्छ । तर गायत्रीको जीवनमा परेको चोटले एउटा कृतिको आविष्कार गरिदिएको छ ।

गायत्री घर्तीमगरको 'एक भूल' उनकै आत्मकथा हो । यो आत्मकथा पनि एउटा केटा र एउटी केटी अथवा प्रेमीप्रेमिका या लोग्नेस्वास्नीभित्रको एउटा सशक्त कथा हो । एकालाप शैलीमा लेखिएको यस कृतिमा 'म' पात्र र 'सर्वनाम' पात्रहरू मात्र हुनु पनि यसको अर्को विशेष पहिचान हो । गायत्रीले आफ्नो मनको अथाह पीडा 'सर्वनाम'मा खन्याएर उनी विरेचित हुनु यस कृतिमा लेखिकाको

थप उल्लेखय विशेषता बनेको छ । तर यस कृतिलाई गायत्रीले जति माया दिनुपर्थ्यो त्यति माया दिएको चाहिँ देखिँदैन । उनी यस कृतिमा पसेर कतै आफ्नो अस्मितालाई बढाउँदै गएकी पाइन्छिन् भने घरीघरी आफ्नो प्रेमी या पतिप्रति वितृष्णा र घृणा छर्दै गरेकी पाइन्छिन् । फेरि कतै उनै प्रेमीप्रति आशाका किरणहरू पनि छरिरहेकी पाइन्छिन् । कतै उनले आफ्नो लेखनीलाई सरलीकृत व्याख्या गरेकी छिन भने कतै फट्का हानेर कथावस्तुलाई नै छिन्नभिन्न पार्न पनि उनी उद्धत भएको पाइन्छ । समग्रमा भन्नुपर्दा चाहिँ 'एक भूल' पठनीय छ । यो कृति पठनीय मात्र होइन मननीय र शिक्षाप्रदसमेत छ । तर गायत्रीले यसलाई अझै मलजल गरेकी भए यस कृतिलाई खोटरहित पार्न सकिन्थ्यो । अथवा भनौँ उनले अझै खिप लगाएकी भए 'एक भूल' नम्बरी छापावाल सुन पनि हुन सक्ने थियो ।

गायत्री घर्तीमगरको 'एक भूल' औपन्यासिक पारामा लेखिएको छ । यस कृतिलाई निबन्ध भनेर पढे पनि हुन्छ र उपन्यास मानेर पढे पनि हुन्छ । तर जेजस्तो मनले पढे पनि यस कृतिलाई गायत्रीको मानस चीत्कार ठहर गर्न सकिन्छ । मान्छेको मनमा डँढेलो लागेपछि त्यसको नतिजा कसरी देखा पर्छ भन्नेको गतिलो प्रमाणका रूपमा 'एक भूल' लाई अघि सार्न सकिन्छ ।

एउटा मान्छेको आशामा झुन्डिएर बितेको ३२ वर्षको पीडा गायत्री घर्तीमगरले 'एक भूल'मा पोखेकी छिन् । वास्तवमा मानवजीवनमा गायत्रीले झैँ पीडा नै पीडा कसैले प्राय: भोगेको पनि त्यति सारो हुँदैन । तर उनीप्रति यति गौरव लाग्छ, उनले आफ्नो जीवनलाई अकालमा नै समाप्त पारिनन् । उनी घर, परिवार र समाजसँग जुधिन् । पीडामा नै होमिएर उनले पौरख गरिन् । परिवारका सबै जना सदस्यलाई पनि उनैले उकासिन् । अर्काका लागि उनले आँसुको पोखरीमा आफूलाई डुबाइरहिन् । त्यसपछि उनले प्राप्त गरेको फल हो 'एक भूल' ।

किशोरी अवस्थामै प्रेमीको छलको सिकार भएकी गायत्री घर्तीमगरको हृदय प्रेमी वा पतिको बेवास्ताले वेदनामय भएको थियो । त्यसरी भत्रभित्रै पीडाको पोखरीमा डुबेर मरणान्त बनेकी गायत्री तिनै निर्दयी पतिकी पत्नी नै रहेर पत्नीकै दायित्व निर्वाहमा कटिबद्ध भएकी देखिइन् । पतिपत्नीबीचका ससाना अनमेलमै चटाचुन्न पारिने दाम्पत्यको दारुण अवस्था भएको अहिलेको समाजमा परिवारको सुदृढताका लागि गायत्री 'एक भूल'मा स्त्री सहनशीलताको गतिलो नमुना बनेकी छिन् । गायत्री नारीको महानताको असली स्वरूपमा कुँदिएकी पाइन्छिन् । अ्र यस प्रकारका आदर्श विचारक नारीको खडेरी परेको वर्तमान समाजका लागि गायत्री एकादेशकी नारीपात्र लाग्छिन् । चेतनाले भरिएकी नारी भएर पनि अन्यायको विरुद्धमा जुलुस वा नारामा नलागेर अँध्यारोमा चुपचाप आँसु बगाउँदै कर्तव्य, कर्तव्य र कर्तव्यमा डटेकी गायत्रीको भूमिका अत्यन्तै प्रेरक, अनुकरणीय र स्तुत्य देखिन्छ । त्यसैले पनि उनले अँधेरी रातमा जति कष्टका साथ पाइला चालिन्, आज जुनेली रात भएर 'एक भूल' नाचिरहेको छ ।

'एक भूल' पढेपछि कुनै लेखकले यदि भूलै गर्छ भने गायत्रीको जस्तै भूल गरे पनि हुन्छ भन्न पनि मन लाग्छ । जुन भूलहरूले जीवन जीवन्तर रहने एउटा चिनो छाड्न सकोस् । मानवको अस्थायी चोलालाई स्थायी बनाउने नै यही अक्षर हो । यिनै अक्षरको चाङ लागेर 'एक भूल' शिखर भएर ठडिएको छ । साथै पश्चात्तापको समेत रापमा अजर र अमर भएर यो कृति स्थापित भएको छ ।

'एक भूल' लेखिन्थ्यो अनि प्रकाशित नहुन पनि सक्थ्यो । किनभने नारी लेखकका लागि आफ्नो परिवारसँग सामञ्जस्य नहुने कुरा प्रकाशित गर्न सहज पनि छैन । पति, घर र परिवारप्रति नकारात्मक शैलीका रचना प्रकाशित गर्ने नारी साहित्यकारले घरबाटै पाइलो लोटाउनुपर्ने परिस्थिति पनि आउन सक्छ । अथवा

भनौँ कृतिकारले घर या कृति दुईमध्ये एक मात्र रोज्नुपर्ने अवस्था पनि आउन सक्छ । तर यहाँनेरि 'एक भूल' प्रकाशनका लागि सहज स्वीकृति दिने गायत्री घर्तीमगरद्वारा 'भूल' ठहर गरिएका उनका पतिप्रति नेपाली साहित्यसंसार कृतज्ञ हुनुपर्ने देखिन्छ । किनभने 'एक भूल' भित्रै समाप्त प्रायः भएका अनायक अस्तित्वधारी पतिले 'एक भूल'की कृतिकारलाई आफ्नो कृति जनमाझ पुऱ्याउन सहज भूमिका निर्वाह गरिदिए । अथवा भनौँ गायत्रीका पति महोदयले नेपाली साहित्यसंसारमा आफ्नी पत्नीलाई बचाउने स्तुत्य कार्य गरेका छन् । यस अर्थमा 'भूल' गर्ने गायत्री घर्तीमगर भूलैका कारण भाग्यमानी साहित्यकार भएको पनि मलाई ठहर गर्न मन लागेको छ । अनि गायत्रीले गरेको 'भूल' नेपाली साहित्यका पाठकहरूमाझ 'मीठो भूल' भएको कुरा पनि मलाई उद्घोष गर्न मन लागेको छ ।

गायत्री घर्तीमगर 'गमलामा रोपिएकी पीपल' हुन् भनेर मैले केही वर्षअघिदेखि नै लेख्तै आएको थिएँ । भनौँ मैले उनका लागि रोल्पा जिल्ला सानो ठाउँ भएको छ भन्दै आएको हुँ । तर उनको प्रतिभा, इमानदारिता र लगनशीलताका कारण पीपलको जराले गमला फुटाएरै भए पनि आफ्नो फैलावट रोक्न सकेन । अब पीपलले गमला फोरिसकेको छ र जमिनमा आफ्नो जरा गाडिसकेको छ । अर्थात् उनले लेखनमा आफ्नो पखेटा फिजाइसकेकी छिन् । उदाहरणका लागि भन्ने हो भने यस कृतिको अन्तर्कथावस्तु, लेखनशैली र लेखन हिम्मतले नै गायत्रीभित्र प्रतिभाको ज्वारभाटा दन्केको पाइएको छ । प्रतिभाकी एउटी सशक्त मुहान गायत्रीको विस्तारित ढाँचा क्रमशः थप झाङ्गिदो छ । 'एक भूल' पढेपछि गायत्रीको लेखनको विकसित स्वरूपद्वारा नेपाली साहित्यभण्डारमा विशेष कृतिहरू भित्रिँदै जानेछन् भन्ने मैले बलियो अडकल काटिसकेको छु ।

**• नरेन्द्रराज प्रसाई**

# एक भूल

# एक भूल

भूलहरू धेरै हुन्छन् । कतिले सयौँ भूल गरेका हुन्छन्, कतिले हजारौँ भूल गरेका हुन्छन्, तर ती भूलहरू कति सरल र सहज लाग्छन् । मबाट भएको एक भूल मेरा लागि कति भयानक बनेर देखियो । पच्चीस वर्षअगाडि गरेको एउटै भूलले जीवन लुछिरहेको छ, च्यातिरहेको छ । त्यो भूल अझै मनमा दाग बनेर बसेको छ, खाटा बनेर तेर्सिएको छ मुटुमा; जो बिझाइरहन्छ, घोचिरहन्छ । कहिलेकाहीँ कल्पना गर्छु, यो गृहकार्य गर्न बिर्संदाको भूल भए कति सहज हुन्थ्यो, मन पर्ने सामान हराएर गरेको भूल भए पनि एकछिन त दुख्थ्यो, तर एउटै भूल जो जीवनका हरखुसीहरू सधैँसधैँका लागि खोसिएका थिए मबाट । त्यस भूलका कारण म कति रोएँ, कति दुखेँ र कति आर्तनाद गरेँ भित्रभित्रै । यही एउटा भूल सबैले हेर्ने तमासाको विषय बन्न पुग्यो ।

म तमासा भएर देखिएँ, रमिता बनेर पस्किएँ । कलिलो उमेरमा गरेको एउटै भूल सुल बनेर दिनदिनै दुख्छ । दुख्नु मेरो नियतिजस्तै लाग्छ मलाई । तर कहिलेकाहीँ अलि सोला हानेर दुख्छ मन । अरू पनि बेलाबखतमा टीकाटिप्पणीको विषय बन्न पुग्दा भक्कानो फुट्छ । लाग्छ, मेरो भोगाइ हेरेर अझै समाज अघाएको छैन ।

एक भूलसँग नजिक रहेकाहरूले गरेको हजार भूलसँग पनि मेरो नै नाम जोडिने गर्दा भाउन्न हुन्छ, रिँगटा लाग्छ । मैले नचाहँदा रनचाहँदै पनि म अतीतमा धकेलिन पुग्छु । जुन अतीतको

तिक्तताले अहिले पनि मेरो मन अमिलो हुन्छ, धमिलो हुन्छ र कुटुकुटु दुख्छ । भुल्न चाहेर पनि भुल्न कति कठिन छन् मेरा भोगाइका तीता अनुभवहरू ।

•

जतिखेर म कक्षा सातमा प्रथम भएकी थिएँ । चौध अञ्चलको राष्ट्रिय नृत्यप्रतियोगितामा प्रथम भएकी थिएँ र उनको मायाको रापमा रोमाञ्चित थिएँ । कति अनमोल थिए मेरा लागि ती क्षणहरू । सानै उमेर भए पनि म धेरै बुझ्थैं र सोचेको भन्दा बढी महसुस गर्थें । थाहा छैन यो क्षमता कसरी पलायो मभित्र म अचम्मित छु । मैले त्यही नृत्यप्रतियोगिताबाट नै जानिसकेकी थिएँ, थाहा पाइसकेकी थिएँ उनको दोस्रो विवाहको विवशता । उनले भनेका थिए त्यतिखेर, उमेर नपुग्दैको विवाह हो वा उनकी स्वास्नीको रक्सीको नशाको लत । बर्सेनी जन्मिएका थिए आधा दर्जन बच्चाहरू, जसका लागि उनले स्कुल खोलेका थिए । उनी भन्दै थिए, 'स्कुलले मेरो बच्चा हेर्छ । मेरी श्रीमती जसलाई मेरो सम्पूर्ण आर्जित सम्पत्ति दिएर सम्बन्धविच्छेद गर्छु र जो मेरी बन्छिन् म उनका लागि नयाँ सिर्जना गर्छु ।'

हामीले पनि देखेका थियौं, साँच्चि मगरको छोराले जातले पाएको भनेर कहिल्यै रक्सी पिएका थिएनन् । उनको साँच्चिकै स्त्रीमोह र रक्सीको लत भएको हामीले थाहा पाएका थिएनौं । तर विडम्बना उनकी स्वास्नी प्राय नशामा झुमिरहेकी हुन्थिन् । उनका आधा दर्जन बच्चा कति स्कुलमा त कतिलाई सहयोगीले सम्हालेका थिए । गाउँमा सानैमा बिहे गरेकाले उनीभन्दा चार वर्ष जेठी रहिछिन् उनकी पत्नी । यति धेरै बच्चाका बाबु भइसक्दा पनि भर्खरका तन्नेरी थिए, साँच्चिकै सपनाका सबनम थिए उनी, सबैका आकर्षणका केन्द्र थिए । मैले उनको भावना नबुझेको भए पनि उनको वरपर पुतली बनेर झुम्मिनेहरूको सङ्ख्या कम थिएन ।

यति धेरैको भीड पन्छाएर उनले मलाई नै रोजे, मलाई नै खोजे । सायद जीवन भोग्नु र बुझ्नुको विडम्बना यस्तै थियो ।

उनले दोस्रो विवाहको निर्णय सुनाउँदै भने, 'म त्यहीँबाट विवाह गर्छु जो हाम्रो गाउँको हो, ठाउँको हो र भूमिको हो ।' म साढे तेह्र वर्षकी थिएँ, मनभरि जिज्ञासा जाग्यो, को हो त्यो ? बालसुलभ मनले सोधेँ, 'कसलाई विवाह गर्नुहुन्छ ?' 'तिमी आफैँ भन त,' भने उनले मलाई । उनले फेरि भने, 'तिमीले रोजेको बिहे गर्छु म' मैले यौवनले फक्रेका मेरो नजरमा मभन्दा परिपक्व केटीहरूको नाम भन्दै गएँ । उनले सबैका विभिन्न अवगुण देखाउँदै हुन्न भने अनि मैले अलिक झर्कंदै, 'कहाँको मैयाँ पाउनुहुन्छ त ?' उनलाई भनेँ । उनले निरास आवाज निकालेर 'मलाई चाहिएको छैन मैयाँ पनि' भने ।

त्यतिखेर हामी काठमाडौँमा थियौँ । पन्ध्र जनाको टोली राष्ट्रिय नृत्यप्रतियोगिताका लागि अञ्चलबाटै छानिएर गएका थियौँ । जब हामीले हाम्रो नृत्य प्रस्तुत गऱ्यौँ, हाम्रो नृत्य उत्कृष्ट थियो । राम्रो नाचेकोमा स्याबासी दिने र परिचय माग्ने क्रम बढ्दो थियो । नृत्यप्रतियोगिता राष्ट्रिय नाचघर र प्रज्ञाभवन दुवै ठाउँमा भएको थियो । हामीलाई शृङ्गार गर्न राष्ट्रिय नाचघरमै एक दिदी हुनुहुन्थ्यो । उहाँले मलाई अत्यन्त माया गनुहुन्थ्यो र प्रशंसा गर्नुहुन्थ्यो । उहाँ भन्ने गर्नुहुन्थ्यो, 'तिमी अत्यन्तै राम्रो नाच्छ्यौ ग्रुपमा नै ।' हामी चार जनाको ग्रुपमा नाच्थ्यौँ टप्पा र मारुनी नाच । उनको र मेरो जोडी थियो, मेरी साथी र अर्को दाइ गरी हाम्रो नाच सामूहिक थियो । शृङ्गार गर्ने बेलामा दिदीले हाम्रो गाला फुट्छ भनेर भिन्दै खालको क्रिम लगाइदिने गर्नुहुन्थ्यो, यो कुरा मेरो स्मृतिबाट अझसम्म ओझेल पर्न सकेको छैन ।

रातको आठनौ बजेतिर नृत्य प्रस्तुत गरेर फर्किन्थ्यौँ । सीधा खाना खान रेस्टुरेन्ट छिर्थ्यौँ, नाच्दै, गाउँदै, रमाउँदै । हामी प्रथम हुने

लगभग निश्चित भएको हामीलाई थाहा थियो । दर्शकहरूको तालीले सङ्केत गरिसकेको थियो र चौध अञ्चलमा नै हाम्रो जस्तो नृत्य अरूको थिएन ।

•

रेस्टुराँमा उनी र म प्राय एउटै डायनिङ टेबुलमा बसेर खाना खान्थ्यौं । मैले त मनमा केही सोचेकै थिइनँ । थाहा छैन उनले के सोच्थे । अहिले सोच्दा लाग्छ, सँगै बस्ने मौका उनले आफैं मिलाउँथे सायद । एक दिन उनले मैले पिउँदै गरेको गिलासको पानी उठाएर पिए । त्यसपछि मभित्र भावना तँछाडमछाड गर्न थाल्यो । फेरि उनले अरूलाई तिमी र मलाई तँ भनेर सम्बोधन गरे । तँ शब्द सुनेर म रिसाएँ उनीसँग । अरूलाई तिमी भन्ने, मलाई तँ भन्ने, अरूलाई हजुर, मलाई हँ भन्ने भनेर । साथै नाच्ने हुनाले हामी सबैसँग खुला थियौँ, बोल्नलाई कुनै सङ्कोच लाग्दैनथ्यो । त्यसैले नै मैले उनीसँग तँ किन भनेको र हँ किन भनेको मलाई भनेर आपत्ति जनाएकी थिएँ । उनले हाँस्दै मलाई सम्झाए । उनले मलाई सम्झाउँदै जाँदा आफ्नो मनको कुरा खुस्काएर भने, जब मनभित्र आफ्नोपन जाग्छ, माया अङ्कुराउँछ त्यतिखेर तँ भनेर आत्मीयता जनाइन्छ र अझ जुठो पनि खाइन्छ । जब उनले मैले पिएको पानी पिए, मैले उनले बोलेको शब्दहरू याद गरेँ । मनभरि उनीप्रति घृणा उर्लेर आयो । सनातनदेखि चलिआएको जातीयताको पर्खालभन्दा पनि उनकी स्वास्नी, छोरीछोरी सम्झिएँ । मनमनै लाग्यो, के सोच्छ यो मान्छेले ? किन म नै यसको नजरमा ? म यति बच्ची छु तर म केही बोलिनँ ।

म आफ्नो मुमाबुबालाई हँसाउन चाहन्थेँ । समाजमा आफ्नो उच्च स्थान स्थापना गर्न चाहन्थेँ । त्यसैले उनका कुराले मेरो मन नमीठो भएको थियो ।

नृत्यप्रतियोगिता बाह्र दिनको थियो । यी दिनहरूका अन्तरमा मेरो कलिलो मनभित्र केही परिवर्तन आएको मैले महसुस गरिनँ । उनको आफ्नै कामविशेषले नृत्यप्रतियोगिताको नतिजा प्रकाशित नहुँदै जिल्ला फर्कन तयार भए । हामी पन्ध्र जनाको टोली थियौँ । आफूलाई बसपार्कसम्म छोड्न उनले मेरी साथी, म र एक जना दाइलाई जान भने । हामी तयार भयौँ र उनीसँगै बसपार्क लाग्यौँ ।

उनी अत्यन्त भद्र थिए । सबैको ख्याल राख्थे । यही आफ्नो वास्ता गर्ने मान्छेको अभावले हो वा कर्मको खेल हो, उनी घर फर्कंदा म आँसुले तरबर भएकी थिएँ । थाहा पाइनँ मेरो साथीको हाल के थियो ? म मायाले रुन्झेकी थिएँ वा आफ्नो ख्याल राख्ने मान्छेको अभावले रुन्झेकी थिएँ, बुझ्न सकिनँ । तर म धेरै दुखेँ । दुई-तीन दिनपछि हामी सबै फर्कियौँ ।

नृत्यप्रतियोगितामा चौध अञ्चलमा प्रथम भयौँ हामी । मनमा हर्ष, उमङ्ग बोकेर फर्कियौँ । काठमाडौँबाट फर्कंदा गाडी चढ्दै र हिँड्दै आयौँ । दुई दिनको हिँडाइमा समूहमा थियौँ । अत्यन्त थकाइ लाग्थ्यो । म हिँड्न अलिक पछाडि हुन्थेँ । मेरा आदरणीय नृत्यगुरु भन्नुहुन्थ्यो, तिम्रो अवगुण यही हो, अरू त तिमी गुणकी खानी छौ । अनि मेरो झोला आफैँ बोकेर छिट्टै हिँड्न प्रेरित गर्नुहुन्थ्यो ।

बाटोमा आउँदै गर्दा मसँग एउटै कक्षामा पढ्ने साथी भेटिए । म कक्षा ७ को परीक्षा दिएर नृत्यप्रतियोगितका लागि गएकी थिएँ । मनभरि रिजल्टको बारेमा कौतूहलता जाग्यो । त्यसैले साथी भेटेपछि मेरो रिजल्ट सोधेँ । उनले तिमी त प्रथम भएकी छौ भनेर सुनाए । म अत्यन्तै रमाएँ । म नृत्य र पढाइ दुवैमा प्रथम भएकी थिएँ । मैले मनमनै सोचेँ, म हरेक कदमले आउँदा दिनहरूमा उचाइ टेक्नेछु, उदाहरण बनेर देखाउनेछु । हृदयलाई दृढता र उमङ्गले धपक्कै ढाक्यो । अझ सोच्दै गएँ म जहाँ टेक्छु त्यहाँ शिखर बन्छ, अटल बन्छ, चम्कन्छ र टल्कन्छ भनेर ।

•

मलाई के थाहा जीवनका भोगाइ छताछुल्ल पोखिएर मलाई नै गल्र्याम्म पछार्छ भन्ने । थाहा पाएको भए त त्यस्तो बाटो किन हिँड्थें र आफैंलाई भत्काउन । उचाइ टेक्ने रहर सँगाल्दै कल्पनामा रमाउँदै बाटो काटिरहें । तर यसरी पछार्‍यो जीवनले, विवादित र तिरस्कृत बनायो । आफ्नै शरीर आफैंलाई बोझ जस्तो भयो समयको अन्तरालमा ।

साथीको कुरा सुनेर जताततै विजयले उत्साहित हुँदै हिँड्न नसक्ने मान्छे अब निकै फुर्तीले दौडिन थालें र सबै टिमलाई पछाडि नै छोडेछु । अब हाम्रो गाउँ आउन पनि धेरै थिएन । लामो उकालो थियो । त्यो उकालो काटेर आउने चौतारीमा सबैलाई पर्खन्छु भन्ने सोच बनाउँदै पाइला छिटोछिटो बढाउन थालें । जसै चौतारी भेट्न खोज्दै थिएँ म । उनी एक झाडीबाट निस्किए चन्द्रमा बादलबाट निस्किए जस्तो तेजस्वी बनेर । म दौड्दै गएर अँगालो मारें र उनलाई भनें, 'म फस्ट भएँ ।' मेरो आशय थियो कक्षामा फस्ट भएँ भन्ने, उनले बधाई छ तिमीलाई भने । त्यसपछि हामी अँगालोबाट छुट्टियौं । वास्तवमा त्यो अँगालो कुनै प्रकारको भोग अथवा चाहनाले भरिएको अँगालो थिएन, यो हर्षको उत्कर्ष मात्र थियो । उनले कुन रूपमा लिए यो अँगालो, मैले बुझिनँ ।

उमेर सानो थियो निकै छिटो नाच्न पर्ने तीन मिनेटको टप्पा-नाँच जब सिद्धिन्थ्यो म सय मिटर दौडबाट फर्केकी जस्ती हुन्थें । उनको र मेरो जोडी भएको कारण उनले नै सम्हाल्थे मलाई त्यतिखेर पनि, त्यसैले मेरो अँगालो अत्यन्त निश्छल थियो ।

हामी चौतारोमा सुस्ताउँदै थियौं । सबै टिम आइपुगे र ओरालो झर्‍यौं । हर्षका साथ सबै स्थानीयवासी हामीलाई लिन आए । हामी खूब रमायौं । विजयउत्सव मनाएर सबै टोली छुट्टिएर आआफ्नो घर फर्कियौं । घरपरिवार, छरछिमेक आफन्तको प्रशंसाले दिनप्रतिदिन

जीवन प्रकाशजस्तै उज्यालो लाग्थ्यो मलाई, रात पनि उज्याला हुन्थे, मेरा उत्साहले आकाश छुन खोज्थ्यो ।

•

उनी अब हाम्रो घरमा आउन थाले समय निकालेर । मेरा दाजुका पनि प्रिय पात्र थिए उनी । अनि उनी आउँदा सबै परिवार नै खुसी हुन्थ्यौं । यसै क्रममा बिस्तारै उनको नयन मेरो नयनसँग एकाकार हुन थालेको मैले महसुस गर्न थालें । म आफैँसँग डराएँ । मलाई यो के हुँदै छ ? मभित्र किन परिवर्तन भयो ? मेरो गन्तव्य कता हो ? सानो उमेर भए पनि अलि बढी नै संवेदलशील थिएँ म । मनलाई जति सम्झाए पनि बुझाए पनि मभित्र उनीप्रति आकर्षण बढ्दै जान थाल्यो । कताकता उनको यादले सताए जस्तो; भेट हुँदा अर्के हर्ष, लाज र सङ्कोचले छोपेजस्तो हुन्थ्यो मलाई । उनलाई देख्दा डर लागे जस्तो, मन काँपे जस्तो हुन थाल्यो मलाई । उनीसँग जुनसुकै कुरामा तर्कवितर्क गर्थें तर अब बोल्न पनि धक लाग्न थाल्यो मलाई । घुम्तीहरूमा, दोबाटोहरूमा भेट नभए हुन्थ्यो भन्ने सोच्थेँ । उनलाई टाढा देखेपछि अर्को बाटो बदलेर हिँड्ने गर्थें म तर उनी त्यही घुम्तीमा बाटो बदलेर छेक्न आइपुग्थे र भन्थे, 'के छ हालखबर ?' म हतारिन्थें, अत्तालिन्थेँ र जति सक्यो चाँडो फुत्कन कोसिस गर्थें ।

यसरी दिनहरू बित्न थाले । म मेधावी छात्रा, कक्षा बढ्दै गएँ उमेर पनि बढ्न थाल्यो । मेरो रूपरङमा परिवर्तन आउन थाल्यो । मलाई ऐनामा आफ्नो अनुहार नियाल्न मन लाग्न थाल्यो । आफूलाई सजाउने रहर जाग्न थाल्यो । बराबर भइरहने सांस्कृतिक कार्यक्रममा उनको र मेरो जोडी अत्यन्त आकर्षक मानिन्थ्यो नृत्यका लागि । यसरी नृत्य गर्दागर्दै कतिखेर मैले मेरो मनको कुनामा उनलाई सजाउन पुगें थाहा नै भएन । अब मुमाबुबाका आशा पूरा गर्ने चाहनाभन्दा उनको माया उच्च भयो मेरो नजरमा सायद ।

उनले मेरो मन जित्न कुनै जोरजबरजस्ती गरेनन् । उत्ताउलिएर मेरो हात समाएनन् । यही भद्रपन हृदयको कुनामा प्रेमको अङ्कुसे बनेर बल्झियो र म उनीतिर तानिँदै गएँ । उनले मनोवैज्ञानिक तरिकाले मेरो मन चोरे । एक दिन बाचा गर्‍यौँ, जीवनमरणको र एसएलसी सकिएपछि हामीले विवाहको मिति तोक्यौँ । म चुर्लुम्मै डुब्दै गएँ उनको प्यारमा, उनले दिने माया परिपक्व थियो । मेरो भविष्य सुनिश्चित भए जस्तो लाग्थ्यो मलाई । म प्रफुल्ल थिएँ, हर्षित थिएँ र लाग्थ्यो, सच्चा प्यारमा डुबेकी थिएँ । हावामा उड्थेँ, कल्पनामा हराउँथेँ । नाजुक उमेरको मोडमा सङ्घर्षको कहिल्यै कल्पना गरिनँ । उनले मलाई फूलजस्तो सजाइराख्ने सपना देखाउँथे ।

एक दिन संयोगले उनकी स्वास्नी र उनीसँग मेरो भेट भयो । उनीहरू आफ्नो सम्बन्धविच्छेदको कुरा गर्दै थिए । उनकी स्वास्नीले भनिन्, 'सबै कमाइ र सम्पत्ति दे, म तलाई भर्पाई दिन्छु, सम्बन्धविच्छेद गर्छु ।' यसको प्रतिउत्तरमा उनले पनि 'हुन्छ नि माइती बोला म सबै दिन्छु' भने । उनले तेरो चालाबाट मेरो जिन्दगी चल्दैन सम्बन्धविच्छेदपछि म अर्की बिहे गर्छु भने । उनले पनि ठिकै छ भनेर स्विकारिन् । उनीहरूको निर्णयमा दृढता झल्कन्थ्यो । मैले यस्तै बुझेकी थिएँ । हो, यही बुझाइ मेरा लागि एक भूल बनेर मलाई हजार बार मार्छ, हजार यातना दिन्छ र म छताछुल्ल भएर पोखिन्छु । टुट्छु, फुट्छु र घरी अलिअलि गर्दै आफू भएर जोडिन्छु । धेरै समय लाग्छ जोडिनलाई किनकि म बुझ्छु मैले जोडिनैपर्छ, उठ्नैपर्छ, कोही छैन मलाई जोड्ने र उठाउने ।

•

तीन वर्षको अन्तरालमा हाम्रो माया निकै झाङ्गियो, हुर्कियो र फुल्यो लालीगुराँस बनेर । मेरो रूप पनि फक्रँदै गयो लालीगुराँसजस्तै । धेरै नजरले चियाउँथे मलाई, धेरै प्रेमप्रस्तावले

पछ्याउँथे र प्रेमपत्रको ओइरो लाग्थ्यो । तर, मेरो मन भने टसमस हुँदैनथ्यो । किनकि मेरो सपनाको राजकुमारसँग मैले मेरो हृदय साटिसकेकी थिएँ । मनमनै सोच्थैँ, जीवन र माया सबैसँग साट्न र बाँडफाँड गर्न कहाँ मिल्छ र ?

उनका अगाडि अरू सबै फिका लाग्थे मलाई । सायद यही हृदयभित्र सँगालेको साँचो माया नै जीवनमा बज्रियो, चटचाङ बनेर, छाती चर्कायो । त्यसैले छटपटिन्छु बेलाबेलामा, नारायणगोपालले गाएको 'म त लालीगुराँस भएछु' भन्ने गीत अत्यन्तै मन पर्थ्यो मलाई । म त्यही लालीगुराँससँगै दाँजिन्थैँ, लाग्थ्यो यो गीत मेरै लागि नै रचना गरिएको हो । म बिर्सन्थे ती शब्द, 'फाँटहरूले कसलाई पुग्छ र भीरमा पनि फुलिदिन्छु' । मलाई के थाहा थियो र भीरमा फुल्न र पीरमा मुस्कुराउन कति कठिन हुन्छ भन्ने कुरा ।

सायद मेरो कर्ममै भीरमा फुल्नुपर्ने, पीरमा हाँस्नुपर्ने भएर हो कि गीत पनि यस्तै मन परेको मलाई । मेरो समाजकी परी थिएँ म । पढाइमा मेधावी छात्रा । हरेक स्कुलका प्रतियोगिताहरूमा विजयी, आफन्तहरूको आँखाको नानी, गुरु र गुरुआमाहरूको प्रिय पात्र । उहाँहरू भन्ने गर्नुहुन्थ्यो, बहुमुखी प्रतिभाकी धनी हाम्री छात्रा ।

यसै गरी साथीसङ्गीहरूसँग पनि अत्यन्त मिलनसार थिएँ म । कहिलेकाहीँ निधारमा टीका नलगाएर विद्यालय पुग्दा पनि साथीहरूले यति उज्यालो मुहार किन खाली राखेको भन्दै आफूले लगाएको टीका झिकेर मेरो निधारमा टाँसिदिन्थे । त्यति बेला मखमली कलेजी रङका ठूला टीका लगाउने चलन थियो । मेरा साथीहरू पनि मलाई सजाउन चाहन्थे । तर जीवन मखमलीको टीका सुहाए जस्तो सुहाउन सकेन; नफुल्दै ओइलियो । आफैँलाई यातना बनेर बिझ्न थाले मेरा हर प्रहरहरू ।

हाम्रो माया सच्चा र चोखो थियो जस्तो लाग्थ्यो; जसले सधैँ मलाई उत्साह नै भरिदियो । मेरो पढाइमा कुनै बाधा परेन । मेरो प्रतिभामा कुनै अवरोध आएन । अझै फैलियो दूबोजस्तै भएर, मौलायो हरियाली बनेर । यस्तैमा कतिखेर बिते दिनहरू, पत्तै भएन । उमङ्गमै सिद्धिसकेछन् मेरा उज्याला समयहरू, स्वर्ण युगहरू, खुसी बिदा भएर गइसकेका रहेछन् मबाट । म भने अब दिनभरि, रातभरि सपनाका रहर पालेर अन्धकार भविष्यको पर्खाइमा उत्ताउली बनेकी थिएँ । हाम्रो बाचा पूरा हुने दिन आयो ।

एकातिर उनीसँग सदा मुटु जोड्ने सपना साकार हुने दिन, अर्कोतिर अत्यन्त माया र विश्वास गरी लाडप्यारमा हुर्काएका मुमाबुबालाई पर्ने बज्रपात । मभित्र निकै अन्तर्द्वन्द्व चल्थे । त्यसै गरी मबाट हजार अपेक्षा गरेको थियो मेरो समाजले । यी सबै कुराले कहिलेकाहीँ विछिप्त बन्न पुग्थेँ । तर म मेरा देउताजस्ता मुमाबुबालाई धोका दिन तयार भएँ । समाजलाई लत्याउन तम्सिएँ । उनलाई छोड्न र त्याग्न सकिनँ । उनको मायाको रङमा चुर्लुम्म डुबेकी थिएँ, उनको स्पर्शमा रापिएकी थिएँ, त्यसैले म मदहोस थिएँ, बेहोस थिएँ । आतुर थिएँ म उनलाई सधैँ आफ्नो भनेर पाउन, सधैँ उनको न्यानो अँगालोले आफूलाई सेक्न चाहन्थेँ । हो यही न्यानो खोज्नु नै मेरो एक भूल थियो । जसको कारणले म हिँउजस्तो कठोर मनहरूमा ठोकिएर तुसारोजस्तै जम्दै, पग्लँदै गर्नु मेरो नियति बन्यो । त्यो दिन पनि आयो जब म आफ्नै जिउँदो लासको मलामी गएकी थिएँ ।

•

उनीसँग साथै हिँड्दै थिएँ तर खोइ, किनकिन मनभित्र उमङ्ग थिएन । मनभित्र भगवान्‌को वास हुन्छ भन्छन्, सायद यही कारणले मेरो मनले छनक पाइसकेको थियो, मेरो सङ्घर्षको यात्रा सुरु भयो भनेर । हामी गाउँ छाडेर उनको तराईमा भएको घर जो अलिक गाउँमा थियो, त्यही पुग्यौँ । त्यो घरमा उनकी फुपू बस्नुहुन्थ्यो ।

उहाँले लोग्नेसँग सम्बन्धविच्छेद गर्नुभएको थियो । तराईमा भएको उनीहरूको सम्पत्तिको हेरविचार गर्नुहुन्थ्यो । उनीहरूको संस्कारअनुसार म उनको घरकी बुहारी बनेँ । मेरो सिउँदोमा रातो सिन्दूरको धर्का कोरियो । तर सबै जीवनका रङ सुकेर रङ्गहीन भइसकेको रहेछ । म भने नयाँ संसारमा रोमाञ्चित थिएँ ।

उनी केही दिन बसेर मलाई छोडी पहाड फर्किए । उनले म सबै कुरा छिनोफानो गर्छु, कुनै चिन्ता नगर्नू, म तिमीसिवाय कसैलाई रोज्दिनँ भने । यही आश्वासनभित्र जीवन खोजेँ, खुसी भेटेँ र सुखद भविष्यको सुमानी यादमा डुबुल्की मारिरहेँ । उनी जाँदा आँसु झऱ्यो । छिट्टै फर्किने बाचा गर्दै उनी बाटो लागे, मेरो गालामा चुम्बन गरेर । मैले त्यही स्पर्श मुटुमा सजाएँ, मुख धुन पनि मन लागेन । मुख धुँदा उनले चुमेको डोब मेटिन्छ जस्तो लाग्यो मलाई, त्यही गाला सुमसुम्याएँ । उनीसँगै अँगालिएको महसुस गरेँ मैले । एक-दुई गरेर दिनहरू बित्दै गए । उनको प्रतीक्षामा आँखा पर्खिरहे मन आत्तिरह्यो मेरो तर उनी मेरा सामु देखा परेनन् । बाइस दिनसम्म पनि केही खबर आएन, चिठीपत्र आएन । म झस्कन थालेँ, शङ्का लाग्यो । फुपूसासूले जेठी छोड्छु भन्थ्यो, त्यसैमा अल्झेको होला भनेर सान्त्वना दिनुहुन्थ्यो र भन्नुहुन्थ्यो, 'मेरो भदो मर्द रैछ ल्यायो अर्को बुहारी, कसरी चल्छ ऊसँग जिन्दगी, सधैँ रक्सी पिउने बानी, बालबच्चाको बिजोग' भनेर जेठीको अवगुण कोट्टयाउनु हुन्थ्यो । म सुन्ने मात्र गर्थें, उहाँको कुराले केही आश्वस्त हुन्थेँ ।

यसरी रातदिनको मेरो प्रतीक्षाको घडी समाप्त भयो । उनी आवाज सुनाउँदै आए, मेरो बहार फर्कियो । उमङ्गले बुर्लुक्कै उफ्रिएँ म । फुपूसँग भलाकुसारी गरेर कोठामा छिऱ्यौँ । उनको अँगालोभित्र सबै मनको गुनासो, आशङ्का न्यून बनेर सेलाए मेरा । मैले गाउँको खबर कोट्टयाएँ, घरको हाल केलाएँ र थाहा पाएँ मेरो सपनाभरि पहिरो गयो । मेरो उमङ्गभरि असिना दर्कियो र सुइरोले

घोच्यो मुटुभरि चसक्कचसक्क गरेर । जब थाहा पाएँ, मैले उनकी दोस्री श्रीमतीको दर्जा पाएँ भनेर । बालबच्चासँग छुटेर बस्ने होइन, यसको चाला यस्तै हो, सधैं नशामा डुब्ने, दोस्रीले बालबच्चा हुर्काउँछे भन्ने जेठीको माइतीको निर्णय भयो भनेर सुनाए उनले । मैले महसुस गरेँ, म छलिएँ, म ठगिएँ । जीवनभर सौतामाथि गएको कलङ्कको टीका लगाउने भएँ । मेरो मखमलीको टीका फुल्ने निधार, एक्कासि लाग्यो म लालीगुराँसबाट पलाँसको फूल बनें । अब मेरो जीवनको रङ सिद्धियो भन्ने महसुस भयो मलाई ।

वास्तवमा उनले ठिकै निर्णय गरेका थिए । छोराछोरीको आमा छुट्टिनै मानिन, मैले पाप गर्न सकिनँ भन्दै थिए । उनी आफ्नो कतर्व्यमा एकदमै खरो उत्रिएका थिए मेरो विश्वासमा आगोको झिल्का सल्काएर, भावनामा चोट पारेर र मेरो स्वतन्त्रतालाई पिँजडामा कैद गरेर । उनीहरूको सम्झौतामा मेरो जीवन दनदनी जलेर राख भएको थियो । किनकि उनीहरूको बीचको न्यानो सम्बन्ध भत्काएर म कहिल्यै यो कदम उठाएर भङ्गालोमा खसाल्ने थिइनँ आफ्नो जीवन । सानो उमेर भए पनि बढी नै परिपक्व थिएँ क्यारे । दोस्री बन्नु छैन नि मलाई, सौतामाथि गएको आरोप भोग्न मन्जुर थिएन मलाई, आफ्नो खुसी बेच्नु पनि थिएन र अर्काको खुसीमा आगो झोस्न पनि मन्जुर थिएन मलाई ।

तर म कहिल्यै सच्याउन नमिल्ने गरी छलिएकी थिएँ । भूल सच्याउन समयले बाटो काटिसकेको थियो, मेरो स्वच्छन्द बनेर उड्ने रहरहरू खोसिएका थिए मबाट । अब उनी पहाड र तराई गर्थे ।  मनभित्र तकवितर्क चल्थे । अन्धकार भविष्यले तर्साउथ्यो मलाई । एक्लै छटपटाउँथें । कहाँ उनको अँगालोको राप खोज्दै म भङ्गालोमा मै खस्न पुगें भन्ने लाग्थ्यो । गुनासोका तानाबाना बुन्थें एक्लो हुँदा, जब उनी देखिन्थे, सबै गुनासो हराउँथे ।

•

यसैबीचमा म काँचो उमेरमै छोरीकी आमा बनेँ । मेरी छोरी निकै सुन्दर र उज्याली थिइन् । उनको मुहार र शरीरको उज्यालोसँगै मेरा अँध्यारा रातजस्ता जीवनका घुम्ती सुकसुकाउँदै काट्न अलिक सजिलो भयो मलाई । कहिलेकाहीँ भोगाइ, दुखाइलाई फुर्क्याउँछु । छोराछोरीको अगाडि चन्द्रमाको उज्यालो पोखिएका जस्ता चम्किला मेरा अनुहार मलिन हुँदै जान्छन् । उज्यालोले चन्द्रमालाई बादलले ढाक्न खोजेको जस्तो महसुस हुन्छ र प्रसङ्ग बदल्न पुग्छु । साँच्चि छोराछोरीको अनुहार पूर्णिमाको जूनले भरिएको जस्तो लाग्छ मलाई । यही उज्यालो, यही रापमा मैले आफ्ना गुमेका खुसी नियालेर बाँचेँ । मेरो विश्वासको पर्खाल गर्ल्याम्मै ढलेको थियो । जसमा च्यापिएर कुँजी भएकी थिएँ म, उड्ने पखेटा काटिएका थिए मेरा, रङ्गहीन जीवनका सुस्केरा मात्र बाँकी थिए मसँग अब !

छोरी जन्मिएपछि मुमाबुबाको मन पगाल्न मुमा म धेरै बिरामी छु बाँच्दिनँ होला भनेर पत्र लेखेँ । आमाको मन, पत्र हात पर्नासाथ हिँड्नु भएछ, आइपुग्नुभयो मुमा । मैले मुमालाई अँगालो मार्न खोजेँ रुँदै, उहाँले धकेल्नुभयो । 'न छो मलाई, इज्जत भुइँमा गाडेर गहतको झोलमा डुबिस्' भन्नुभयो ।

मैले पच्चीस वर्षअगाडिको जातीय विभेदलाई अन्त्य गर्दै अन्तरजातीय विवाह गरेकी थिएँ । मुमाले धकेल्दा म भित्तामा ठोक्किएँ । उहाँ रिस र आवेशमा तेरी छोरीले तैले भन्दा बढ्ता गरोस्, तैंले जे गरिस्, हाम्रो इज्जत बगाएर गरिस् त्यसको बदला लिन छोरी नै जन्मी तेरो पनि भन्दै हुनुहुन्थ्यो उहाँ । मुमाका बोलीले म खुबै दुखेँ । किनकि म भाग्यले वा विवशताले छलिएकी थिएँ । तर यस्तो किसिमको छल मेरी छोरीले कहिल्यै भोग्नु नपरोस् भन्ने सोच्दै छोरीतिर पुलुक्क हेरेँ, उनी झोलुङ्गामा सुतिरहेकी थिइन् । उनका कोमल हातपाउ हेरेँ, अबोध चेहरा चिहाएँ र कान छोपेर चिच्च्याएँ, 'मुमा यस्तो नभन्नुस् जे भोग्नुपरे पनि मैले नै भोग्नुपरोस् ।

मेरी छोरीलाई फूलको धारले पनि कहिल्यै नरेटोस् ।' मुमा बोल्नुभयो, 'मलाई कस्तो भयो होला तेरो यत्रो कदमले ? पाँचपाँच छोराछोरी मरेपछि बल्लबल्ल बाँचेकी, कत्रो आशा थियो हामीलाई तँबाट, सबै खरानी पारिस् ।'

मभन्दा माथि दुई दाजुहरू हुनुहुथ्यो । मभन्दा बाह्र वर्ष र आठ वर्ष जेठा र एउटी बहिनी थिइन् दुई वर्ष कान्छी । ठिकै हो मुमाले भनेको । मुमाले मेरो बिहेका लागि वर खोजिसक्नुभएको थियो । मेरो मगनी भइसकेको थियो । कलिलो उमेर यत्रो भूल र त्यो भूलसँगै कसरी जीवन गुजार्छे भन्ने चिन्ता थियो मुमालाई । मुमाले छोरी हेर्न खोज्नुभयो । उहाँले एक्कासि नाकमुक खुम्च्याउनुभयो र तँजस्ती छैन नि ! भनेर छोरीलाई अलि पर हुत्याउनुभयो । मेरी निदाएकी छोरी ऋसङ्ग भइन् । मेरो मुटु चसक्क दुख्यो । मुमा मेरो श्रीमान्सँग बोल्नु पनि भएन । नबोलेरै एक दिन मात्र बसेर मुमा घर फर्कनुभयो ।

तीन महिनापछि म छोरी लिएर पहाडको मूल घर जानका लागि एक जना आफन्त र छोरी बोक्ने भरियासँग हिँडें । मलाई घर पुऱ्याउनका लागि एक आफन्त पठाए उनले तर उनी आएनन् । मेरो प्रतीक्षाभरि तुवाँलो लाग्यो । म गह्रुगो मन लिएर दुलाहाबिना नै मूल घर भित्रन जाँदै थिएँ । यो मेरो जीवनको सबैभन्दा उराठ र कहालीलाग्दो एक्लो यात्रा थियो । मलाई दुलाहासँगसँगै हिँड्ने अधिकार पनि थिएन, किनभने म दोस्री थिएँ । बाटोभरि मेरो मन भत्किरह्यो, मेरो भावना जलिरह्यो । मनभित्रको आँधीबेहरीसँग मेरा गह्रुँगा लक्ष्यहीन पाइला अगाडि बढिरह्यो एक तमाससँग । हिँड्दै जाँदा बाटोमा रात पऱ्यो, बास माग्यौँ । सानो नानी रहेछ पिसाब फेर्ला भन्दै थिए । 'होइन हाम्रो आफ्नो कपडा छ' मैले भनें । मलाई लिन गएका आफन्तले भाले पाइन्छ भनेर सोधे । घरबेटीले छैन भाले हामीलाई नै चाहिन्छ भने । त्यसपछि हामीलाई बास बस्न दिए । छेउमा अगेनामा आगो बलेको थियो । असोजको

महिना जाडो सुरु भइसकेको थियो । छोरीलाई तेल दल्न मैले काखमा लिएँ । घरबेटी अधबैंसे आइमाई हुनुहुन्थ्यो । उहाँले भन्नुभयो, 'आफैं बालक छौ, नानी पाएकी छौ ।' म हाँसें मात्र केही बोलिनँ । फेरि आफैं सोध्नुभयो, 'तिमी त बजारका जस्तै देखिन्छौ । गाउँ कतातिर जाँदै छौ ?' मैले सबै बेलीविस्तार लगाएँ । जसै मैले बोले उहाँले मेरो काखबाट छोरी आफ्नो काखमा लिनुभयो र मैले राखेकी रहिछु, मेरी बुहारी र नातिनीलाई भेट गर्न भन्दै छोरीलाई आफैं तेल दल्न थाल्नुभयो । उहाँले कम्बल बिच्छ्याइदिनुभयो । मेरी नातिनीले पिसाब फेरे मलाई चिनो हुन्छ भन्दै घरमा भएको कुखुरा काटेर खुवाउनुभयो । त्यसपछि फेरि  भन्नुभयो, 'सुत्केरी बुहारीलाई तातो झोल खुवायौं भने मेरी नातिनीलाई पेटभरि खान दूध आउँछ ।'

मैले पछि थाहा पाएँ उहाँ मेरी सासूको मितिनी हुनुहुँदो रहेछ । कस्तो आत्मीयता, कस्तो निश्चल माया । उहाँको आत्मीयता र न्यानो मायाले कोही लिन नआएको पीर केही पुरिएको जस्तो लाग्यो । मितिनी सासूको न्यानो मायाभित्र जीवनयात्राका केही क्षणहरूलाई घुसारेँ । हिँडेको थकाइ र बिझेको दुखाइ अलिक कम भएजस्तो लाग्यो मलाई ।

भोलिपल्ट बिहान बिदावारी भएर हामी बाटो लाग्यौँ । मन एकोहोरो सोचिरहन्छ । पाइला चलिरहेकै छन् । सोच्छु, उनी मसँग किन यति धेरै अघाए ? उनका लागि किन यतिविधि वितृष्णाको वस्तु भएँ म ? यस्तैयस्तै सोच्दै अझै व्यथामा जल्दै पाइला बढाइरहेँ । बाटोमा मान्छे देख्दा झस्कन्थेँ, कतै आधा बाटोमा लिन पो आए कि ! हरघुम्ती काट्दा उनीसँग जम्काभेट हुन्छ कि भन्ने आशा गर्दागर्दै नै मेरो गन्तव्य सिद्धियो; घर आइपुग्यो ।

उनी साथीभाइहरूसँग क्यारेमबोर्ड खेल्दै थिए । माथि हो कोठा भन्दै देखाए । छोरी दूध चुस्न आत्तिएकी थिइन । कोठामा पुगेर

छोरीलाई भरियाको डोकोबाट झिकेर दूध चुसाउन थालेँ । वरिपरि छरछिमेकी आउँदै थिए, म भने उनको प्रतीक्षामा थिएँ । आउलान् छोरी मुसार्लान्, मलाई मीठो मुस्कान छाड्दै पुलुक्क हेर्लान् भन्ने आशा थियो तर मेरो आशामा पानी दर्कियो । उनी आउन धेरै ढिला गरे । मन गलेर फत्रक्क भयो । उनी नआउनु पनि स्वाभाविकै थियो । उनका मजस्ती स्वास्नी र मैले पाएका जस्ता छोराछोरी पहिल्यै थिए । म पो उनीप्रति आशक्ति थिएँ, जहाँ आशा पालेर उनलाई कुर्दै थिएँ ।

दुई-तीन घण्टापछि उनी आए । अर्को घरमा भान्सा थियो । हामी भान्सामा गयौँ । सासूससुरालाई ढोगेँ मैले । ससुरा मेरा लागि पहिले नै चिनेको मान्छे हुनुहुन्थ्यो । उहाँ त्यस ठाउँको प्रतिष्ठित व्यक्ति हुनुहुन्थ्यो । उहाँले मलाई अत्यन्त सरल र भद्र, मीठो व्यवहार गर्नुभयो । सासूले मलाई टुलुटुलु हेर्नुभयो र उनीसँग भन्नुभयो, 'उमेर सानो पो रैछ जेठा ! तँभन्दा कति कान्छी हो ?' उनले भने, 'यस्तै पन्ध्र-सोह्र वर्ष कान्छी होली ।'

अर्को दिन हामी आएको खुसीमा राँगा र खसी काटिए । मान्यजनबाट टीका लगाइयो । त्यसै बेला बजैसासू (ससुराकी आमा) ले मलाई भन्नुभयो, 'यस्तो उमेरमा ठूलै भूल गरेछौ बा ! तिम्रो काँचो उमेरले गरेको भूल हो यो । मुख निचोर्दा दूध झर्ला जस्तो छ । तिमी बस्दैनौ क्यारे । तर तिम्रो कर्म थाहा भैगो । सकेसम्म छोरीका लागि आफूलाई सम्हालेर, समेटेर बसे ।' उहाँले फेरि उनीतिर फर्किएर पनि भन्नुभयो, 'जेठा नाति ! यसको आँसु खस्न नदिनू । यसको आँसुले तलाई पोल्छ ।' उनीजस्तो ढुङ्गाको मन भएकालाई केको आँसुले पोल्थ्यो ? आगोले त पगाल्न कति गाह्रो छ । म जीवनमा पीडाहरूले घोचेर घायल बन्दा मैले यिनै वचन सम्झेर आफूलाई पीडाबाट बिउँझाएँ ।

म तीन महिना घरमा बसेँ । सकेको सबै काम सघाएँ सासूससुरालाई । उहाँहरूले अत्यन्तै आत्मीय व्यवहार देखाउनुभयो । नातिनीलाई भुइँमा सुत्नै दिनु भएन । त्यसैले ऊ काखे भएकी थिई । ससुराले मेरी छोरीलाई बोकेर डुलाउँदा छरछिमेकीले छोराछोरी त बोक्नु भएन नातिनी त एकछिन् पनि छोड्नु हुन्न भन्न थालेका थिए । यस्तै रहेछ साउँको भन्दा ब्याजको माया भनेर उहाँ जबाफ दिनुहुन्थ्यो ।

•

यसबीचमा उनी प्राय सदरमुकाममै बस्थे । जहाँ उनको एउटा घर, परिवारहरू, स्वास्नी, छोराछोरी, स्कुल र मेरो माइती थियो । आफ्नो भविष्य अन्धकार देख्थेँ म । अब जीवनमा कुनै उमङ्ग थिएन । मेरा सपना मुर्झाउने मात्र नभएर जलेर खरानीको थुप्रा बनिसकेका थिए । एक जिउँदो लास थिएँ म । रहरसँगै मेरो भोक पनि मरिसकेका थिए तर पनि मैले खानै पर्थ्यो । किनभने मैले बाच्नैपर्ने थियो, मेरी छोरीलाई दूध चुसाउन । सासूससुराले देखाएको आत्मीय व्यवहारले टुक्राटुक्रा बनेर टुक्रिएको मन अलि सम्हालिन्थ्यो । त्यस गाउँमा मैले लोग्नेमान्छेका धेरैजसो दुई श्रीमती देखेँ । यसरी दुईवटी स्वास्नी हुनु सामान्य र स्वाभाविक मानिन्थ्यो त्यहाँ । जेठी घरमा र दोस्री गोठमा गाईभैँसीसँग बस्ता रहेछन् । ठिकै पनि हो अर्काको लोग्नेसँग सौतामाथि आउने त गोठमै बस्नुपर्छ किनकि यो आफैँमा एक महिलाले अर्की महिलामाथि गरेको अन्याय थियो, सजाय थियो । तर थाहा छैन सजाय भोग्ने दोस्री कति सानो उमेरमा मजस्तै छलिएका थिए, ढाँटिएका थिए । मैले मेरो नियति र त्यस गाउँको चलनअनुसार अब गोठाल्नी बन्नुपर्ने निश्चित थियो । फरक यत्ति थियो कि गाईबाखा वा बालबच्चाको ? पच्चीस वर्षअगाडि स्कुल सिद्धिने पढाइ छोरीहरूका लागि धेरै मानिन्थ्यो, त्यसैले म शिक्षित मानिने भएँ त्यस जमानामा ।

एक दिन घरमा मकै भाँच्ने र बारीबाट घरमा ओसार्ने काम हुँदै थियो । म खाना पकाउँदै छोरी हेर्दै थिएँ । सासूससुरा पनि खेतालासँगै मकै ओसार्दै हुनुहुन्थ्यो । ससुरा मकै बोकेर आउनुभयो र मतिर हेर्दै भन्नुभयो, 'बुहारी सानो डोको बोकेर मकै ओसार्न जाऊ, काम सिक्दै गर अब ।' 'हवस्' भन्दै डोको टिपेर म घरबाट निस्किएँ । सासू पनि मकै बोकेर फर्कंदै हुनुहुन्थ्यो । सासूले मलाई सिँढीमा भेट्नुभयो र सोध्नुभयो, 'कहाँ जान थालिस् ?' मैले मकै बोक्न भनें । सासूले मेरो हातबाट डोको खोस्नुभयो । त्यति बेलै ससुरा नातिनी बोकेर बाहिर निस्किनुभयो । काम सिक्ली भनेर मैले जा भनेको भनेर ससुराले सासूलाई जबाफ दिनुभयो । सासू अलिक रिसाएर 'यो पढेलेखेकी; कहिल्यै काम नगरेकी; रमाएर, नाचेर खाएकी केटी हो । अझ घरभित्रका सारा काम यसले आफैं गर्छे । तिमी बूढालाई के भारी बोकाउनुपऱ्यो ? मेरी बुहारीले स्कुल चलाउँछे, घरका मान्छे नभएर स्कुल अलपत्र भएको छ ।' उहाँले थप्दै जानुभयो, 'यसकी सौता गाँउमा काम गरेर खाएकीले त कति सताई ? उसले खाएको थाल त पखाल्दिन थिई । दाउरा लिन पठाउँदा सल्लाको बोक्रा ल्याएर मेरो मेख मार्थी, यसले त सबै आफैं गर्छे ।'

यसबाट जेठीको स्वभाव सासूससुरालाई मन परेको रहेनछ भन्ने बुझें मैले । मेरा सप्तरङ्गी सपना पतझर बनेर झरिसकेका थिए । सासूससुराको आत्मीयताले उनको तिरस्कारलाई अलि मत्थर पार्ने कोसिस गर्थें म । उनको के बिगारेकी थिएँ मैले ? उनीप्रति कहाँनिर गल्ती भयो मबाट ? निश्चल मनले गरेको प्रेमको प्रतिउत्तरलाई उनले उपेक्षा गरेका थिए ? मनभरि म यस्तै कुरा खेलाउँथें । तीन महिना घरमा बसेर म फेरि हिडें सदरमुकाम । जहाँ उनको एउटा घरमा स्वास्नी, छोराछोरी र उनी बस्थे । त्यहाँ उनको स्कुल पनि थियो र मेरो माइती पनि नजिकै पर्थ्यो ।

म फेरि हिँड्दै थिएँ । मनभित्र भावना तँछाडमछाड गरेर निस्कन्थे । म कसरी सामना गरुँला मान्छेहरूको ? मैले अन्जानमा भूल गरेर आफ्नो परिचय नै बदलिसकेकी थिएँ । यस्तै पीडाले बाटोभरि मन च्यातिरह्यो । रात परोस् त्यहाँ पुग्दासम्म भन्ने कामना गर्दै आएँ । तर रात परेन । सबेरै म पुगेँ । मलाई नयाँ रूपरङमा सबैले चियाए । मैले आँखा जुधाउन सकिनँ कसैसँग पनि । कसैले खासखुस गरे, कसैले आँखा तरे । कसैले उमेर नपुग्दै फस्न पुगी बिचरी, कसैले कसरी सामना गर्ली भन्दै थिए ।

समाजमा हरेकको उदाहरण, आशाको केन्द्र आज म कसैको घृणा र कसैको सहानुभूतिको पात्र बन्दै छु । चल्दै गरेको खुट्टा फत्रक्कै गल्छन् मेरा । छोरी भनेको यस्तै हुनुपर्छ भनेर औँल्याउने औँलाहरू, यस्तै बन्लिस् तँ पनि भनेर छोरीहरूलाई हप्काउने बनेँ म हेर्दाहेर्दै ।

धिक्कार लाग्थ्यो मलाई मेरो जीवन; आफैँलाई घृणा लाग्थ्यो । सिध्याऊँ कि आफैँलाई भन्ने भावनाले जन्म लिन्थ्यो बेलाबेलामा । तर मेरो काखमा भएकी अबोध छोरीको चिन्ताले मन भिजेर आउँथ्यो । कहिलेकाहीँ म आफ्नै कोखलाई सराप्थेँ । बाँझी भएकी भए पनि त हुन्थ्यो भनेर भगवान्सँग बारम्बार गुनासो गर्थें । मनमनै म भन्थेँ, 'ईश्वर तिमीले मेरो कोख भरिदिएर गल्ती गर्‍यौ, एक्लै भएको भए कमसेकम म मर्न त सक्थेँ, म यो तिरस्कारले घेरिएको जीवनको बोझ कसरी उतारूँ ।'

सदरमुकाम आउँदै गर्दा दोबाटो आयो; एउटा उनको घर पुग्ने र अर्को स्कुल पुग्ने । उनले तिमी स्कुल जाऊ, कोठा तयार छ भने र अरू केही नबोली आफू घरको बाटो लागे । म एक्लै छोरीसँग स्कुल पुगेँ । साना बच्चाबच्ची मलाई हेर्दै थिए, नयाँ रूपमा ती बच्चाहरूले पहिले पनि देख्ने गर्थे । किनकि मेरो माइती जाने बाटो त्यही स्कुलको छेउबाट थियो । मुर्झाएको मेरो रङ, खोसिएको खुसी, उदास चेहरा देखेर दङ्ग पर्दै थिए, सायद चिनेनन् कि ?

चिसो मुटु लिएर छोरी च्याप्दै कोठामा छिरें म । नमीठो गन्ध र रिक्तताले स्वागत गऱ्यो मलाई । मन भित्रैदेखि भाँचियो, जल्यो ।

•

एक-दुई वर्षभित्रै कति परिवर्तनले छोएको थियो जीवनलाई । अब ममा न प्रतिभा थियो, न त्यो रूप थियो, न चञ्चलता, न त कसैको प्रशंसा, न त उनी नै नजिक थिए मेरो । न त मेरो आफन्त नै कोही थिए । कस्तो एकै पलमा बिरानियो मेरो जिन्दगी । मेरो जीवन त भत्किएको भग्नावशेष बनेर छितरियो, पोखियो ।

म जहाँ बसेकी थिएँ, त्यो उनको आफैंले स्थापना गरेको स्कुल थियो । चार वर्षअगाडि विद्यार्थी चालीस-पचास जना थिए । होस्टेल पनि थियो जसमा पन्ध्र जना विद्यार्थी थिए । चार-पाँच जना बाहिरका बाँकी सबै आफन्त थिए । छवटा बच्चाहरू उनका आफ्नै छोराछोरी थिए । म पनि दोस्री गोठाल्नी नै भएँ बालबच्चाहरूको । उनको गाउँमा मैले दोस्री गोठाल्नी हुँदा देखेकी थिएँ । यो सजाय ठिकै पनि थियो, दोस्री बन्नेलाई पहिलीको खुसी खोस्न खोज्नेलाई ।

मलाई पनि प्रायश्चित गर्न मन लाग्यो । सङ्कल्प गरें स्कुल सम्हाल्छु, स्याहार नपाएका सौताका छोराछोरी सम्हाल्छु । म सौताको नशाको लतका कारणले आएकी थिएँ उनीसँग ।

स्कुलमा छोरीसँग चिसा रात बित्न सुरु भयो र पढाउने काम पनि सुरु भयो मेरो । उनी कहिलेकाहीँ एकैछिन झुल्कन्थे । केही कामका आदेश दिन्थे । कठोर स्वभावका भएका थिए उनी । बितेका तीन वर्ष उनले दिएको माया मलाई मैले देखेको झूटो सपना हो कि जस्तो लाग्न थाल्यो । तीन वर्षको पिरतीको गाँठो कसिलो पार्दै जाँदा उनले उनी एक स्वास्नीका लोग्ने हुन् र बालबच्चाका पिता हुन् भन्ने मलाई कहिल्यै महसुस गराएनन् । नत्र म आज किन विरहमा जल्न र विवशता पिउन उनको पछि लाग्थैं ?

उनी जिम्मेवार बाबुले बोल्ने शब्दहरू बोल्थे र भन्थे, 'मेरा सोचेका भन्दा राम्रा छोराछोरी छन् । मेरा जस्ता छोराछोरी कसैले जन्माएका छैनन् यस ठाउँमा । उनीहरूको राम्रोसँग ख्याल गर्ने; सम्पूर्ण हेरविचार गर्ने, लुगाफाटो, नुहाइधुवाइ गरिदिनू । यो स्कुल मेरा बच्चाबच्चीका लागि खुलेको हो । मेरो नजरमा मेरा बच्चाभन्दा अरू कोही महत्त्वको विषय हुन सक्दैन । मलाई गर्ने माया मेरा बच्चालाई गर र मलाई पर्खने समय स्कुललाई दिनू ।' मैले बुझें, छोराछोरी र स्कुलका लागि म गतिली गोठाल्नी भएँ । उनकी जेठी छोरीभन्दा म पाँच-छ वर्षजतिले जेठी थिएँ । उनका सबै छोराछोरी एकएक वर्षको फरकमा जन्मिएका थिए । म स्कुलमा आएको महिनौँ भइसकेको थियो ।

माइतीतर्फ मसँग सबै रिसाएका थिए । महिनौँपछि मलाई र छोरीलाई बोलाए । काँपेका खुट्टा टेक्दै ओर्लिएँ । मनभरि निरास, हताश र दु:खका पहाड बोक्दै जब म माइत पुगेँ । बाबालाई देख्नासाथ मेरा आँसुका धारा बगे । बाबा पनि रुनुभयो र रुँदै भन्नुभयो, 'मेरी छोरी त्यस्ति होइन । उसको कर्म खोटो रैछ के गर्ने ।'

सामान्य कुराकानीपछि छोरी बोकेर म फर्किएँ । किनकि अब मसँग स्कुलको जिम्मेवारी पनि थियो । फेरि माइतीमा कसैले रोक्न पनि खोजेनन् । त्यो मेरो कर्मको फल थियो । सिउँदोमा सिन्दूर थियो । तर म नितान्त एक्ली थिएँ । ओछ्यानमा छोरीसँग पल्टन्थेँ । तर्कवितर्क चल्थे मेरा मनभरि । रात अनकन्टार र कहालीलाग्दा लाग्थेँ मलाई । सबैको तिरस्कारले रुझेको मेरो शरीर सुकेर कङ्काल भएको थियो । हरारात र दिन उनी आउँछन् कि भन्ने प्रतीक्षामा बित्थे मेरा । मसँग आफ्नो कर्तव्य पनि सँगै थियो । प्रतीक्षामा रात बित्थे, दिन ढल्कन्थे, अँध्यारो छाउँथ्यो । छोरी सुतेपछि बार्दलीमा बसेर उनको बाटो हेर्थें आधा रातसम्म; त्यो

अँध्यारो रात झ्याउकीरीको आवाजसँग गाढा हुँदै जान्थ्यो तर उनी आँउदैनथे । मेरा अत्यन्तै थकित आँखाबाट आँसु छ्चल्किन्थे र आँसुले मन पखाल्दै भित्र पर्थें । उनको आफ्नो छुट्टै संसार छँदै थियो । कसैसँग केही गुनासो गरिनँ मैले । आफ्नो भाग्यको खेल वा नियति मानेर मनलाई सम्झाएँ । तर, मन यति सजिलै कसरी मान्थ्यो ? तर्कवितर्क भविष्यका अनकन्टार यात्रा सम्झँदै, झस्कँदै गर्थें म । मैले आफैँले गरेको गल्तीको सजाय भोग्दै थिएँ । मेरो आफ्नै माया आफैँलाई रूखो हावा बनेर मेरो हृदयलाई घोच्दै थियो । ठाउँ राखेकी पनि थिइनँ मैले कसैसँग गुनासो गर्नलाई ।

•

नशाले मातेकी सौताले देख्नेबित्तिकै हात हाल्ने, छाडा शब्द प्रहार गर्ने यो नियति बनिसकेको थियो । म फोहर रछ्यान बनिसकेकी थिएँ । जसले जे फाले पनि हुने, जे भने पनि हुने, जसले कुल्चे पनि हुने । बेलाबेलामा विछिप्त बन्थेँ म ।

यसै क्रममा मैले गरेको गल्तीको सजाय मेरी बहिनीलाई दिइयो । नौ कक्षामा पढ्दापढ्दैकी मेरी बहिनीलाई आफ्नै जातसँग लगनगाँठो कसिदिए । मेरो विरोधको कुनै अर्थ थिएन । झिनो आवाज उठाएँ । अनि 'किन आफूजस्तै बनाउन ?' भन्ने जबाफ पाएँ । ठिकै पनि हो मैले गरेको गल्ती क्षम्य थिएन । त्यसैले त मैले एक तमासले सजाय भोगिरहेँ । क्षतविक्षत भइरहेँ र मुर्दा बनेको चाहनासँग बग्दैबग्दै जीवन बेहोरिरहेँ । योभन्दा ठूलो सजाय के हुन्छ ? गुलाबको फूललाई पाउमुनि कुल्चँदा फूलले भोगेको पीडा, दुखाइ र आर्तनाद कुल्चनेलाई के थाहा हुन्छ र ? कुल्चनेले त फूलको सुन्दरता भत्किएको, च्यातिएकोमा नै आफूलाई गौरव गर्छ । किनकि फूल कुल्चने पापी र निष्ठुरी हुन्छ, म यस्तै सोच्थेँ ।

मेरा हरप्रहर सुस्केरासँगै बित्न थाले । म एक्लै थिएँ । हुन त विद्यार्थी थिए, होस्टेल थियो, काखमा छोरी थिई तर पनि मेरो मन

रित्तो थियो, जोवन रित्तो थियो र आँखा रित्ता थिए । हेर्दाहेर्दै आँखामा नाच्ने सप्तरङ्गी सपना जलेर खाक भइसकेका थिए मेरा । सधैँ घरपरिवार, छरछिमेकी, आफन्त र समाजकै मायामा बाँच्ने बानी परेको जीवन बाँझो पखेरी बनेको थियो र मूल्यहीन बनेर अगाडि उभिएको थियो ।

दसैँ आयो; बहिनीज्वाइँ आए । उनीहरू टीका थाप्न माइती टोलभरि हिँडे । खुसी लाग्यो, बहिनीज्वाइँको खुसीमा । तर म त एक्लै भएँ । टीका लगाइदिन उनी आएनन् । बस् नैराश्यता, रिक्तता आयो । हरेक चाडपर्व मेरा लागि यातना बनेर आए । म सबैबाट एक्ली थिएँ ।

एक्लै बस्दाबस्दै गह भरिन्थे र छचल्किन्थे । छोरी हिँड्ने भएकी थिई । ऊ फर्केर हेर्थी मलाई र आएर आँसु पुछिदिन्थी । मलाई लाग्थ्यो, उसले मम्मी मेरा लागि धैर्य बाँध भन्दै छे, सम्झाउँदै छे भनेर ।

मैले उनको प्रतीक्षा गर्नु बेकार थियो, तर मेरो मन मान्दैनथ्यो । म हरसमय पर्खिरहन्थेँ उनैलाई । रित्ता आशा बोकेर जीवन भोगाइका यातनापूर्ण दिनहरू लर्कँदै थिए । मलाई दिन र रात अत्यन्तै लामा लाग्थे । अरूले कति छोटा हिउँदका दिन भन्थे, कति छोटा गर्मीका रात भन्थे तर मेरा लागि हरदिन र रात अनकन्टार पहाडजस्ता लाग्थे । कहिल्यै पार गर्न सकिन्न कि जस्तो समय !

यसरी पतझर बनेको जिन्दगी घस्रिँदै जाँदा मलाई कसैले घृणाले चिहाए होलान्, कसैले मायाले चिहाए होलान् तर मैले कसैलाई हेर्ने हिम्मत गरिनँ । किनकि म रछ्यान बनिसकेकी थिएँ । भने हरनजरप्रति घृणा उठ्थ्यो । किनकि म यही नजरको बल्छीमा अल्झेर आज झिरले घोचेर झुन्डचाइएको माछाजस्तै छटपटाइरहेकी थिएँ । त्यसैले मलाई हरेक मान्छेहरूसँग वितृष्णा बढ्न थाल्यो ।

जीवनले इच्छा मार्दा रूखो बन्दै जाँदो रहेछ तन र मन पनि । कहिलेकाहीँका उनका रूखा अँगालो ऊर्को लाग्न थालेको थियो मलाई । सकेसम्म व्यस्त राख्ने कोसिस गर्थें, आफैँलाई । म बिस्तारै उनका बच्चाहरूसँग नजिक बन्दै गएँ । भावना जोडेँ र त्यतिखेर अलिक सहजजस्ता लाग्थे दुखाइ । अब म मात्र एउटी छोरीकी आमा थिइनँ । उनका आधा दर्जन बालबच्चाकी आमा र स्कुलकी मास्टरनी पनि थिएँ । होस्टेलमा पनि मैले नै रेखदेख गर्नुपर्ने हुन थाल्यो ।

सोच्नलाई फुर्सद नदिन आफूलाई कोसिस गरेँ । अब आफ्नो डिउटी र कर्तव्यसँग जोडेर गुमेको प्रतिष्ठा फेरि उकास्छु भन्ने मभित्र भावना सलबलाउन थाले । अलिअलि गरेर र मैले जति तिरस्कार भोगेकी थिएँ, तिरस्कार गर्नेहरूसँग आत्मसम्मान उठाएर जगाएर बाँच्छु भन्ने भाव पलाउँथ्यो कहिलेकाहीँ । उनीसँग मैले कुनै प्रकारको आशा गर्न नै छोडिसकेकी थिएँ ।

•

उनको सोच सौता देखेर जेठी सुध्रिन्छे र छोराछोरीले पालनपोषण गर्ने गतिली आमा पाउँछन् भन्ने थियो सायद ! नत्र लागू पदार्थ खाएर जीवन अगाडि लैजान गाह्रो भो भन्ने मान्छेले फेरि किन ऊसँग रातदिन बिताइरहेका थिए ?

उनकी स्वास्नीको स्वभावमा कुनै परिवर्तन थिएन । अब उनलाई स्वास्नीको पिउने बानीसँग पनि कुनै गुनासो थिएन क्यारे । मैले सजाय दिएँ, अर्की भित्र्याएँ जस्तो लाग्थ्यो होला उनलाई । आखिर उनी एक कर्तव्यनिष्ठ व्यक्ति निस्किए । मेरो जीवन पतझर बनाएर भए पनि उनले छोराछोरीका सुन्दर भविष्य खोजे । कान्छी ल्याएर जेठी लत्याउने कति हुन्छन् तर उनले डिभोर्स गर्नसमेत पाप जस्तो माने । मेरो जीवनमा आगो लगाएर, मेरा इच्छा धुजाधुजा बनाएर र मेरो रहरहरू जलाएर पनि उनले जसरी हुन्छ जेठी श्रीमती र छोराछोरीप्रतिको दायित्व बोध गहिरै गरेका थिए । म

स्कुलबाट बाहिर निस्कनै छोडेँ । सबैका तिरस्कारले भरिएको व्यवहार फेल्ने शक्ति थिएन ममा । फेरि सौताले देखिन् कि मैले कहिल्यै नसुनेका फोहोरी गालीले स्वागत गर्थिन् र रुम्टन आउँथिन् । त्यस समय जात्रा लाग्थ्यो मान्छेको रमिता हेर्न । जहाँ मेरो नृत्य हेर्न, वादविवाद, वक्तृत्वकला, हाजिरीजबाफमा दिएको जबाफ र मेरा जम्मा भएका पुरस्कार हेर्न जम्मा हुने भीड नै मेरो जीवनको तमासा हेर्न जम्मा हुन्थ्यो । यतिखेर मलाई यो धर्ती फाटोस् र म त्यही धर्तीको गर्भमा बिलाऊँ जस्तो लाग्थ्यो । बदनामीले छेदविच्छेद हुन्थे मेरा भावनाहरू । फेरि मलाई लाग्थ्यो उनलाई यी सबै अधिकार छ, किन म उनीमाथि भरपरेर आँखा चिम्लेर आएँ ?

उनले नशा पिए पनि मैले उनको लोग्नेको ठेक्का लिने के अधिकार थियो ? उनका क्रियाकलाप मेरा लागि जस्ता थिए, त्यो सजाय पनि कम हो भन्ने मलाई लाग्थ्यो । त्यसैले ओठ खोलेर कहिल्यै बोलिनँ म । तर त्यो मेरो विवशत, गिज्याउनेहरूको सामना गर्न गाह्रो हुन्थ्यो । अनि सिध्याउने सोच बनाउँथेँ आफैँलाई । फेरि सोच्थेँ, म त तिरस्कृत भएँभएँ मेरी छोरीलाई कसले सम्हाल्छ । मबिना उसको जीवनमा पनि अँध्यारो प्रवेश गर्छ । के गल्ती गरेकी थिई उसले मेरो कोखबाट जन्मेर ! यस्तै अन्तर्द्वन्द्व जन्मिन्थ्यो मेरा हृदयभरि ।

उनले 'मलाई गर्ने माया मेरा छोराछोरीलाई दिनू र मलाई कुर्ने समय स्कुललाई दिनू' भनेका थिए । त्यसैले मैले उनका छोराछोरीसँग आत्मीय सम्बन्ध गाँस्न थालेँ । उनको मायाले हो वा आफ्नो विवशता अहिलेसम्म बुझ्न सकेकी छैन मैले । मैले उनीहरूलाई आफ्नै मानेँ । म पनि उनीहरूसँगै बसेँ, सँगै खाएँ ।

पहिले पनि उनीसँग मेरो लोग्नेस्वास्नीको नाता नबन्दै उनका बच्चाबच्ची देख्दा माया लागेर आउँदथ्यो । मेरो उनका रगत भन्ने सोच्थेँ । घृणा र ईर्ष्या गरेको भए मैले यो बाटो हिँड्नुपर्ने थिएन

कि ? मैले यति धेरै दुख्नु र टुट्नुपर्ने थिएन कि । भावना चोइटिने अवसर मिल्दैनथ्यो कि मलाई ।

•

जतिखेर उनी मनमा बसे त्यतिखेरदेखि नै मैले मायाले हेर्न थालेँ, बुझ्न थालेँ । सायद कर्ममा उनीहरूकै गोठाल्नी भएर बस्नुपर्ने लेखेको थियो मलाई । त्यसैले पहिलेदेखि नै माया भरिएका नजरले हेर्न थालेँ कि ! अब मैले लालीगुराँसको गीत बिर्सिसकेकी थिएँ र आफैँलाई 'भार भयो आज आफ्नै जिन्दगी' भनेर गुनगुनाउन थालेँ । कहिलेकाहीँ बिदामा म गाउँको मूल घर जान थालेँ । यसै क्रममा एक पटक दसैँ, तिहारको बिदामा घर गएकी थिएँ । सासूससुराले देखाउनुभएको मायाले टुक्रिएको मेरो हृदयलाई केही राहत भएजस्तो लाग्थ्यो ।

उनले मेरो नाममा चिठी पठाए । बिहेपछिको उनको सायद पहिलो पत्र थियो मलाई लेखेको । आश्चर्य लाग्यो, खोलेर हेरेँ । नितान्त खुसी भएर लेखेका थिए । उनकी स्वास्नीले सातौँ बच्चा जन्माइछन् । उनले लेखेका थिए, 'हाम्रो छोरा भयो, तिम्री दिदी र छोराको स्वास्थ्य राम्रो छ ।' यही ढाँचा थियो पत्रको । फेरि लेखेका थिए, 'यही कारणले म काठमाडौँ जान रोकिएँ ।' मलाई दुःख लाग्नुपर्ने कारण थिएन । सबै छोराछोरी स्कुलमा मैले स्याहारेकी थिएँ, चार छोरी र दुई छोरा जेठीपट्टिका हुन् । एकाङ्की महसुस भयो होला र जन्माइन अर्को बच्चा भन्ने सोचेँ । त्यो बच्चा पनि तीन वर्षपछि मेरो जिम्मामा आउनेछ; पढाउने, हुर्काउने म छँदै थिएँ । उनको त्यो 'काठमाडौँ जान रोकिएँ' भन्ने शब्दले मलाई सुइरो रोपेको जस्तो भयो मुटुमा । किनकि मेरी छोरी जन्मने व्यथा लाग्दा उनी मलाई मभन्दा दुई वर्ष कान्छी बहिनी र एक आफन्तका साथ छोडेर समाजले मान्दैन भनेर निस्केका थिए ।

यतिखेर उनी काठमाडौँ गएनन् भन्दा समाज उनैको मात्र थियो या मेरो पनि थियो ? यही प्रश्न मनभरि दौडिरह्यो र सम्झन्छु, जुन छोरी जन्माउँदाको क्षणहरू, यातनापूर्ण सोचहरू दौडिरहे, मलाई टोकिरहे । छोरी प्रसुतिगृहमा जन्माएकी थिएँ मैले । मलाई हेर्ने दुईवटी नर्स थिए । एउटी नर्सले भनिन्, 'अङ्गको पूर्ण विकास नहुँदै जन्माएकी यी बच्ची' र अर्की नर्सले भनिन्, 'दुखाइ कति सहन सकेकी होली ।' तर म केही बोलिनँ । एउटीले फेरि आफैँ थपिन्, 'पहिलो बच्चा यति सानो उमेरमा पाएकी; यति राम्री केटीको भाग्य कस्तो ! सौते पोइ पाई, एक्लो लोग्ने भएको भए कति अँगालो मारेर व्यथा आफैँ सार्छु जस्तो गर्थ्यो होला । सौते पोइलाई के छ र स्वास्नी अर्की छँदै छे, छोराछोरी छँदै छन् ।' हो यही कारणले मलाई प्रसव वेदना न्यून लागेको थियो । तर मुटुभित्र लागेको ठूलै व्यथा... । त्यो व्यथा कयौँ गुणा चर्को थियो सुत्केरी व्यथाभन्दा । त्यसैले मुटुको चोट र दुखाइको अगाडि प्रसव वेदना कम दुखाइको थियो मेरा लागि ।

मान्छेको जब मुटुमा चोट पर्छ, लाग्छ त्यति नै तनमा लागेको चोटको पीडा कम हुँदो रहेछ । 'उः' सम्म नगरेर छोरी जन्माएँ । अनि उज्याली छोरीको अनुहारको चमकले जीवनका अँध्यारा सुरुङहरूमा यात्रा गर्न कस्सिएँ । अब त सोच्नु र दुख्नुभन्दा जीवनमा केही बाँकी नै थिएन ।

गाउँको घरबाट फर्किएँ । मेरा दिनचर्या सुरु भयो, स्कुल र होस्टेलका विद्यार्थी सम्हाल्नु थियो । छोरी बोक्थेँ, होस्टेलका बालबच्चाहरूका लागि खाना पकाउँथेँ, कहिले सहयोगी हुन्थे, कहिले एक्लै हुन्थेँ । दिउँसो पढाउन क्लास जान्थेँ । फेरि छोरी आफैँ बोकेर होस्टेलका बच्चाहरूका लुगा धुन्थेँ । पहिले पीडाका थुप्रा थिए, अब जिम्मेवारी र दायित्व पनि थपिन थाल्यो । अब आर्थिक अभावले पनि पिरोल्न थाले मलाई ।

स्कुलमा चालीस-पैँतालीस विद्यार्थी, होस्टेलमा पन्ध्र-बीस जनाको शुल्कबाट शिक्षकको तलब पुग्ने कुरै भएन । उनको कमाइ स्कुलमा लगानी गरेका थिए र बाँकी भएको जेठीको कब्जामा थियो । मसँग स्कुल, विद्यार्थी र सहकर्मी शिक्षकहरू मात्र थिए । शिक्षकलाई तलब र होस्टेलका विद्यार्थीको रासनले मलाई अत्यन्त तनाव बनाउँथ्यो । एक दिन चामल सिद्धियो । उनी थिएनन् जिल्लाबाहिर गएका थिए । पसलमा केही दिनका लागि चामल उधारो दिन आग्रह गरेँ । पसलेले दिन मानेन । म स्कुल फर्किएँ । बसेर रोइरहेकी थिएँ । एक त उधारो मागेर आफ्नो आत्मसम्मानमा आफैँ धक्का दिएको जस्तो भएको थियो । त्यसमाथि अझ पसलेले चामल नदिएपछि होस्टेलका बच्चालाई के खुवाउने ? यही विवशता आँसु बनेर झर्दै थिए मेरा । त्यति बेलै मुमा स्कुलमा आउनुभयो र रुनुको कारण मलाई सोध्नुभयो । मैले पसलेले चामल नदिएको कुरा खोलेँ । खूब रिसाएर भन्नुभयो, ‘अति ठूलो भाग खान्छु भनेर हामफालेकी, खा जीवनभर आँसु, न पोइ आफ्नो भयो । छोराछोरी जन्माउँदै छे उसकी स्वास्नी, तँ गोठाल्नी बनेर बस्, तिनै सौताका छोराछोरीकी गोठाल्नी ।’

म केही बोलिनँ, मुमाले बोलेका हरेक शब्द साँचा थिए । उहाँ मेरी जननी हुनुहुन्थ्यो । मैले कहिल्यै कसैको सामु मेरो आँसु देखाइनँ । तर आज रोएको देख्दा मुमाले मेरो मुटुसमेत आफैँले भिजेको देख्नुभएको थियो । जेसुकै भए पनि, म ती बच्चा भोका देख्न सक्दैनथेँ । त्यति बेला मैले यो बिर्सिएकी थिएँ कि ती बच्चाकी आमा जिउँदै थिइन् र उनी एक धनाढ्य महिला थिइन् । त्यति बेलासम्म धनसम्पत्ति लोग्नेमान्छेको हातमा मात्र हुन्थ्यो । सारा कारोबार लोग्नेमान्छेहरूले चलाउँथे तर महिलाहरूसँग धनसम्पत्ति भएको दुई महिला देखेकी थिएँ । मेरो समाजमा ती दुई महिला मेरी सौता र मेरी मुमा थिए ।

उनी निक्कै सम्पन्न परिवारका छोरा थिए । उनले आफैँ विभिन्न व्यवसाय चलाएका थिए र धन पनि निकै कमाएका थिए । त्यो सबै धन उनैकी जेठीसँग थियो । चामलको समस्या देखाएपछि मुमाले बोलाउनुभयो । म मुमाको पछि लागेर गएँ मुमाको घरमा । जहाँ भारतका एक जना व्यापारी आएर पसल थापेका थिए । पसलमा पसेर मुमा खूब रिसाउनुभयो र पसलेसँग भन्न थाल्नुभयो, 'मेरी छोरीलाई एक क्विन्टल चामलका लागि पत्याइनस्, अहिल्यै छोड् मेरो घर । यसले पैसा नदिए घरभाडाबाट कटाए हुन्थ्यो ।' पसलेले माफी माग्यो र मलाई उधारो चामल दियो । चामल ल्याएर पकाएर खुवाएँ । अनि मलाई मनमा आनन्दको अनुभूति भयो । बच्चाहरूलाई खाना खुवाएर सन्तोष मानेर हेरिरहेँ उनीहरूको मुहारमा । आजको अवस्था देखेर मान्छेहरूलाई यो कुरा नपच्ला तर यो यथार्थ मेरो जीवनमा बिझाइरह्यो । मेरो आँसु देखेर सायद मुमाको हृदय जल्यो ।

एक दिन दाजु मेरो घरमा आउनुभयो र भन्नुभयो, 'यसरी तँ गोठाल्नी बनेर बस्न जरुरी छैन । यो कति ठूलो भयो र हामी कति साना भयौँ ? उसले तँलाई गोठाल्नी बनाउने ? आफैँ गल्ती गरिस् । त्यसको सजाय अलि भोग भनेर चुप लागेका थियौँ हामी । यसले त कमजोरी ठान्यो । प्रशस्त सम्पत्ति छ बाँडेर खाउँला । पढाइ अगाडि बढा, भान्जी हामी हेर्छौं । यो भोगाइ, दुखाइ र यो अभावमा बस्न जरुरी छैन तँलाई ।' दाजुका कुरा म मौन बनेर सुनिरहेँ, केही बोलिनँ ।

म राम्रो परिवारकी छोरी थिएँ । मैले थाहा पाएदेखि नै बजारमा तीन-चारवटा घर थिए । जो भाडामा दिइएका थिए । बस्ने घर बजारदेखि अलि तल थियो । प्रशस्त खेतबारी थिए । खेतबारी जोत्न हली आउँथे । हाम्रा गाईभैँसी थिए । घाँस काट्न मान्छे राखिएका थिए । मैले जेजस्तो माग गरे पनि पूरा हुन्थे । दुई दाइ,

एक बहिनी र म गरेर चार भाइबहिनी थियौँ । व्यवस्थित परिवार थियो हाम्रो ।

ठूलो दाजु अलि बरालिएर भारततिर लाग्नुभएको रे । कहिलेकाहीँ आउनुहुन्थ्यो र केही दिन बसेर उतै फर्किनुहुन्थ्यो । कमाइ गरेर पैसा ल्याएको मैले कहिल्यै देखिनँ । उहाँ आउनु नै ठूलो थियो हाम्रा लागि । म ठूलो दाजुभन्दा बाह्र वर्ष र सानो दाजुभन्दा आठ वर्ष कान्छी थिएँ । सानो दाजुपछाडि मुमाका पाँच सन्तान बितेका रे, बल्लबल्ल म बाँचेकी अरे । हीरामोतीजस्तै अमूल्य थिएँ म मेरा परिवारका लागि । आफन्तका लागि आँखाकी नानी थिएँ म छरछिमेकीका लागि पुतली थिएँ । घर र स्कुलमा म अनुशासित थिएँ । तर समयले पङ्खा काटिएको पंक्षी बनायो, म न उड्न सकेँ न चलमलाउन सकेँ । छटपटीमा, चिस्यानमा, रछ्यानमा जीवन फस्यो, पछारियो र लत्रियो मैलो फाटेको थाङ्ना बनेर ।

•

म अभाव र तनावमा बाँचेको देखेर मलाई डिभोर्सको निर्णय दिन मेरा माइतीले दबाब दिन थाले । यससम्बन्धी उनीसँग कुरा गर्नुको कुनै अर्थ थिएन । म अब कुनै महत्त्वको वस्तु पनि थिइनँ उनका लागि । बेलाबखत भन्ने गर्थे, 'मेरा बच्चा र स्कुलका लागि भनेर बिहे गर्नुपरेको थियो मैले ।' त्यसैले म गोठाल्नी थिएँ र गोठाल्नीको कति नै महत्त्व हुन्छ र !

मभित्र तर्कवितर्क चल्न थाल्यो । के म यति सस्ती छु ? कसैले मलाई भोग्न मन लाग्यो, भोग्यो र छोड्न मन लाग्यो, छोड्यो । अनि के म यति कमजोर छु, निरीह छु, मलाई मात्र गोठाल्नीको दर्जा दिइने ?

मभित्र क्षमता छ, साहस छ । बाँच्नु त केही गरेर देखाउनु पो मान्छे बनेर जन्मनुको सार्थकता हो । मेरो दुखेको भावना, टुक्रिएको

मनले जीवनको परिभाषा बदलिदियो । डिभोर्सपछिको गन्तव्य कता हुन्छ मेरो ? छोरीको जीवन कुन मोडमा पुग्छ ? मेरो यो कदमले छोरीको भविष्यमा बज्र प्रहार हुन सक्छ । मैले तर्कवितर्क गरिरहेँ; म जननी हुँ, आफ्नो स्वार्थका लागि आफ्नो सन्तानको खुसी कसरी खोस्न सक्छु ?

यस्तो सोच्दासोच्दै मलाई साहस देखाउन मन लाग्यो । केही गरेर देखाई बदला लिन्छु; मलाई निरीह, कमजोर ठानेर मेरो विवशतालाई गिज्याउनेहरूसँग । एउटा अध्याय सुरु भइसक्यो । यो अध्यायलाई बीचैमा टुङ्ग्याउन चाहन्नँ । मैले साहस, धैर्य र क्षमता देखाउनैपर्छ भनेर सोच्दै म धर्ती बन्ने अठोट गरेँ । जहाँ जसले कुल्चे पनि, थुके पनि, च्याते पनि अटल भएर व्यथा आफ्नै गर्भमा छुपाउने धर्ती पार्न खोजेँ मैले आफैँलाई । यति सोचेपछि मैले दाजुलाई जबाफ दिएँ, 'एक भूल त गरिहालेँ दाजु, फेरि डिभोर्स गरेर अर्को भूल थप्दिनँ ।' मेरो जबाफ सुनेर दाजुले अलि रिसाएर, 'ठीक छ तँलाई भोग्न मन्जुर छ भने हाम्रो के लाग्छ ? तर कुनै गलत कदम नचाल्नू' भन्नुभयो । दाजुको आशय आत्महत्या गर्ली हताश, निराश भएर भन्ने थियो । उहाँलाई के थाहा आमा बनेर मैले आफू मर्ने अधिकारसमेत गुमाएकी थिएँ ।

त्यसपछिका दिनहरूमा मैले आफूलाई स्कुलमा समर्पित गरेँ । आफ्ना इच्छा, चाहना सारा विसर्जन गरेँ । मनमनै र अँध्यारा डोबहरू टेक्दै, धक्का खाँदै, उठ्दै, पछारिँदै यही नै मेरो जीवनको गन्तव्य हो; मैले अघि बढ्नैपर्छ भन्ने सोच बनाएँ । म अगाडि लम्किन कस्सिएँ । कहिले आशामा बादल लाग्थ्यो, कहिले झरी बर्सन्थ्यो । असिना पर्थे तर चुपचाप थिएँ म । मभित्र मौनता थियो, सन्नाटा थियो किनकि मैले धर्ती बन्ने निर्णय गरेकी थिएँ । अब म एक युवती थिइनँ, आशा थिएन, आभा पनि थिएन, कोहीप्रति विश्वास थिएन र गुनासो पनि थिएन । त्यस बेलासम्ममा मभित्रका आशा, चाहना, इच्छा सबै जलेर खरानी भइसकेका थिए ।

एक दिन मामाकी छोरीसँग मेरो भेट भयो । उहाँ हाम्रो ठाउँको पहिलो स्टाफ नर्स हुनुहुन्थ्यो । भन्नुभयो, 'एसएलसी पास गऱ्यौ तिमीले ?' 'गरेँ दिज्यू,' मैले भनेँ । 'अब नानी तीन वर्षकी भइसकी इन्टरको पढाइ सुरु गर । जीवन धेरै लामो छ । तिमी त्यस्तो मेधावी मान्छे, भोलि तिमीले पालेका छोराछोरीले नै तिमीलाई हेप्छन्, उमेर पुगेको छैन । के थाहा भोग्नु कति पर्छ ।' 'हाम्रो ठाउँमा क्याम्पस छैन, अर्को जिल्ला जानुपर्छ सम्भव छैन' कि भन्दा दिज्यूले भन्नुभयो, 'घरमा तयारी गर बहिनी' भनेर मभित्रको साहस जगाउने कोसिस गर्नुभयो ।

मैले पनि सोचेँ, अब पढ्नुपर्छ । त्यसैले मैले फर्म भर्न पठाएँ । पढ्न जाने सम्भावना नै थिएन । स्कुल थियो, काँधमा छोराछोरी थिए । तर पनि परीक्षा आउनुभन्दा एक महिनाअगाडि म गएँ । टच्युसन पढ्न सुरु गरेँ । साथीहरूले पढ्न नआउनुको कारण मलाई सोधे । मैले मेरो बच्चा छ, स्कुल छ भन्ने सुनाएँ । उनीहरूले आश्चर्य माने किनकि मेरो उमेर विवाह गरेको जस्तो नै थिएन । अठार-उन्नाइस वर्षकी मात्र थिएँ म ।

परीक्षा आउँदासम्म बस्दा मलाई छोरीको यादले साह्रै सतायो । एक महिनासम्म सबै विषयको परीक्षा सिध्याएँ । परीक्षा राम्रो भएको थियो । हतारहतार घर फर्किएँ । त्यही बाटो हिँड्दा पहिला म हिँड्नै सक्दिनथेँ । जो मेरो अवगुण मानिन्थो । तर यति बेला दुई दिनको बाटो लगभग एकै दिनमा काटेर स्कुल आइपुगेँ । छोरीको मायाले हो या जीवनका हरथकाइ, दुखाइ मरेर म साँच्चिकै जिउँदो लास बनेकी थिएँ । यी विषय मैले छुट्ट्याउन सकिनँ ।

फर्केर नियमित रूपमा फेरि आफ्नो कार्य सम्हाल्दै गएँ । उनका छोराछोरीसँग आत्मीय सम्बन्ध सुरु गरेँ । उनीहरू मलाई मेरा आफ्नै बच्चा लाग्थे । जेठी छोरीसँग साथीजस्तै बनेँ । उनी मभन्दा पाँच-छ वर्ष कान्छी थिइन् । बेलाबखत उनको बाबाले दोस्रो

विवाह आमाको कारणले गरेको, उनीहरूको भविष्यका लागि गरेको र स्कुल आफ्नो कारणले खोलिएको कुरा सुनाउँथिन् । मलाई लाग्थ्यो, तँ हामीलाई पाल्न आएकी हाम्री आमा होइन गोठाल्नी होस् । आमा त बाबाको अँगालोमा नोकरले घेरिएर बसेकी छिन् । उनको भनाइको आशय यही हो भनेर उनले आफ्नो बुबाको बखान गर्दा मनमनै यस्तो लाग्थ्यो । साँच्चिकै महान् हुन् तिम्रा बाबा आफ्ना छोराछोरीको पालनपोषणका लागि अर्की बच्चीको जीवनका हरखुसी, इच्छा, चाहनाहरू च्यातेर आफ्नै छोराछोरीलाई सिँचेका छन् । साँच्चै यस्ता महान् बुबा त कमैका हुन्छन् । म गोठाल्नी थिएँ र आफूलाई गोठाल्नीमै सीमित राख्नुपर्ने रहेछ । सबैको आमा बन्ने मेरो आकाङ्क्षाले फेरि मेरो जीवनमा अर्को बज्र प्रहार भयो । मैले बटुलेको साहस फेरि छताछुल्ल भएर पोखियो । थाह नै नपाएर मभित्र मन पलाइसकेको रहेछ । त्यसैले फेरि दुखेँ, लत्रिएँ, भाँचिएँ र फत्रक्कै गलेँ म ।

मैले दोस्रो वर्षको इन्टरको परीक्षा दिएँ । इन्टर सिद्धियो । पास भएँ अनि मभित्र बाँच्ने साहस र उमङ्ग थपियो । मभित्र कङ्काल बनेको शरीरमा मासु भरियो । मेरो चेहरामा रौनक अलि थपियो ।

•

मैले आफूलाई पूर्ण रूपले मन्दिरको पुजारी बनाएँ । म पूजाअर्चना गर्न थालेँ । मेरो मन्दिरमा भक्तहरू थपिँदै जान थाले । मेरो मन्दिरमा अब विद्यार्थीको सङ्ख्या सय-डेढ सय पुग्न थाल्यो । म ती विद्यार्थीलाई मेरो मन्दिरको भक्त मान्थेँ, म पुजारी थिएँ । होस्टेलमा पनि बच्चा तीस-चालीस पुगेका थिए । पन्ध्र, सोह्र जना त उनकै आफन्त, छोराछोरी, भतिजाभतिजी, भान्जाभान्जी थिए । जसको सम्पूर्ण जिम्मा ममाथि नै थियो । सजिली र फुर्तिली चौकीदार पनि थिएँ म । सबैलाई निशुल्क व्यवहार गर्थें म ।

स्कुलमा प्रत्येक वर्ष विद्यार्थीको सङ्ख्या थपिँदै जान थाल्यो । चामल किन्ने र छोराछोरीलाई लुगाफाटो किन्ने समस्याले पिरोल्न छोड्यो मलाई । स्कुलबाट अलिअलि आम्दानी हुन थाल्यो । उनका छोराछोरी ठूला हुँदै थिए । इन्टरको पढाइपछि म रोकिएँ । बिए पढ्नलाई दस वर्ष पर्खनु पऱ्यो किनकि उनका बच्चाहरू अब क्याम्पस पढ्ने भइसकेका थिए । मैले मेरो खुसी, बैंस, रहर सोहोरेर सिँचाइ गरिएका उनका बच्चाहरूको रहर खोस्न चाहिनँ । किनकि म भमरा थिइनँ । भमराले पो फूलको रस चुस्छ र फूललाई छोडेर आफू अलप हुन्छ फूललाई अलपत्र पारेर । तर म त ओइलिए पनि एक फूल थिएँ । कोमल फूल त्यस्तो फूल कसरी स्वार्थी बन्न सक्थ्यो र !

उनका छवटा बच्चा एकएक वर्षका फरकमा जन्मिएका थिए । पढाइ पनि यसरी नै एकएक कक्षा अघिपछि थिए । मलाई पढाउन अत्यन्त भार पऱ्यो फेरि । आर्थिक भार थेग्न मुस्किल भयो मलाई । ठूली छोरी पल्स टुको पढाइ सिद्धयाएर डिप्लोमाका लागि पढ्न बाहिर पठाएँ । उनीहरूले दोस्रो र तेस्रो डिभिजनमा एसएलसी पास गरेका थिए । माहिँली र साहिँलीले स्थानीय उच्चमाध्यामिक विद्यालयमा एघार, बाह्र पढ्न थाले । काहिँलीले विज्ञान पढ्न ढिपी गरिन् । उनको एसएलसीको डिभिजन पनि दोस्रो नै थियो । उनको इच्छालाई पनि मैले मार्न सकिनँ । उनलाई पनि पढ्न बाहिर पठाएँ ।

यसबीचमा जेठी र माहिँली छोरीले आफ्नै इच्छाअनुसार विवाह गरे । माइती भित्र्याएँ, औकातअनुसारको कोसेली दिएँ । मैले उनीहरूलाई मेरो संस्कारले उनेकी थिएँ, मायाले छोपेकी थिएँ र मेरो पसिनाले भिजाएकी थिएँ । लाग्थ्यो आफूले जन्माएर मात्रै आफ्ना हुँदैनन् । भावनाले गुटमुटाएर उनीहरूको आमा बन्दै आफ्नो जीवनको नयाँ अध्यायसँग जोडिएकी म त्यही अध्यायभित्रै फेरि

नौलो जीवनको गोरेटो पहिल्याएर आफूलाई हिँडाउन अस्पष्ट गोरेटो कोर्दै थिएँ । उनको उपेक्षाले चिसिएको मुटुमा उनका छोराछोरी टाँसेर रापिलो बनाउन खोज्दै थिएँ; लाग्थ्यो, म सफल भएँ । जब म उनले दिएको सिन्दूरको धर्कोसँगै स्कुल पसेँ । त्यति बेला उनका छोराछोरी अस्तव्यस्त थिए । स्याहार नपुगेका, भागेर तितरवितर भएका, फोहरी थिए । त्यस बेला नजिक जाँदा पनि उनीहरू घिन लाग्दा देखिन्थे । बुबा काममा व्यस्त र आमा नशामा व्यस्त भएकाले तिनीहरूको राम्रो हेरविचार हुँदैनथ्यो ।

जब मैले स्कुलमा टेकेँ, सबैलाई जम्मा गरेँ । मातृवात्सल्यताले घप्लक्क ढाकेँ । सोचेँ, यी मेरा हुन्, आफ्नै हुन्, मेरा हर ढुकढुकी सुनाउने कोसिस गरेँ । उनीहरूका ढुकढुकी छातीमा टपक्कै टाँसेर सुनेँ । त्यति बेला मैले भुसुक्कै बिर्सिएकी थिएँ, उनीहरू आमाविहीन टुहुराटुहुरी थिएनन् । त्यसैले अर्को पटक बल्लबल्ल बटुलेर, खोसेर, समालेको मन टुक्राटुक्रा बनेर सडकमा पछारियो । अर्को पटक पनि म टुट्न, फुट्न र छरपस्ट भएर पोखिन बाध्य भएँ ।

अब स्कुलका कक्षा थपिँदै थिए र विद्यार्थी पनि थपिँदै गए । आर्थिक अभाव अलि कम भएको महसुस गर्न थालेँ मैले । म आफैँ हरपल खट्ने गर्थें । शिक्षकशिक्षिका सबै मेहनत गर्थ्यौं । मैले पाईपाई जोडेर बचत गर्न थालेँ । आफ्नै स्कुलभवन बनाउने सपना थियो मेरो । स्कुल चलेको घर भाडामा लिएको थियो । स्कुल बनाउने जमिन पहिले नै किनेको रहेछ । त्यही जग्गामा स्कुल बनाउने कुरामा ससुराले आपत्ति जनाउनुभयो । उहाँ भन्न थाल्नुभयो, 'मेरो नातिलाई चिसो हुन्छ । त्यहाँ त्यति घाम पर्स्दैन, अर्को जग्गा खोज ।' त्यति बेला म छोराकी आमा बनेकी थिएँ । छोरी सात वर्ष पुगिन् । मैले उनका छोराछोरी, भतिजाभतिजी हुर्काएर पढाउँदै थिएँ ।

त्यसपछि सासू र मुमाको कर बलले छोरा जन्माएँ। म चाहन्नथेँ अर्को सन्तान जन्माउन र भन्थेँ, 'सबै छोराछोरी पालेकी छु, छोरी छिन् भोलि यिनीहरूले नै पाल्छन् ।' मैले यसो भन्दा सासू र मुमाको अविश्वासका नजरले घुर्थे। ती नजर पाका थिए, अनुभवी थिए। जुन आँखाले समाजको उतारचढाव देखेका थिए, भोगेका थिए। त्यसैले मलाई दबाब गर्नुहुन्थ्यो होला। तर उहाँहरूको छोरा जन्माउने भन्ने शब्दले समाजमा पुरुषलाई दिइने यही महत्त्वका कारणले आजका महिलाका भोगाइ जन्मिएका हुन् भन्ने लाथ्यो मलाई। फेरि डर लाग्थ्यो मलाई।

जब म पहिलो पटक आमा बनेकी थिएँ। त्यसपछि भोगेको तिरस्कार, घृणा, तीक्ष्ण वचन, प्रहार, बल्लबल्ल जोडेको मन, जुटाएको साहस म फेरि गुमाउन चाहन्नथेँ। एक स्त्री आमा बनेपछि मात्र पूर्ण हुन्छे तर मैले पूर्ण हुँदा कति ठूलो मूल्य चुकाउनुपऱ्यो सम्झेर नै मन काट्थ्यो। बल्लतल्ल घुँडा टेकेर उठ्न खोज्दै थिएँ फेरि अर्को पटक पूर्ण स्त्री बनेर आफैँ धूलोपीठो बनेर पछारिन धेरै डर लाग्थ्यो मलाई।

समाजमा छोरा र छोरीको विभेद कति व्याप्त थियो। त्यसैले सासू र मुमाले मबाट छोरा खोज्नुभएको थियो। यही छोरालाई दिएको उच्च प्राथमिकताले स्त्री जातिहरू मर्दै, जाग्दै, लड्दै, उठ्दै गर्न बाध्य बनेका छन्। त्यति बेला उनी र जेठी स्वास्नीको सम्बन्ध अलि चिसिएको पाएकी थिएँ। आर्थिक कारणले थियो सायद। उनको सम्पूर्ण कमाइमा कब्जा जमाइसकेकी थिइन् उनकी जेठी स्वास्नीले। अब उनलाई आर्थिक समस्याले सताउन थालेको थियो।

उनले जेठी स्वास्नीलाई महिना खर्च तोकेर दिन थालेका थिए। जेठी स्वास्नीलाई दिने खर्च मैले स्कुलमा जम्मा गरेको रकमबाट नै दिन्थे उनी। यसमा मैले कहिल्यै गुनासो गरिनँ। यस मामलामा पनि उनलाई मैले सधैँ सहयोग नै गरिरहेँ। एक पटक

उनले मसँग भने, उसलाई पत्थरीको अप्रेसन गर्नुपर्ने भयो । पैसा कति जम्मा भएको छ भनेर मलाई सोधे । ऊ भने आफूसँग भएको एक पैसा निकाल्दैन थिई । उनले आफ्नी जेठी स्वास्नीलाई पत्थरीको अप्रेसन गर्नुपर्ने भएको र स्वास्नीसँग पैसा भएको तर नदेखाएको भन्ने कुरा मसँग गरेका थिए । मैले स्वास्थ्य जस्तो कुरा औषधि त गर्नुपर्‍यो नि भन्दै केही रकम र आफ्नो सुन झिकेर उनलाई दिएँ ।

मभित्र ईर्ष्या कहिल्यै पलाएन । मैले यस्तो सहयोग किन गर्थें ? महिनामहिना पैसा जम्मा गरेर उनलाई खर्च किन जुटाउँथें ? मानवताको नाताले वा मभित्र सम्पूर्ण भावना मरिसकेको थियो अथवा धेरै भावुक थिएँ म । यो कुरा अहिलेसम्म बुझ्न सकेको छैन मैले । फेरि कुनै आवेश पनि थिएन मभित्र । सौताले भने मलाई गाली गर्न छाडेकी थिइनन् । तर म कहिल्यै मुख लागिनँ । स्वाभाविकै मानिरहें उनका मप्रति गरिने हरेक क्रियाकलापहरू । कहिलेकाहीं लाग्छ के उनी अवचेतन थिइन् ?

•

मेरी सौतामा चेतना थियो भने म पनि छलिएकी थिएँ कलिलो उमेरमा । त्यो पनि मेरै अगाडि लोग्नेसँग डिभोर्स गर्छु, तेरो सम्पत्ति चाहिन्छ भनेर बोलेकी थिइन् उनीले । यति ठूलो छल लोग्नेस्वास्नी मिलेर किन गरे ममाथि ? मेरा जीवनका खुसी, रहर, इच्छाहरूमाथि उनीहरूले बज्रसमानका पाउ किन बजारे ? जसका कारण म रक्त्याम्मे भएर पछारिएँ, म पतझर बनें, सुक्खा हावा बनेर बहें । मेरो वसन्त फर्केर कहिल्यै आएन । के अधिकार थियो उनीहरूलाई मेरो जीवन र वसन्त खोस्न ? के भूल मेरो मात्र थियो ? मनले बारम्बार यही प्रश्न गर्छ मसँग ।

उनकी सौता भएर मैले उनको लोग्ने खोसिनँ; सम्पत्ति खोसिनँ; सुख, वैभव केही खोसिनँ । बरु म उनका लालाबाला

स्याहार्ने एक गतिली गोठाल्नी बनेकी छु । एक पटक लोग्नेले भनेका थिए, 'छोराछोरी पालेकी छ, हामीलाई पालेकी छ, उसलाई ल्याएर मैले तँलाई पीडा दिएको छैन । तँसँग बसेको छु' यति भनेर सम्झाए जेठीलाई ।

कति सत्य बोलेका थिए । साँच्चिकै मेरो दिल भाँचेर, जोवन च्यातेर पनि उनी एक कर्तव्यनिष्ट बुबा र लोग्ने बनेका थिए । तैपनि उनले मलाई खेद्न र अपमान गर्न छोडिनन् । उनी मलाई यस्तै डर, धम्कीले लखेट्न चाहन्थिन् । तर म लखेटिन बरु उनको प्रेममा झन् अडिग भएँ । जसका लागि मैले मेरा हरखुसीका बली चढाउन पर्‍यो ।

मैले कहिल्यै उनको रातको निद्रा खोसिनँ, किनकि उनको लोग्ने उनकै अँगालोमा बाँधिएका थिए । मैले छर्लङ्ग चिसा रात आँखा नचिम्लिएर बिताएकी छु । आँसुले चेहरा धोएकी छु र त्यतिखेर उनीहरू एकअर्काका रापमा रापित भएकामा पनि मैले कुनै खलबल गरिनँ । उनीहरूका बिरामी छोराछोरीको सेवा गर्दै रातभर अनिदो बसेँ म । उनका बालबच्चाकी गोठाल्नी बनेर स्याहारेकी छु छोराछोरी ।

सौताभन्दा म बीस वर्ष कान्छी छु । यति उमेरको अन्तर त मेरी आफ्नै छोरीसँग पनि छैन । तर उनलाई यी कुनै भावनाले छुन सक्दैन । सौतेनी डाहले मलाई च्याति नै रह्यो । म जुन स्कुलको चिसो, उदास एक्लो कोठामा पसेँ, त्यहाँबाट निस्कनलाई पसेकी थिइनँ । म पोखिएँ, भाँचिएँ, च्यातिएँ, फालिएँ र पनि आजसम्म जीवितै छु । भोगाइका पीडाले मर्दै, जाग्दै गर्दा मैले मेरो हृदयको कुनामा एक अटल आत्मविश्वास जोडिएको जस्तो महसुस गर्ने गरेकी छु । त्यही आत्मविश्वासको सानो झिल्कोले जीवनलाई उभ्याइराखेको छु । मैले छोराछोरी हुर्काउँदै स्कुल चलाउँदै गरेँ । उनका बच्चाहरूलाई कलेज पठाउँदै गएँ ।

यसैबीचमा स्कुल बनाउने जग्गा किन्न सफल भयौँ । अत्यन्त हर्ष लाग्यो मलाई । तर भवन कहिले बनाउने भन्ने अलि निश्चित थिएन । छोरा जन्मँदा जम्मा पन्ध्र दिन आराम गरेर फेरि क्लास जान थालेँ म । होस्टेलको जिम्मेवारी पनि मैले नै सम्हालेँ । धेरै आराम गर्न मनले मानेन । जेठीका चार छोरी र दुई छोरा गरेर मैले छोरी पाँच बहिनी, छोरा चार भाइ मेरा भन्न थालेँ । म आएपछि जन्मेको जेठीको छोराको दुई वर्षमा निधन भएको थियो । मेरी एक छोरी र एक छोरा र बहिनीको एक छोरा यी सबैलाई मैले हुर्काएकी थिएँ, पढाएकी थिएँ । त्यसैले मैले अरूहरूलाई मेरा पाँच छोरी र चार छोरा छन् भन्थेँ ।

•

जब मेरी बहिनीको बिहे भयो । सबैले भने, 'बहिनीले कति राम्रो लोग्ने पाई, हेर त दिदीको कर्म खोटो रहेछ' । साँच्चिकै पढेलेखेको, कुमार केटो, राम्रो घर पाएकी थिई मेरी बहिनीले । मेरो भाग्यमा जतिसुकै तुसारापात भए पनि म बहिनीको भाग्य देखेर अत्यन्त खुसी थिएँ । मेरी बहिनीको भाग्यमा कसैको नजर नपरोस् भनेर भगवान्सँग प्रार्थना गर्थें । उसको घर अलि गाउँमा थियो । सबै राम्रो व्यवस्था थियो । हामी ढुक्क थियौँ । बीचैमा बहिनीको पढाइ टुटेकोमा दु:ख लागेको थियो । तिम्रो गाउँमा पनि हाईस्कुल (मा.वि.) छ । परिवारसँग अनुरोध गरेर पढाइलाई निरन्तरता दिनु भनेकी थिएँ मैले बहिनीलाई । केही महिनापछि थाहा भयो उनी गर्भवती रहेछिन् । समय पुग्यो, उनको छोरो जन्मियो । मुमा र म भेट्न गयौँ । भेट हुँदा बहिनी र म अँगालो मारेर खूब रोयौँ । हामी साथीजस्तै थियौँ । उनको र मेरो उमेरमा दुई वर्ष मात्र फरक थियो । एकअर्कासँग निकै मिल्थ्यौँ हामी । मलाई लाग्यो, गाउँमै बच्चा जन्मियो, धन्न मेरी बहिनी बाँची भनेर । भगवान्प्रति म कृतज्ञ भएँ । छोरा साह्रै मायालाग्दो पाएकी

थिई बहिनीले । दुई दिन बसेर हामी फर्कियौँ । बहिनी र छोरालाई छाडेर आउन साह्रै गाह्रो भएको थियो हामीलाई । रुँदै फर्कियौँ मुमा र म ।

अब बहिनीलाई बच्चा हुर्काउनुपर्ने भयो । पढाइ बीचमा नै रोकियो । मलाई उसको पढाइको चिन्ता लाग्थ्यो बेलाबखत । बहिनीको छोरा मेरी छोरीभन्दा दुई वर्ष कान्छो थियो । कहिलेकाहीँ चाडपर्वमा बहिनी माइत आउँथी । मेरी छोरी र बहिनीका छोरा खूब रमाउँथे । उनीहरू फर्कंदा बिदाइ गर्न निकै गाह्रो हुन्थ्यो । हप्ता-दस दिन बसेर फर्कने गर्थे उनीहरू । जब मेरी बहिनीको छोरा दुई वर्षको भयो । बहिनी माइत आई, छोरा बोकेर कहिल्यै नफर्कने गरेर । हामीलाई बज्रपात भयो । सबै कथाव्यथा मनमा लुकाउने रैछे उसले । जति गरे पनि लोग्ने र सासूको मन जित्न सकिनछे उसले । उसको लोग्ने सोचेको जस्तो रहेनछ । हाम्रो भाग्य पनि कस्तो, भाग्य लेख्दा भावीले सबै नराम्रो भरेर दुःख, वेदना र आँसु सोहोरेर हामी दुई बहिनीलाई नै थुपारिदिएको जस्तो लाग्छ मलाई ।

सुखभोग हाम्रो केवल सिउँदोमा सिन्दूर नपरुन्जेल मात्र लेखेको रहेछ । हामीले लगाएको सिन्दूर कति रूखो रहेछ ? हाम्रा सबै खुसी, हाँसो, उमङ्ग बहारजति लुछेर लग्यो त्यसको बदलामा आँसु दिएर ।

म अत्यन्तै टुटेकी थिएँ, फाटेकी थिएँ, दुखेकी थिएँ र नितान्त एक्लो मायाविहीन थिएँ । सबै पात झरेर एक्लै उभिएको सिमलको बोट बनेकी थिएँ म । बहिनीलाई मजस्तो मायाविहीन, इच्छा च्यातिएर रछानमा फालिएको चिथरो बन्न दिन्न भन्ने सङ्कल्प गरेँ मनभरि र म आधार बनेर उभिएँ उसलाई अडचाउन ।

बहिनीलाई मैले स्कुलमा कक्षा नौमा भर्ना गरिदिएँ । बहिनीको पढाइ सुरु भयो । उसको छोरा मैले जिम्मा लिएँ । मुमाले पनि

बहिनीको छोरा हेर्न सहयोग गर्नुभयो । उसको छोराले मलाई नै मम्मी भन्न थाल्यो । उसले म नै उसको मम्मी भन्ने बुझ्यो । बहिनीलाई नामले बोलाउन थाल्यो । अब यो छोराको दायित्व पनि ममाथि थपियो । मनमनै म सोच्न बाध्य भएँ, सङ्घर्षको जुन खोला पनि मैले पार गर्नैपर्छ, वर्षा होस् या हिउँद ! मैले अलि मन कसिलो बनाएँ । म टुट्दा, भत्कँदा बहिनी अझै टुट्छे, भत्कन्छे भन्ने डर थियो मलाई । उसले पढ्न थाली । मैले उसलाई दिदीले पाएकी हो भन्ने सोचेर आफ्नो लक्ष्यमा बढ्न कम्मर कस भनेर उत्साहित गरेँ । उसलाई ऊभित्र भएको कलाकारिताको गुण फेरि जागृत गर्न उस्काएँ । ऊभित्र धेरै प्रतिभा थियो । गाउने मीठो स्वर थियो । अत्यन्त राम्रो नृत्य गर्थी ऊ । हामी दुई बहिनी नै नृत्यकलामा पारङ्गत थियौँ ।

हाम्रो नृत्य कस्तो थियो भन्ने विषयमा त्यस बेलाको कुरा मेरो सम्झनामा आएको छ; त्यस समय देशमा बहुदल भित्रिएको थिएन । राजा वीरेन्द्रको क्षेत्रीय भ्रमण सुर्खेतमा हुने भयो । हामीले सुर्खेत जानुपर्ने भयो । हाम्रो जिल्लाको सांस्कृतिक झलक बोकेर नृत्य सिकाउने गुरु गाउँबाट सदरमुकाम आइसक्नुभएको रहेछ । गणित र विज्ञान पढाउने सरले भन्नुभयो, 'तिमी अब नाच्ने होइन ? ठूलो कक्षामा गइसकेका छौ । पढाइ साह्रै राम्रो छ तिम्रो । एसएलसीको डिभिजनमा असर पर्छ । तिमी राम्रो डिभिजनमा पास हुन्छौ नजाऊ, अरू जान्छन् ।' मैले सरलाई 'हवस् सर म जादिनँ' भनेँ ।

बाटोमा नृत्य सिकाउने गुरुसँग मेरो भेट भयो । गुरुले आजबाट नृत्य अभ्यास सुरु गर्ने भन्नुभयो । मैले गुरु पढाइ छुटेर कभर गर्न अति गाह्रो हुन्छ, अब कक्षा बढ्दै गयो, पढाइमा अझै तीव्रता ल्याउनुपर्छ हैन र गुरु ? भनेर सोधेँ । गुरुले अब ठूली भइस् है, मैले धेरै सिकाएँ त्यही कारणले भन्नुभयो । घर आएर ड्रेस बदलेर म गृहकार्य गर्न बसेँ । गृहकार्य नसिद्धाई म खाजा पनि कहिल्यै खाँदैनथेँ ।

गृहकार्य गर्दागर्दै एक जना अपरिचित व्यक्ति आएर गुरु र सिडिओसाबले बोलाएको भनेर मलाई सुनाए । म गृहकार्य गर्न छाडेर मुमालाई सोधेर निरास मनले गएँ । जब म स्थानीय चिया पसलमा पुगेँ, उहाँहरू त्यही पसलमा बस्नुभएको रहेछ । मलाई सिडिओलाई देखाएर गुरुले भन्नुभयो, 'सबैभन्दा राम्रो नाच्ने पनि यही हो, अहिले ठूली बन्ने पनि यही हो ।' सिडिओले होइन नानू जिल्लाको इज्जत त राख्नुपर्‍यो नि, राष्ट्रिय स्तरमा प्रथम भएर अञ्चलकै इज्जत राखेको मान्छेले भने । म केही बोल्न सकिनँ ।

गुरुले चार बजेदेखि अभ्यास सुरु गर्ने भन्नुभयो । म घर फर्केर खूब रोएँ र मुमासँग किन नाच्न दिनुभएको ? मेरो पढाइ बिग्रने भयो भनेर गुनासो गरेँ । मुमा हाँस्नुभयो । चार बजेसम्म स्कुल र त्यसपछि नाचको अभ्यास सुरु हुन थाल्यो । रातको आठनौ बजेसम्म पेट्रोम्याक्सको उज्यालोमा चार-पाँच घण्टाको अभ्यासपछि गुरु र सिनियर दाइहरूले हामीलाई घरघर पुर्‍याएर फर्कनुहुन्थ्यो ।

सुर्खेत पुग्ने दिन पनि आयो । पन्ध्र जनाको समूह वीरेन्द्रनगर सुर्खेत पुग्यौँ । राजाको अगाडि हामीले नृत्य देखायौँ । राजारानीलाई रोल्पा जिल्लाको नाच खूब मन पर्‍यो । मेरी बहिनीहरूको साना ग्रुपको नाच र हाम्रो ठूलो ग्रुपको नाच थियो । जब हामी नृत्य देखाएर फर्कियौँ, हामी बस्ने होटेलमा अपरिचित मान्छेहरू आए र भने, 'सानो ग्रुपकी यी नानीलाई ठूलो ग्रुपमा मिलाएर एउटा नाच तयार गर्नुपर्‍यो । मौसुफलाई नृत्य मन पर्‍यो' यति भनेर मेरी बहिनीलाई नृत्य सिकाए । रातभरमा बहिनीलाई हाम्रो ग्रुपमा सामेल गरेर नयाँ नृत्य अभ्यास गर्‍यौँ र अर्को दिन रातको आठ बजे हामीले नृत्य प्रस्तुत गर्‍यौँ । अरू जिल्लाले भन्दा पुरस्कार धेरै पायौँ ।

मैले राजा वीरेन्द्रको सामुमा धेरै नृत्य प्रस्तुत गरेकी छु । राजदरबारको हत्याकाण्डमा म खूब रोएँ । राजदरबार हत्याकाण्डमा सबै नेपाली रोए । त्यसमा धेरै रुनेमा म पनि एक थिएँ ।

हो, बहिनीको त्यही प्रतिभा अगाडि बढाउन चाहन्थेँ म । मैले जस्तो उसलाई हजारबार मर्न नपरोस् । पटकपटक मुर्झाएर झर्न नपरोस् भनेर मैले उसभित्र आत्मविश्वास जगाएँ । बहिनीले आफूलाई सम्हालिन् । मेरो न्यानो स्पर्श र सहानुभूतिले उसलाई मुर्झाउन दिएन । मेरो बुबामुमा मैले चालेको कदमले नै आधा मरेतुल्य हुनुभएको थियो । अब त बहिनीको अवस्थाले उहाँहरूलाई अझै दुःख थपिदियो । त्यही बेला मैले सोचेँ, मैले गरेको विश्वासघातले दुखेको उहाँहरूको मन बहिनी र बहिनीको छोरालाई सम्हालेर निको बनाउँछु । छोराछोरी जन्माएर उनीहरूबाट कति अपेक्षा गरिन्छ भन्ने कुरा त आफू आमा बनेपछि मात्र थाहा पाइँदो रहेछ ।

मेरो के अधिकार थियो उहाँहरूको दिल तोड्न । यसै बेलामा मैले मुमाबुबाको सपना भत्काएर गरेको पाप कटाउने विचार गरेँ । र सम्हाल्छु बहिनी र छोरालाई हजुरहरूले केही चिन्ता लिनुपर्दैन भनेर मैले आश्वासन दिएँ । आफ्ना छोरीहरूको भाग्य देखेर खसेको मेरा मुमाबुबाको आँसु पुछ्ने प्रयास गरेँ ।

अब त मलाई दुख्ने अधिकार र टुट्ने फुर्सद पनि थिएन । म दरिलो बन्नैपर्ने भयो । दोहोरो कतर्व्यको बीचमा उनिएकी थिएँ म । आफैँ लरखराउँथेँ, कसरी होला आफ्नो कर्तव्य पूरा गर्ने ? यही प्रश्न मनभित्र तेर्सिन्थ्यो तर व्यक्त कसैसँग गर्दैनथेँ । मैले बहिनीलाई आश्वासन दिएँ र आफू बहिनीको पीडामा आफ्नो पीडा मिसाएर एक्लै रोएँ, एक्लै सुकसुकाएँ ।

बहिनीलाई बाटो देखाउने पथिकको जरुरी थियो किनभने ऊ सबैभन्दा कान्छी र निरीह थिई । आशा भरिएका नजरले मलाई टुलुटुलु हेर्दा मेरो मुटु चिरिएर आउथ्यो । टुक्राटुक्रा परेको मेरो मुटुलाई जोड्ने प्रयत्न गर्दै आँसुलाई गहभित्र लुकाएर हाँस्न र मुस्कुराउन म बाध्य थिएँ ।

एकपछि अर्को जिम्मेवारीको भारी बोक्दै थिएँ म । उनका छोराछोरी पनि एकपछि अर्को गर्दै स्कुलको पढाइ सिद्धाइरहेका थिए । मलाई कलेज पढाउन, खर्च धान्न अत्यन्तै गाह्रो भइरहेको थियो । स्कुलमा विद्यार्थी सङ्ख्या बढ्दै गए पनि नि:शुल्क पढ्ने आफन्तको थुप्रो र छोराछोरीको पढाइको खर्चले मँसग फेरि अभाव सिर्जना हुन थाल्यो । उनका छोराछोरीमा बेग्लै खालको महत्त्वाकाङ्क्षा थियो । समझदारी, समस्या बुझ्ने कोसिस कहिल्यै गरेनन् । एकै पटक भऱ्याङको टुप्पोमा आफू मात्र पुग्ने र जसका लागि जसलाई पनि लात हान्न र दिल चिथोरेर पनि आफ्नो इच्छा पूरा गर्ने उनीहरूको महत्त्वाकाङ्क्षा मैले भेटेकी थिएँ ।

उनका छोराछोरी जब ठूला हुँदै गए, उनीहरूले आफ्ना असली चरित्र प्रदर्शन गर्न थाले । उनीहरूको आँखाको चमक अलि भिन्दै, कठोर र स्वार्थी रङले पोतिएको देखिन थाले । मैले सानै उमेरदेखि नै मेरो संस्कारमा भिजाएँ, कर्तव्य सिकाएँ र संस्कारी बनाएको छु भनेर ढुक्क थिएँ । तर बेलाबखत आँखाका रङभरि स्वार्थ सलबलाएको आफ्नो इच्छा पूरा हुनैपर्छ भन्ने जिद्दी भरिएको स्वार्थी भावका देख्ने गर्थें उनीहरूलाई । उनीहरूका बुबाआमा थिए । बुबाको सम्पूर्ण कमाइ आमासँगै थियो तर उनीहरूका सम्पूर्ण माग मबाट नै पूरा हुनुपर्छ भन्ने भाव नाच्ने गर्थे उनीहरूका अनुहारभरि । जति नै नियाले पनि मुसारे पनि तिनीहरूको अनुहारभरि झल्केको बिरानोपनले मेरो मुटुमा चसक्क घोच्थ्यो । सोच्थें, अझै परिपक्क भएका छैनन्, उमेर पुग्दै जाँदा यसैले समेटेकी हो, हुर्काएकी हो, आफ्नो इच्छा च्यातेर हाम्रो इच्छा सिलाएकी हो भन्ने कुरा बुझ्दै जान्छन्, गुण मान्छन्, मेरा हुन्छन् भनेर आफ्नो शङ्कालाई मत्थर पार्ने म कोसिस पनि गर्थें । फेरि उनीहरू बिराना बनेका छैनन्, यस्तो सोच्नु मेरो भूल हो भनेर आफैँलाई सम्झाउँथें ।

यही मेरो ठहर जीवनमा कहर बनेर बज्रियो । आँसु बनेर पलपल मलाई भिजाइरह्यो । मैले बल्लतल्ल केरकार पारेर जुटाएको धैर्यमा पहाड बनेर बज्रिए ती तीता बचन र रूखा नजरहरू । त्यसैले फेरि म झरेको पातजस्तै उजाड भएँ । मलाई नियतिले, भाग्यले किन यति निर्दयी स्वार्थीहरूको क्रूर पन्जाभित्र खसाल्यो ? मैले अक्षम्य अपराध के गरेकी थिएँ ।

मैले आफ्नो खुसीले अरूलाई सिँचाइ गरेँ । आफ्नो रहरले अरूलाई नुहाइदिएँ, के यही थियो गल्ती ? के मैले पनि आफ्नो इच्छा पूरा गर्न अरूका घाँटी अठ्याउनुपर्ने थियो ? अथवा जीवन बाँच्ने साहस गर्नु मेरो भूल थियो ? म अन्योलमै परिरहेँ ।

कतैबाट प्रतिउत्तर भेट्टाउन सकिरहेकी छैन मैले आजसम्म पनि । अब एकपछि अर्को यातना र भोगाइहरूले गर्दा हरेक भोलिसँग झस्कन्छु म र भोलिले मेरो कुन दुखाइ बोकेर ल्याउने हो भन्ने त्रासले हरभोलिसँग, बिहानीसँग बिरानो बन्छ मेरो मन ।

साँचो माया गरेर म पतझर भएँ । मेरो माया सिरेटो बनेर मुटु लुछिरह्यो । आँसुका बाढीमा बग्दैबग्दै मूल्यहीन बनेर बगरमा पछारियो मेरो जीवन । खहरे खोला भएर झरे मेरा आकाङ्क्षा । म कहिल्यै समुद्र बन्न सकिनँ । शान्त र सौम्य बन्न म कहिल्यै सकिनँ । पलाँसको फूलभन्दा पनि सस्तो भयो मेरो माया, त्यसैले त पैतालामुनि कुल्चिएर धूलोपीठो पारियो मेरो निश्चल प्रेमलाई ।

मनभरि भालाको चोट पारेर पुगेन अब तीखा नङ्ग्रा छिराएर मेरो मन क्षतविक्षत पारिँदै छ । विक्षिप्त हुँदा डर लाग्छ कतै पागल भएँ भने मेरा नाबालक छोराछोरीको गन्तव्य के होला भनेर ।

अरूकालाई त मैले मलाई औँला ठड्याउने बनाइसकेँ । मेरो उमेर नपुगेको छोराछोरीको चिन्ताले मलाई सताइरह्यो । जसैजसै

मैले जिन्दगी काट्दै गएँ, मान्छेहरूलाई चिन्दै गएँ । दिएका थिएँ, खाएका थियौँ र पाएका थियौँ भन्ने मन भएका मान्छेहरूको अभावैअभाव थियो मसँग । मैले जतिलाई खुट्न खोजेँ, समेट्न खोजेँ, उनीहरूले नै मलाई भत्काउन, रुस्काउन र पछार्न खोज्दै हिंड्न थाले । यो मेरो भाग्य हो या उदारता र सङ्घर्षको फल हो ? म आफैँ चकित परिरहेँ ।

•

छोराछोरीका इच्छा थुप्रिएका छन् । ती इच्छाको खात दिनदिनै चुलिँदै छन् । नयाँनयाँ पालुवा निकालेर मौलाउँदै छन् । मेरो सीमित आयश्रोत छ । उनीहरू सोच्छन्, हाम्रा मागहरू पूरा हुन्छन् । उनीहरू चन्द्रमामा कुल्चने कुरा गर्छन् । म हाम्रो आयश्रोतको स्थिति वर्णन गर्छु । हामीसँग भएको बचतको झोली खोल्छु । उनीहरू अविश्वासले मलाई घुर्छन् । उनीहरूका ती घुराइले म विक्षिप्त बन्छु ।

म नरम स्वभावकी छु । कठोर आँखा, रूखो बोलीले खूब छेड्छ मलाई, खूब दुख्छ मन । सधैँको चोटैचोटले हो कि कसैका अविश्वासपूर्ण नजरले चियाए भने मेरो मन खूब चुडाउँछ । जति नै बज्रपात परे पनि, जति नै निचोरेर फ्याँकिए पनि मैले उनीसँग बाचा गर्ने बेलामा जीवनभर सँगै बाँच्ने, एकअर्काका ढुकुढुकी सुन्ने कसम कहिल्यै तोडिनँ । उनले मेरो ढुकढुकीलाई मूल्यहीन सम्झे पनि म उनकै लागि एक्लै वेदनामा निथ्रुक्क भिजेर उनकै बाटो कुरिरहेँ । मैले मेरा आँखा बाटोभरि बिछ्याइरहेँ । मैले कहिल्यै उनलाई छल्न सकिनँ ।

स्कुलको आम्दानी अनि कौडीकौडी जोडेर; आफैँ कस्सिएर, धस्सिएर बटुलेकी थिएँ । मेरो इच्छा र अभावसँग कसैलाई केही लिनुदिनु थिएन । मलाई भजाएर, मलाई च्यातेर भए पनि आफ्ना

असीमित इच्छा पूरा गर्न सबै हतारिने यो विडम्बना मैले जीवनभर भोग्नुपऱ्यो । यो क्रम जारी नै छ । अरूको अभाव र माग मैले पूरा गर्नैपर्छ । यस्तो भीडमा मेरा छोराछोरीले सधैँ आफ्नो इच्छा खुम्च्याए । मेरो आँखामा मेरो विवशता चिहाए । मेरो मुटुको ढुकढुकी सुमसुम्याए ।

सबैका तिरस्कारले चिस्सिएको मुटु आत्मीयताको रापले फेरि पग्लिएर म आँखाबाट झरिरहेँ अबेरसम्म । यी आँसु हर्षका थिए वा मायाको न्यानोले जमेको हृदय पग्लेर बगेको थियो; मैले बुझ्न, ठम्याउन सकिनँ । मेरा छोराछोरीले मेरो भत्किएको मन अडाएका छन् । आज मलाई आत्मविश्वासले धपक्कै बाल्ने प्रयास गर्छन् । यी मेरा भोगाइका प्रतिफल हुन् वा भगवान्‌ले मेरो पुकार सुन्नुभएको हो !

मैले तेरो र मेरो कहिल्यै गरिनँ । मैले सबैलाई हाम्रो भनेर समेटिरहेँ तर अरूले दूरी बढाएर मेरो जीवनलाई पतझर बनाए । म भावनामा दुख्छु भन्ने थाहा पाएर वचनका प्रहारले घायल बनाए मलाई । क्षतविक्षत बनाए मलाई । कस्तो रूखो थियो मेरो पालनपोषण ? कति विषालु थियो अभावसँग जुझेर बल्लबल्ल जुटाएर खुवाएको गाँस ? ती हरेक गाँसले मलाई नै प्रहार गर्ने बलिया मनहरू, तनहरू निर्माण गर्दै रहेछन् । मलाई के थाहा ? म त निश्चल आँखाले उनीहरूको भोक मेट्न सकेँ भनेर आनन्दमा आफैँ पौडिरहन्थेँ । कस्तो विडम्बना मैले खुवाएको हरेक गाँसले उनीहरूभित्र विष पो उत्पन्न गर्दै रहेछ । जो विष उनीहरूले आफ्नो उमेर परिपक्व बनाएर चौबीस-पच्चीस वर्ष पुगेर वमन गरे । त्यो विष लागेर फेरि म अर्ध बेहोस् भएँ । न बिउँझन सक्ने न त चीर निद्रा नै भेट्न सक्ने ।

अनेक प्रपञ्चका कारण म मर्ने न बाँच्ने अधकल्चो भएँ । मैले आफ्नो इच्छा त बेचेँ, च्यातेँ । मेरी छोरीको आकाङ्क्षा पनि

पैँचो मागेर उनका छोराछोरीका कहिल्यै नअघाउने अतृप्त आकाङ्क्षा सिलाउने प्रयास गरेँ । तर त्यसले पनि उनीहरूको मृगतृष्णाको थुप्रो सिञ्चिन सकेन । सधैँ ग्रहण लागेका जस्ता असन्तुष्ट अनुहार तरिरहे । मलाई ती अनुहारले थकित, व्यथित बनायो ।

•

सधैँ माग, सधैँ असन्तुष्टि जमात र झुन्ड कति ठूलो थियो । थोरै भए, जन्मान्तर अलि धेरै भए पनि पूरा गर्न सक्ने थिएँ कि ती मृगतृष्णाहरू ? मेरी छोरीले मेरा हरेक सुस्केराहरूको भाषा बुझिथिन् । उनले गर्भबाटै सम्झौता गर्न, इच्छा मार्न सिकिसकेकी थिइन् कि ? आफ्ना भन्नेहरूका इच्छा पूर्ण गर्न आफ्ना इच्छाका बलि उनले पनि चढाइसकेकी थिइन् । किनकि उनी मेरो भावनामा भिजेकी थिइन् । मेरो दूधको घुट्काले उनलाई सबै सिकाइसकेको थियो । उमेर नपुग्दै परिपक्व बनाइसकेको थियो उनलाई । स्कुलको आर्थिक अवस्था, उनका एकएक वर्ष फरकमा पाएका छोराछोरीको आकाशमा उडान भर्ने सपना एकै चोटी पूरा गर्ने खालको थिएन ।

एउटै गाँस खाएका एउटै ओछ्यानमा सुतेर ठूला भएका थिए उनका छोराछोरी र मेरी छोरी । तर कति फरक थिए उनीहरूका सोच र विचार ।

किनकि मैले सबैलाई मेरा भन्थेँ । त्यसैले सुत्ने ओछ्यान र खाने गाँस मैले एउटै र सँगै बनाएँ । तर मेरा हरेक समस्या मेरी छोरीले मात्र बुझ्न सकिन् । त्यसैले सबै भाइबहिनीलाई उछिनेर उत्कृष्ट डिभिजनमा एसएलसी पास हुँदासम्म पनि उनले कुनै माग राखिनन् । आफू स्थानीय उच्चमाध्यमिक विद्यालयमा भर्ना भएर आफ्नो इच्छाले सिँचाइ गर्दै उनले आफ्ना दाजुहरूलाई लाहुरेको तालिम र बिबिएस पढ्न पठाउँदा कुनै इच्छाले रोकिनन्, छेकिनन् ।

मेरी छोरी मेधावी थिइन्, उनको साइन्स पढ्ने धोको थियो । दोस्रो डिभिजनमा एसएलसी पास गरेकी दिदीलाई साइन्स पढ्न पठाएर मलाई किन यहाँ भर्ना ? भनेर कहिल्यै प्रश्न तेर्साइनन् । मैले आफूले जन्माएको छोरीको इच्छा च्यातेर टाल्दासमेत खुसी बनाउन सकिनँ उनका छोराछोरीहरूलाई । उनीहरूले आफ्ना हरेक इच्छा पूरा गर्ने गोठाल्नी नै माने मलाई, आमा र गुरुआमाको रूपमा बुझ्न कहिल्यै सकेनन् । आफ्नो जस्तै छोरीका इच्छालाई दबाएर उनीहरूको मागबमोजिम मृगतृष्णा मेटिदिने हरकोसिस गरेँ, तर कहिल्यै हँसिला देखिएनन् । मसँग सधैँ रुष्ट चेहेरा किन थियो ? उनीहरूको रगतमा नै स्वार्थ, कपट दौडिएको थियो ?

समाज साक्षी छ म एक नाबालक आमाले उनीहरूको पालनपोषण कसरी गरेकी थिएँ भन्ने कुरा, कतिले बुझ पचाउलान आजको मेरो धरातल देखेर जलनले, नत्र भगवान् साक्षी राखेर बोल्ने हो भने, समाजका हरेकले मेरा सङ्घर्षका इतिहास छर्लङै देखेका छन् । सबैको कहाली लाग्ने पात्र हुँ म ।

मैले आफ्ना इच्छा जलाएर अरूको इच्छाको फिरसँगै उनिएँ तर किन खुसी हुन सकेनन् उनका आफ्नाहरू ? के खोट थियो मेरो ? उनी त बडा दम्भसँग मेरा बच्चा दुनियाँका भन्दा फरक छन्, तिमीलाई मदर टेरेसाको सम्मान दिन्छन् भन्थे । हुन त आशा राख्नु नराम्रो होइन । आमा हुँदाहुँदै कुकुरका दूध चुस्ने छोराछोरीले गुन मान्लान् भन्ने सोच राखे होलान् उनले ।

•

कहाँनेर गल्ती भयो मेरो, म ती प्रश्न आफैँलाई तेर्साउँदातेर्साउँदै घायल बन्छु । पीडाको घुटको मैले मेरा हरेक गाँसमा पिउनुपर्ने भयो । हरेक श्वासप्रश्वासमा अपजसको रापमा सल्कनुपर्ने भयो । लाग्छ मैले कसैसँग पनि दूरी तय गर्न जानिनँ । एकक्षणमै मुटुमा

टाँस्छु र जीवनको महत्त्वपूर्ण स्थानमा विराजमान गराउँछु । सायद यो मैले सच्याउन नसक्ने कमजोरी हो र यही कमजोरीले मेरा सबै खुसी सोहोरेर बगाउँछ बर्खाको भेल बनेर ।

म वरपीपलको छहारी बनेर आमा नशामा झुमेका बेला कुकुरका दूध चुस्ने छोराछोरीलाई घाममा, झरीमा ओताउने प्रयास गर्दै थिए । उनको घरमा सधैँ कुकुर पालिएको हुन्थ्यो । प्रत्येक वर्ष उनकी स्वास्नीले बर्सौटे छोराछोरी पाउने र कुकुर पनि ब्याउने सँगसँगै हुन्थ्यो । जब छोराछोरी बामे सर्ने, हिँड्ने हुन्थे, बार्दलीमा सुतिरहेको कुकुरको दूध चुस्ने गर्थे । यो दृश्य बाटो हिँड्ने मान्छे र उनको घरमा टेक्ने मान्छे अत्यन्तै आश्चर्य मानेर हेर्ने गर्थे । त्यतिखेर ती बच्चाकी आमा नशामा बेहोस भएकी हुन्थिन् ।

साँच्चिकै कुकुरै बने, मान्छे बन्न जानेनन् । हुन त मान्छेको जातभन्दा कुकुर बफादार र गुनी हुन्छ भन्छन् । मैले त कुकुर र बिरालो पाल्ने सोख कहिल्यै पूरा गर्न सकिनँ । मान्छेका छाउरा पाल्नुपर्ने पिरलोले त्यस्ता सोख पाल्ने फुर्सद नै कहाँ थियो मलाई ? बफादार गुनी प्राणीको दूध चुसेका उनीहरू बफादार गुनी बन्न जानेनन् । कुकुरको दूधले गुनी र बफादार बनाएन । सायद उनीहरूले बहुला कुकुरको दूध खाएछन् क्यारे । त्यसैले बैगुनी र हिंस्रक बने । बौलाह कुकुरले आफ्नै मालिकलाई झम्टन्छ र टोक्छ । उनीहरूले मलाई सर्प बनेर डसे । सर्पलाई दूध खुवाएपछि आफैँलाई डस्छ । तैँले सर्पलाई दूधमा पौडी खेलाइस् । त्यसैले आज तँलाई फर्केर डसे भन्दै मेरा आफन्त र शुभचिन्तकहरूले मेरो मन रोक्ने कोसिस गर्छन् । मेरो मन शीतल पार्न खोज्छन् । कहाँ शीतल बन्थ्यो मन ? कहाँ मान्थ्यो मन ? आफैँसँग तर्कवितर्क गर्दै, चहराउने गर्छ । मेरो मनले पटकै सक्दैन कि ती विष खुवाइएका साँप हुन भन्ने । कोही तीन वर्ष, कोही पाँच र कोही दस वर्षका लालाबालाका आमा बनेकी थिएँ म । पन्ध्र वर्षको उमेरमा उनीहरूलाई साह्रै अवोध र

आफूलाई साह्रै परिपक्व मानेकी थिएँ मैले, साँच्चिकै हालतले मलाई समयअगाडि नै परिपक्व बनाएको थियो ।

हरेक गाँस कत्रो सङ्घर्ष गरेर जुटाएकी थिएँ, खुवाएकी थिएँ । तिनको दिलमा हात राखेर मुसारेकी थिएँ । उनीहरूका बुबाको माया नपाएर विक्षिप्त बनेको मन उनीहरूसँगै गाँसेर मायाको धित मार्ने गर्थें । सोच्थेँ, उनैका रगत हुन् । ढुकढुकीबाट उनैको गन्ध आइरहेको छ । यो मेरो कस्तो पागलपन थियो ? जसले टुक्रायो, टुटायो, पछाऱ्यो । मल नहालेको, पानी नपरेको रूखो बाली जस्तो बनायो जीवन । उसैका आफन्तभित्र मैले उसैलाई महसुस गरिरहन्छु । धन्य हो मेरो मन कति कोमल, कति नौनी, कति पानी हो ? सोच्छु पानी भएको भए त सलल बग्थ्यो । आफ्नो खुसीको तलासमा निस्कन्थ्यो, ताल भेटथ्यो, समुन्द्र भेटथ्यो । पक्कै नौनी नै हो मेरो मन न कडा भएर जम्न नै सक्छ न पानी भएर पग्लन सक्छ । पग्लनलाई त ताप चाहिन्छ, तरल बन्नलाई राप चाहिन्छ । त्यो तापसँगको दूरी त आकाश धर्तीजस्तो भइसक्यो । त्यसैले नौनीभित्र मेरो मन अडिएको ठहर गरेको छु मैले । जसरी चामल ल्याउँदा मुमालाई साक्षी राखें, त्यसै गरी उनीहरूका लुगाफाटो ल्याउँदा पनि आफ्नो आत्मसम्मान बन्धकी राखेर ल्याउँथें । मैले भुसुक्क बिर्सिएकी थिएँ कि यी अनाथ होइनन् । पैसावाल आमाका छोराछोरी हुन् भन्ने । उनको बाबाले कमाएको सम्पूर्ण धनसम्पति उनीहरूको आमासँग नै थुप्रिएको थियो । उनीहरूसँगै हुने पनि भयो किनकि उनी जेठी थिइन् । मैले ती धनसम्पति मेरो पनि हुनुपर्छ भन्ने सोचसम्म राखिनँ । मभित्र आत्मसम्मान, स्वाभिमान भरिएको थियो वा उनले बालमनस्थितिमा हामी नयाँ सिर्जना गरौँला भन्ने शब्दको प्रभाव हो । म आफ्नै सिर्जनामा रमाउन चाहन्थें । त्यसैले अविराम मिहिनेत गरिरहें । जब छोराछोरीका लुगाफाटो सबै जोहो गर्थें, म खूब रमाउँथें । उनीहरूलाई लुगा साह्रै सुहायो भनेर फुर्काउँथें

तर उनीहरू कति रमाउँथे, कति खुसी हुन्थे मैले अनुमान लगाउन सकिनँ । आज महसुस गर्छु, उनीहरू सानै उमेरदेखि स्वार्थी, पापी मनहरूबाट प्रशिक्षित रहेछन् म आज बुझ्छु । कति निश्चल मनले अबोध मान्थेँ, बेसहारा मान्थेँ । सबै यो मेरो भ्रम थियो । या त उनको मेरो छोराछोरीका लागि खोलिएको स्कुल र ल्याइएकी स्वास्नी, स्वास्नी जति पनि पाइन्छन् तर यस्ता छोराछोरी कसले पाउन सक्छ ? भन्ने शब्द सुनेकाले मात चढ्यो उनका छोराछोरीहरूलाई र मेरा कर्तव्य स्नेहलाई बाध्यता मान्ने गरेका थिए उनीहरूले । साँच्चिकै कसले जन्माएका छन् मेरा छोराछोरीजस्ता छोराछोरी भन्थे । अहिले थाहा भयो । त्यस्ता क्रूर, स्वार्थी र छाडा छोराछोरी कसैका नहोलान् । यिनै राम्रा छोरोछोरी पाएकाले होला उनले पत्नीमोह त्याग्न सकेनन् । कर्तव्यनिष्ठ बुबा र पति बनिरहे, मलाई गोठाल्नी बनाएर ।

•

जब स्कुलको आर्थिक अवस्था मजबुत बन्दै गयो, छोरीहरूलाई ऋपक्क सुनका गहना लगाइदिएँ । उनका साथीसङ्गीभन्दा राम्रा लुगाले सजाएँ । परीजस्ता भए छोरीहरू र श्रीकृष्णजस्ता भए छोराहरू । प्रत्येक जन्मदिनमा उपहारले हँसाउन खोज्थेँ । मेरा बच्चाहरू जस्तो पायो त्यस्ता लगाउँदैन भनेर उनीहरूको वैयक्तिक गुणको बखान गर्थें मैले । पसलेले यसरी नै हुर्काउनु भयो क्यारे तपाईंले भन्थे । सबैले मेरा बच्चाको सोख मेरो कर्तव्य बुझेका छन् भनेर मक्ख पर्थें म ।

समयले फड्को मार्दै जाँदा उनीहरू परिपक्व र शिक्षित बन्दै गए । यतिखेर परी र श्रीकृष्ण बन्न सकेनन् । उनीहरू मेरो जीवनलाई मन्थरा र कंस बनेर रुवाए, टुक्राए । मेरो समान व्यवहार गर्ने आफ्नो मान्ने मन निथ्रुकै भिजाए । जसको मैले कहिल्यै

कल्पनासमेत गरिनँ । आज आफ्नो कर्तव्यपालनको सोच मायाले माया साट्ने चाहना तुहिएर शून्यतामा बिलाएको पाएकी छु मैले ।

मेरा शुभचिन्तकहरूले, आफ्नाहरूले अर्काका छोराछोरीसँग यसरी मुटु नजोड्न पटकपटक सम्झाएका थिए । भन्थे, उनीहरू स्वार्थी छन्, पापी छन्, यिनीहरूको हरेका क्रियाकलापमा स्वार्थको गन्ध आउँछ, चिनेर नडुब्नु भन्थे ।

म सोच्थें, फूल रोपे फूल उम्रन्छ, काँडा रोपे काँडा उम्रन्छ । म एक कोमल फूल हुँ जसले प्रेम रोपेकी छु । सद्भाव फैलाएकी छु । तेरोमेरो भन्नु मान्छेको मन हो । मैले प्रेम, विश्वास र साँचो भावना फैलाएकी छु । कसरी भुल्लान् र भनेर त्यतिखेर मैले भुसुक्क बिर्सेकी थिएँ । तीन वर्ष लामो पिरतीमा चोपलेर कसरी उछिट्टचाएर बगरमा फालेका थिए उनीहरूका बाबाले, ती उनकै खुन भएर हो कि ?

उनीहरूका आमाको लोग्नेलाई विश्वासघात गरेर सँगालिएको धन रगतले सिँचिएर भएको हो । सायद यी सबै एकै ठाउँमा मिल्न पुग्यो । त्यसैले उनीहरूमा राक्षसको व्यवहार जन्मियो । किनकि मैले जन्माएका बच्चाहरूको खुन पनि तिनै बाउको थियो । जो आफ्नो इच्छाको बलि दिन तत्पर थिए । फेरि मैले नजन्माएर मेरो परिवारमा हुर्किएको बहिनीको छोरा पनि थियो, आज ऊ मेरो छोरा बनेको छ । उसले मेरा सबै पीडा, हाँसो, रोदन बुझ्छ । मेरो आँसु आफ्नै हातले पुच्छ । आजभोलि केको अन्तर हो यो ?

कोही साइन्स पढ्न बाहिर गए । कोही लाहुरेको तालिममा गए । कोहीलाई बिबिएस पढ्न पठाएँ । उनीहरूको माग जसरी हुन्छ आर्थिक जोहो गरेर पूरा गर्ने कोसिस गरें र मेरी छोरीको इच्छा, रहर र क्षमताको बलि चढाएँ । उनले ल्याएको उत्कृष्ट नम्बरको कदर र सम्मान गर्न सकिनँ मैले । उनका इच्छा निचोरेर

पनि कहिल्यै आफ्ना बन्न नसकेका उनका दाइदिदीका इच्छा पुर्ने कोसिस गरेर मेरी छोरीको इच्छा र क्षमताको बलि चढाएँ । मैले जतिसुकै राम्रो डिभिजन भए पनि मन पर्ने विषय साइन्स पढाउन सकिनँ । अरूलाई इच्छाअनुसार बाहिर पठाएर मेरी छोरीलाई स्थानीय उच्चमाविमा अङ्ग्रेजी विषय पढन पठाएँ । किनकि वर्षौंदे छोराछोरीका अगाडि, उनका इच्छाका अगाडि मेरी छोरीको पनि रहर पूरा गर्ने मभित्र आर्थिक क्षमता थिएन । यो कुरा मेरो प्राण चुसेर भए पनि आफ्ना मृगतृष्णा मेट्ने मनहरूलाई के थाहा, के मतलब ? जो कुरा मेरी छोरीले मात्र महसुस गरेकी थिइन् । जब मैले उनलाई उच्चमाविमा पठाएँ, जाँदै गर्दा उनका आँखामा टिलपिलाएका आँसु स्पष्ट देखेकी थिएँ । उनले मेरो अगाडि आँसु खस्न दिइनन् । किनकि उनको आँसुले मलाई कमजोर बनाउँछ भन्ने उनले बुझेकी थिइन । साथै मेरो उदारता र विवशता भित्रबाट नियालेकी थिइन् उनले । मैले आफ्नो इच्छाको मात्र बलि दिइनँ, मेरा बच्चाहरूको रहर र इच्छाहरूको बलि दिँदासमेत कहिल्यै चित्त बुझाएनन्, दिल खोलेर कहिल्यै हाँसेनन् । सधैँ रुष्ट, सधैँ असन्तोष, कस्तो ढुङ्गामन लिएर जन्मेका हुन् ? हुन त यस्तै ढुङ्गाजस्ता मन भएका हुनु बेस लाग्न थालेको छ मलाई । जसले अरूलाई टुटाउन, फुटाउन सक्छ तर आफू कहिल्यै टुट्दैन ।

मेरी मुमा सधैँ भन्नुहुन्थ्यो, एउटा बच्चा जन्मा भोलि तेरी छोरी एक्ली हुन्छे । हेर्दै जा यी कहिल्यै तेरा हुन्नन् । कति घमन्डी छन् । कहिल्यै उज्याला देखिँदैनन् । अँध्यारा सधैँ अँध्यारा ! यस्ता त पापी हुन्छन्; बुझिस् ! मेरी आमाले मात्र नभनेर छरछिमेकीहरू पनि यस्तै भन्थे । तर म विश्वास गर्दिनथेँ । फूल छरेकी छु फूलै उम्रन्छ भन्ठानेकी थिएँ । तर कस्तो अचम्म ! उनीहरू त पाते सिँउडी भएर निस्किए । जताततै काँडैकाँडा देखिन थाले । यिनीहरू न समाउन मिल्ने न टाँस्न मिल्ने नै थिए ।

आजभोलि लाग्छ अर्को बच्चा जन्माएर मैले ठीक गरेकी रहिछु । मुमा र सासूले भनेको ठिकै रहेछ । छोरी एक्ली हुने रहिछ । हुन त बहिनीले जन्माएको छोरा, मेरो छोरा र मेरी छोरी गरेर तीनवटा छोराछोरी मसँग छन् । म नौ जनाकी आमा बनेकी थिएँ र यी नौ जनासँग मैले धेरै आफन्त पनि हुर्काएकी थिएँ । भान्जाहरू, मेरो कान्छा देवर, देवरका छोरा पनि मसँगै थिए ।

जब म गाउँको मूल घरमा गएकी थिएँ त्यतिबेलै कान्छा देवर मसँगै बस्छु भनेर सँगै आएका थिए । उनलाई र भान्जाहरूलाई पनि तिनै छोराछोरीजस्तै गरेर मैले पढाएँ । एउटै खाना खुवाएँ, एउटै ओछ्यानमा सुताएँ । भान्जाहरूलाई पनि त्यसै गरेँ । म उनीहरूलाई पढाउने गर्थें । गल्ती गर्दा हप्काएँ । पिट्न मेरो हात कहिल्यै उठेन ।

कस्तो विडम्बना, एउटै अन्नले पनि कतिमा गुणको खानी जन्मायो, कतिमा विषको थुप्रो जन्मायो । मेरा शिष्यहरूका लागि आमाजत्तिकै पूज्य छु । ती छोराछोरीका अप्रिय पात्र किन ! जीवन दुखेर छताछुल्ल पोखिँदा मलाई मायाको रापले सेकेर मभित्र आत्मविश्वास जगाउन खोज्ने सासूससुरा साँच्चिकै यस घरका मेरा प्रिय पात्र रहेका छन् मेरो छातीभरि । एउटै परिवार, एउटै काख, एउटै माया तर कोही कस्ता कोही कस्ता भएर किन निस्किए ? मेरा शिष्यहरू मेरो गोडा ढोग्छन् । जबकि उनीहरूलाई खुवाएको गाँस सीमित भए पनि शुल्क लिन्थेँ मैले ।

मैले जीवनका हरेक मोड र घुम्तीहरूमा आत्मीयता खोज्न दौडिरहेँ । तर मैले तिरस्कार, घृणा, चोटभन्दा अरू केही पाउन सकिनँ । कुन स्वार्थको पोखरीमा खस्न पुगेँ म ! जहाँ पलपल निसास्सिँदै, श्वास फेर्दै जिउँदो लास बनेर पौडिन बाध्य बनेका छन् मेरा अनकन्टार जीवनका यात्राहरू । यो नियति कहिलेसम्म भोग्नुपर्ने हो, अनभिज्ञ छु म ।

कहिलेकाहीँ म मुक्तिको कामना गर्छु भगवान्सँग । मलाई कहिल्यै जीवन मीठो लागेन, प्यारो र रमाइलो पनि लागेन । विवाहपछिका त्यस्ता पल, क्षण पनि स्मरणमा छैनन् जहाँ म एक पल सम्झेर मुस्कुराउन सकूँ । मलाई थाहा छ जीवन आँसु र हाँसोको सङ्गम हो । तर वयस्क नबन्दै मेरा हाँसोले बाटो काटिसकेको रहेछ । मेरो जीवनबाट खुसी ओझेल परिसकेछ । लामा दर्द र यातनाका पहाड छोडेर ती पहाडले दिनदिनै थिच्छ मलाई । थिलथिल पार्छ र मन फेरि क्षतविक्षत भएर भत्कन्छ । अनि म गर्ल्याम्म पछारिन्छु चेतना हराएर ।

म धर्ती बन्ने अठोट गरेर इच्छाहरू निमोठ्दै सम्झौतामा जीवन उनेर अगाडि बढ्न तम्सिएकी थिएँ । मनलाई आफ्नै मुठीको झ्यालखानामा थुनेकी थिएँ मैले । आफूभित्र पीडा र दर्दले नभेट्ने क्षमता उमारेँ भन्ने मलाई लाग्थ्यो ।

दोस्रो पटक आमा बन्दा आफूभित्र क्षमताको विकास भएको मैले अनुभूत गरेकी थिएँ । दोस्रो बच्चा जन्माउँदा मैले आफ्नै कोठामा जन्माउने प्रयास गरेँ, म अस्पताल गइनँ । नियमित चेक गराएँ, ठिकै थियो । नर्स मेरै दिज्यू मामाकी छोरी आउनुभयो । सुत्केरी व्यथाले च्याप्यो मलाई, यस पटक पनि उनी घरमा थिएनन् । कुनै अपेक्षा पनि रहेनछ मनमा । छोरी जन्मँदा उनी नहुँदाको दर्दले जति जलेकी थिएँ म । यस पटक उनी नभएको मनमा कुनै गुनासो नै थिएन । चुपचाप लागेर मैले व्यथा सहेँ, बच्चा जन्मियो । मुमा असाध्यै खुसी हुनुभयो । छोरा रहेछ, मेरी छोरीको दु:ख गए अब उहाँले भन्नुभयो ।

मैले छोरा जन्मँदा र छोरी जन्मँदाको हर्षमा कुनै अन्तर मानिनँ । दिज्यू पनि खूब खुसी हुनुभयो र भन्नुभयो, उ:सम्म पनि नगर्ने कस्तो व्यथा सहन सकेकी तिमीले । यति सुत्केरी गराएँ तर यस्तो दुखाइमा पनि ऐया नगर्ने स्वास्नीमान्छे मैले तिमी मात्र देखेँ

भन्नुभयो । मनमनै भनेँ, हजुरलाई कहिल्यै मुटुको दुखाइ कस्तो हुन्छ भन्ने थाहा नै भएको छैन । सुत्केरी हुँदाको दुखाइभन्दा मुटुको दुखाइ कति कष्टकर हुन्छ ।

छोरी जन्मँदा बहिनी र म मात्र थियौँ । ज्वानोको झोलसम्म उमाल्न नजानेको पीडाले गर्दा मैले घरमै अर्को बच्चा जन्माएकी थिएँ । छोरालाई पुलक्क हेरेँ ।

मेरो छोरा पनि उज्यालो र निश्चल थियो । सोचेँ, मेरा बच्चाको उज्यालोले जीवनका अँध्यारा घुम्ती काट्न मलाई सजिलो होला । यतिखेर आमा बन्दा मलाई उनी नहुनुको पीडाले छोएन । त्यसैले मनमनै महसुस गरेँ, म धर्ती बनेछु । दुख्दै नदुख्ने, अटल र अमर धर्ती जस्ती पो भए जस्तै मलाई लाग्यो ।

त्यतिखेरसम्म मैले उनका छोराछोरीसँग गाढा आत्मीयता गाँसिसकेकी थिएँ । उनीहरूसँग मैले भनेँ, ‘अब तिमीहरू नौ भाइबहिनी भयौ ।’ मैले उनीहरूको प्रतिक्रियामा ध्यानै दिइनँ । समयसँगै बिस्तारै फेरि म धर्तीबाट कोमल नौनीमा परिणत भइसकेकी रहेछु । सन्तानमोहमा फेरि चुर्लुम्म डुबेर उनको अभावलाई उनी र मेरो दूरी वास्ता नगर्ने भएकी रहेछु । फेरि मेरो मनमा मोहले जन्म लिइसकेछ मातृत्व बनेर ।

हाम्रो स्कुलनजिकै अर्को स्कुल खुल्यो । जसका कारण हाम्रा विद्यार्थी बाँडिए । अब हामीले सबैसबै मिलेर खूब मेहनत गर्नुपर्ने चुनौती थपियो । डिप्लोमा पढ्दै र पढाउँदै गरेका छोराछोरीले यही अप्ठेरो घडीमा हामीले घर छोडचौँ भन्ने बेहोराको पत्र छोडेर बाहिरिए । जहाँ स्कुल दुखेको थियो, आर्थिक अवस्था क्षतविक्षत भएको थियो, त्यति नै बेला आफू ओतिएको मन्दिरको छानोमा लात हानेर उनीहरू निस्किए स्कुललाई गर्ल्याम्मै ढलाउनका लागि । छिमेकमा गएर भन्थे रे, ‘अब बाहिर जति पनि रोजगारी पाइन्छ ।

पढेका छौँ, छोडचौँ घर ।' कति बुद्धिमान्, कति दूरदर्शी, पढ्नैका लागि आफ्नो भविष्य निर्माणका लागि मात्र बसेका, आमा बन्न खोजे पनि सौतेनी आमाको दाग बोक्न बाध्य थिएँ म । समय परिस्थितिले मलाई एकपछि अर्को दागमा चोपेको थियो ।

•

दोस्री नबन्ने सर्तमा मैले प्रेम गरेँ । तर म दोस्री नै बन्न पुगेँ । दोस्री बनेर गरेको पाप कटाउँछु भन्दै छोराछोरी सम्हालेर आमा बन्ने कोसिस गरेँ । सौतेनी आमाको दाग घस्न पुगेँ । म पुण्य कमाउने सोच्दासोच्दै पापको भागिदार भएँ । प्रतिष्ठा जोगाउने सोच्दासोच्दै बदनाम भएँ । एक पटक मेरी अत्यन्तै मिल्ने साथी जो अर्को जिल्लामा बस्छिन्, उनी माइत आएकी थिइन् । उनले आफ्नो जिल्लामा मेरी साथी साहित्यकार हुन् भन्दै त्यहीका आफ्ना साथीमाझ मेरा गजल देखाउँदा उनका ती साथीहरूले सौताका छोराछोरीलाई कस्तो बनाएकी छे रे भनेर सुनाएछन् । उनले जबाफ दिइछन्, 'हो मेरी साथीले बनाएकी छिन् आफ्नो खुसी, रहर बेचेर समेटेकी छिन् । सौताका छोराछोरी पालेकी छिन्, पढाएकी छिन् । आफ्नो छोरी स्थानीय उच्चमाविमा पढाएर सौताका छोराछोरीहरूलाई साइन्स, बिबिएस, लाहुरेको ट्रेनिङ गर्न लाखौँ खर्च गरेकी छिन् । यस्तो कसले गर्छ ! त्यसैले उनले कस्तो राम्रो गरेकी छिन् सौताका छोराछोरीलाई ।' मसँग भेट भएको बेलामा तिमीले धेरै गर्दै छयौ त्यसैले तिम्रा छोराछोरीलाई पचेको छैन, ठिक्क गर । तिम्रा छोराछोरी अर्को ठाउँमा गएर तिमीले उनका लागि गरेको त्याग र तपस्याविपरीत बोल्दै छन् । तिमी कुनै आशा नराख यिनीहरूबाट, दिल टुटाउँछन् तिम्रो, तिमी साह्रै कोमल छयौ ।

मेरी साथीको कुराले खूब आघात पऱ्यो मलाई, मनमनै मैले तर्कवितर्क गरेँ । यस्तो त नबोल्नुपर्ने हो, गरेर खाको देखेर मान्छेलाई जलन हुन्छ । हाम्रो बीचमा दरार ल्याउन मेरी साथीलाई कसैले

कुरा लगाएको हुन सक्छ छोराछोरी र मेरोबीचमा । यस्तै सोच बनाएर आघात बिर्सिएँ । मन टालेँ मैले । त्यति बेला मैले भुसुक्कै बिर्सिएकी साथीलाई कुरा सुनाउने मेरा ठाउँमा थिएनन् । हाम्रो प्रगति र दुर्गतिसँग कुनै सरोकार थिएन उनलाई किनकि उनीहरू बाहिरका थिए र केही देखेका थिएनन्, सुनेका मात्र थिए ।

म सोच्थेँ; सौतेनी आमा क्रूर हुन्छन्, स्वार्थी हुन्छन भनेर दिइने परिभाषा बदल्छु, नयाँ इतिहास खडा गर्छु भनेर । तर मैले सोचेको जस्तो हुन सकेन । परिस्थिति उल्टो बनेर खडा भयो मेरा अगाडि । अहिले झलझली सम्झन्छु । मेरी अत्यन्तै नजिककी अर्की साथी यहाँबाट बसाइ सरेर जान लाग्दा उनले मसँग तिम्रो छोराछोरी र तिम्रो फोटो देऊ भनेर मागिन् । मैले खिचेको छैन, यसरी म र मेरो छोराछोरीसँग मात्र तस्बिर खिच्दा अरू छोराछोरीले चित्त दुखाउँछन्, त्यसैले मैले मेरा छोराछोरी र आफ्नो मात्र तस्बिर खिच्ने रहर कहिल्यै गरिनँ भनेँ । त्यति बेला उनले 'अति गरेकी छचौ खति हुन्छ, हेर्दै जाऊ । उनीहरू तिमीले सोचेका जस्ता छैनन् तिमीलाई दुखाउँछन्' भनेकी थिइन् । आज झलझली सम्झना आउँछ मलाई साँच्चि उनीहरूले कहिल्यै मसँग तस्बिर खिच्ने रहर गरेनन् । उनीहरू आमाविहीन पनि थिएनन् । म आफैँ जबरजस्ती उनीहरूको आमा बन्ने रहर गर्ने रहेछु र आमाले पूरा गर्ने सम्पूर्ण दायित्व पूरा गर्न तम्सेकी रहेछु । उनीहरूले त मलाई आफ्नो पालनपोषण गर्ने रहर सुविधा पूरा गर्ने दासको स्थान दिँदा रहेछन् ।

कहाँ म नयाँ इतिहास रच्न तम्सिएकी सबैले हेर्ने रमिता बनेर पस्किएँ । अरु उनका छोराछोरी सबै जम्मा भएर टेबुलमा मुठी बजार्दै उफ्रेको वास्तविकता कति कहालीलाग्दो थियो, जब उनीहरू झगडा गर्न आएर बसे । मैले सबैलाई सरसरती हेरेँ, साना मैलोले मुछिएका, नाङ्गा खुट्टा, मुखभरि फोहोर दलेका नजिक जान पनि घिन मान्थे मान्छेहरूले । तिनैलाई मैले स्याहारसुसारले सुकिला

पारेँ । उनीहरूलाई रूखोसुखो जुटाएर खुवाएँ र उनीहरू सबै तन्दुरुस्त, हृष्टपुष्ट भएर आए । मैले पालनपोषण गरेको पैँचो तिर्न, म बोलेँ, 'किन यस्तो गर्छौ ? किन मान्छे हँसाउँछौ ?' जबाफमा 'के गरिस्, हाम्रो स्कुलमा एक गाँस खान दिइस्, एकसरो लाउन दिइस्' भन्दै उफ्रिए, आत्मसम्मान बन्धकी राखेर खुवाएको गाँस र कपासको कत्रो सम्मान ?

त्यस बेलासम्ममा मेरो धैर्यको बाँध गर्ल्यामगुर्लुम ढलिसकेको थियो । म उठन नसक्ने भएर पछारिएँ, यसरी औँला ठडयाउँदा मैले परी र श्रीकृष्ण बनाउन लगाइदिएका सुनका सिक्री र ब्रास्लेटहरू मलाई गिज्याएर हेरिरहेका थिए र भनिरहेका थिए, 'देखिस् हामी पनि गाँस र कपासजस्तै भयौँ बल्ल खाइस् ।' मैले धेरै देखेकी छु, आफैँले जन्माएका सन्तान पनि पराई भएका । मलाई मैले गरेको उपकारको बदला चाहियो भनेको पनि होइन तर हाम्रा लागि गरेको हो नभने पनि औँला ठडयाएर के गरिस् नभनेको भए मेरो पटकपटक घायल भएर दुखेको मन छताछुल्ल भएर पोखिने थिएन । एकातिर यही बेलामा मेरो मन्दिरलाई चुनौती थपिएको थियो । अर्को स्कुल खुलेको थियो, मेरा विद्यार्थी बाँडिएका थिए । उनीहरू घर छोडेर गएका थिए र आज झगडा गरेर कोलाहल मच्चाएर गुण तिर्न आएका थिए । कस्तो परिस्थिति देखा पऱ्यो ?

•

आजभन्दा बाह्र वर्षअगाडि घटेको मेरो जीवनको त्रासदीपूर्ण घटना जुन घटनाले झन्डैझन्डै मैले मानसिक सन्तुलन गुमाएँ । दिनभरि म खटेर काम गर्थें । मनभित्र पहिरो गएकोगएकै हुन्थ्यो । त्यस्तै पहिरोसँगै रातभर निदाउन सक्दैनथेँ म । उनका छोराछोरीको वचनबाणले भाला बनेर घोच्थ्यो मुटुमा । आत्मसम्मान बन्धकी राखेर पनि चित्त बुझाउन सकिनँ भन्ने अपसोचले मलाई खर्लप्प

निलेको थियो । अर्को स्कुल मेरो स्कुललाई निल बनाउने हल्ला फिँजाउँदै खुलेको थियो । कस्तो विडम्बना दुवैतिरबाट धक्का परेको थियो हृदयमा । त्यतिखेर जसरी भए पनि मैले आफू सम्हालिन जरुरी थियो । किनकि मेरो मन्दिरलाई चुनौतीको बाछिटाले भेटिसकेको थियो ।

मान्छेमा धैर्यको सीमा पनि कतिसम्म हुन्छ र ? विविध घटनाहरूले मलाई मेरो मर्ममै प्रहार गर्थ्यो । पहिले बाँच्न पर्ने बाध्यता बनेर छोरी तेर्सिई र पछिचाहिँ स्कुल तेर्सिएको थियो । म स्वार्थी, पापी बन्न सकिनँ । आफ्नै शरीरको समेत हुन सकिनँ म । मैले आफ्नो आत्मसम्मान फर्काउने स्कुललाई कसरी धोका दिन सक्छु ? यस्तै सोच्दै म दिनभरि स्कुलमा खट्थेँ । साँझ कमजोर बच्चा जम्मा गरेर निशुल्क टचुसन पढाउँथेँ । रात मेरा लागि आँसुले चेहरा पखाल्ने र मन पखाल्ने पल बनेको थियो । मेरै जीवनमा कस्तो विडम्बना !

एक्काइस वर्षपहिलेको घटना दोहोरियो फेरि मेरो जीवनमा । त्यस बेला उनले एक्लै पारेपछि म रुन्थेँ । अहिले उनका बच्चाहरूले दिएको मानसिक आघातका कारण म रुँदै छु । मलाई सब घृणा लागेर आयो । पहिले दुख्ने मुटुमा घृणा धेरै थपियो र म उनीसँग नै छुट्टिने निर्णयमा पुगेँ । म डिभोर्स गर्न नै कस्सिएँ । योभन्दा धेरै भोग्नुपऱ्यो भने मैले मानसिक सन्तुलन गुमाएर पागलखाना पुग्नुपर्ने निश्चित थियो । त्यसैले म डिभोर्स गर्ने मनस्थितिमा पुगेकी थिएँ । वकिलको खोजी गर्न थालेँ । त्यस बेलासम्म पनि उनी मौन थिए । सायद छोराछोरीबाट यस्ता व्यवहारको आशा राखेका थिएनन् उनले ।

छोराछोरीबाट सबैले अपेक्षा गर्छन् तर उनको अपेक्षा र विश्वास डरलाग्दो थियो । उनी भन्ने गर्थे, 'मेरा बच्चाले तिमीलाई मदर टेरेसाको सम्मान दिन्छन् किनकि यिनी मेरा हुन् ।' मलाई

कहिलेकाहीँ आफ्नै मूर्खताप्रति हाँसो पनि उठ्छ । उनले रानी बनाउँछु भनेर घरेलु कामदार बनाए । मेरो कलिलो मनलाई पतझर बनाए । मलाई रूखो जमिन बनाए । उनैको भनाइमा मैले कति गहिरो विश्वास जगाएँ । कति कमजोर मनकी म । उनका छोराछोरीमाथि निर्धक्क भएर भरोसा गरेँ । मलाई उनले भनेजस्तो सम्मान होइन, अपमान नगरेको भए पनि पुग्थ्यो । तर मैले सोचेजस्तो केही भएन । मनभित्रभित्रै यसरी पटकपटक मर्दै, जाग्दै गर्नुभन्दा एकै पटक मर्छु भन्ने सोच बनाएँ मैले । त्यसैले डिभोर्सको कुरा उठाएँ । बिहान उनका भिनाजु आउनुभयो, केही कामले । त्यतिखेर म वकिल खोज्दै थिएँ । उहाँले सबै कुरा बुझ्नुभएछ क्यारे र उनीसँग भन्नुभयो, 'साला यिनले धेरै मन दुखाइन् । यिनी भइनन् भने तिम्रो के होला ? तिमीलाई यति माथि उठाइन्, छोराछोरी स्याहारेर पढाइन्, लेखाइन् । उनीहरूले यिनको चित्त दुखाएर ठूलो पाप भोगेका छन् । तिमीले यिनको मन शान्त पार । के भन्छिन् सम्पत्ति, धन, जोजो भन्छिन् देऊ ।' उनको भिनाजुले यति भनेपछि उनी बोले, 'हैन भेना सबै यिनकै हो ।' त्यति बेलै मेरो दाजु आउनुभयो ।

उनीसँग बिहे गरेको पन्ध्र वर्षपछि हामी माइतीमा भित्रियौँ । मेरो लामो सङ्घर्षले मेरो माइतीको मन पगाल्यो सायद । माइतीले मेरो पुरानो गल्ती माफ गरेर मैले गरेको सङ्घर्ष र कर्तव्यपालनको हल्का प्रशंसा गर्न सुरु गरेका थिए ।

•

स्कुलको आफ्नै भवन बनिसकेको थियो । उनलाई पनि सम्मानित नजरले हेर्न थालेका थिए मेरा माइतीले । पच्चीस वर्षअगाडि मैले समाजमा व्याप्त जातीय विभेदको पर्खाल भत्काउने साहस गरेकी थिएँ र अन्तर्जातीय विवाह गरेकी थिएँ । दाजुले मेरो कुरा बुझेर 'पहिले डिभोर्स गर भन्दा मानिनस्, यत्रो सङ्घर्ष सिद्धाएर आज केको पागलपन हो यो' भन्नुभयो । उहाँले भनेझैँ म

समयका झापड, पटकपटकका हालतको थप्पडले साँच्चि नै पागल हुन लागेकी थिएँ । 'म हजुरहरूको बोझ बन्दिनँ, श्रम गर्न जानेकी छु । म आफू र बच्चा पाल्न सक्छु । यहाँ पो मैले कुन सुख भोग गरेर बाँचेकी छु र ? निरन्तर चलिरहने मेसिन र सबैको अभाव पूरा गर्ने कारखाना न हुँ म, मैले दाजुलाई भनेँ । दाजुले त्यसो भन्न खोजेको होइन अन्तिम निर्णय गर्नुभन्दा अगाडि अलि सोच्नू र जबाफ दिनू, अरू वकिल नखोज्नू भनेर निस्कनुभयो । दाजुसँगै उनी पनि बाहिर निस्किए । दाजु आफैं वकिल भएकाले वकिल बाहिर नखोज्नु भन्नुभएको थियो ।

एकछिनपछि ठूलो बुबाको छोरा दाजु मलाई भेट्न आउनुभयो । दाजु र म बाल्यकालमा सँगै खेल्ने साथी थियौँ । नानु के छ हालखबर भनेर सोध्नुभयो । आँखा जुधाउन सकिनँ । शिर निहुर्‍याएर 'ठिकै छ दाजु !' भनेर जबाफ दिएँ । उहाँले भन्नुभयो, 'नानु तिमी अत्यन्त समझदार छौ । यस्तो कदम चाल्ने सोच बनाउनुहुन्छ ? भान्जाभान्जीको पढाइमा असर पर्छ । यत्रो जीवन त तिमीले सङ्घर्ष गरेर धकेल्यौ । भान्जी परीक्षाको मोडमा उभिएको बेला टेन्सन हुन्छ । पहिले छोड्न मानिनौ । अब यत्रो नयाँ सिर्जना गरिसक्यौ । तिम्रो स्कुलको अवस्था के होला ? आवेशमा नआऊ । तिमीले निभाएको कर्तव्य सबैले देखेका छन्, बुझेका छन् । सबैले थुकेका छन् तिम्रा चित्त दुखाउने छोराछोरीहरूलाई, चिन्ता नगर हामी छौँ । तिमी हामीभन्दा सक्षम छौ । तिमीले उचाइ टेकेकी छौ । त्यसैले हामी चुप छौँ । तिमीलाई काँढा बिझ्न पनि दिन्नौँ' भन्नुभयो ।

अरूलाई के थाहा र ! मेरा मुटुमा कति पटक काँडा रोपियो, भाला रोपियो । मभित्र बज्रपात कति परे भन्न सक्तिनँ । सोच्थेँ, बोल्ने ठाउँ नै राखेको थिएन् केही बोलिनँ । दाजुले मलाई सम्झाएर उठेर जानुभयो । एकछिनपछि फेरि ससुरा आउनुभयो । त्यस बखत उहाँ जिविसको सभापति हुनुहुन्थ्यो । त्यस समयमा सबैका उहाँ

अत्यन्त प्रभावशाली व्यक्तित्व मानिनुहुन्थ्यो । उहाँ आएर सोफामा बस्नुभयो । 'चिया पिउने बुबा ?' मैले सोधेँ । मैले सासूससुरालाई उनले भनेजस्तै आमाबुबा नै भन्ने गर्थें । उहाँहरूको मायाको न्यानो राप नपाएको भए त झन् जिन्दगी पहिल्यै मरिसक्थ्यो । त्यसैले उहाँहरूलाई मैले हृदयमा आमाबुबाको स्थानमा विराजमान गराएकी थिएँ । ससुराले 'पर्दैन चिया' भन्नुभयो । 'तैँले किन यत्रो निर्णय गर्न खोज्दै छेस् ?' उहाँले एक्कासि सोध्नुभयो र आफैँ आफ्ना नातिनातिनाको बारेमा भन्न थाल्नुभयो, 'तैँले मेरो छोराको भत्केको घर सम्हालेकी होस्, हाम्रो इज्जत राखिस् । सौताका छोराछोरी आफ्नै बनाएर पालिस् । पुण्य कमाएकी छस् तैँले । तैँले हामी सबैको आशिर्वाद पाएकी छेस् ? तैँले आफैँले जन्माएका छोराछोरीले तेरो आशा पूरा गर्छन् । तैँले पालेका मेरा नातिनातिना हुन् तर धेरै स्वार्थी दूध खाएका छन् । उनीहरू अति स्वार्थी छन् । उनीहरूलाई तैँले के पुऱ्याइनस् र ? तेरा आफ्ना बच्चाको मुख हेर । तेरा सौताका छोराछोरीले खोजेकै यही हो । तँलाई र तेरो लोग्नेलाई छुट्टयाउने; स्कुल तहसनहस बनाउने, जसरी उनीहरूका आमाले पसल, घर तहसनहस बनाई; त्यही गर्न तम्सिएका छन् ।' तर उहाँहरूलाई मेरो मनभित्रको डाहा थाहै थिएन ।

सबैका आकाङ्क्षाका खाडल पुर्दापुर्दै म कति कमजोर बनिसकेकी छु । वादविवाद गर्ने विषय बनेकी छु । फेरि पनि यस्तै आघात झेल्ने मभित्र हिम्मत बाँकी रहेको छैन । मैले मसिनो स्वरमा भनेँ, 'बुबा ! मैले जति झेलेँ, झेलेँ, अब झेल्न सक्दिनँ, मभित्र अरू झेल्ने साहस छैन ।' ससुराले भन्नुभयो, 'यस्तै गरेर कमजोर बनाउन खोज्नेहरूको हाँसो गरा । बुढेसकाल तँसँगै काट्ने मन थियो । अब हामी बूढाबूढीलाई विष दे अनि तँ जा ।' यति भन्दै ससुरा बाहिर निस्कनुभयो । ससुराका कुराले म स्तब्ध भएँ । त्यो स्थानमा बसेका उच्च आत्मबल भएका मान्छेलाई मबाट कति ठूलो आशा ? त्यतिखेर

म आफैँलाई उच्च भएको महसुस भयो । मनमनै सोचेँ, म अझ धेरैका लागि आशा थिएँ । अझ मेरा सम्मानित व्यक्तित्वहरूको विश्वासको म पात्र थिएँ । ससुरा उठेर गएपछि यिनै कुरा खेलिरहे मेरा मनभरि । अनि एक्कासि मेरो कदम रोकियो, मन रोकियो । मैले अझै सङ्घर्ष यही घरमा गर्नुपर्ने भयो भन्ने सोचेँ ।

सासूससुराका छोराबुहारी धेरै थियौँ तर ममाथि नै ससुराले आफ्नो विश्वास पोख्नुभएको थियो । साँच्चै नै ससुराको विश्वास धमिलो कहिल्यै थिएन । जब ससुरा धेरै बूढो र अशक्त हुनुभयो । त्यति बेला पनि स्कुलसम्म आएर मँसग नजिक बस्न चाहनुभयो । अल्जाइमर भएकाले उहाँमा स्मरण हराएको थियो । उहाँलाई औषधि गऱ्यौँ, टाउकाको अप्रेसन भयो । दिमागमा पानी भरिएको रहेछ । सबै खर्च मैले नै जुटाएँ । अप्रेसनपछि पनि उहाँ पूर्ण होसमा आउन सक्नु भएन । उहाँले हरपल मलाई हेर्न चाहनुभयो । उहाँ मेरो बरन्डामा बस्न खोज्नुहुन्थ्यो । दिनभर म क्लासमा जान्थेँ, आउँथेँ । घरमा आएर म उहाँलाई नास्ता र फलफूल खुवाउँथेँ । म कामविशेषले घरबाहिर टाढै गएँ भने छोराछोरीसँग 'तिम्रो आमा खै' भनेर रुनुहुँदो रहेछ । म बाहिर कतै गएर फर्किएँ भने बच्चाजस्तै रमाउनुहुन्थ्यो । खुसी भएर हाँस्नुहुन्थ्यो ।

ससुरालाई गाउँको घरमा सासूले लिएर गएको बेला हेलचेक्र्याइँबाट नै उहाँको खुट्टा भाँच्चिएछ । उहाँका आफ्ना धेरै थिए । कसैले वास्ता गरेनछन् । एक पटक हेर्नसमेत आएनछन् आफ्ना भनाउँदाहरू । जसै सासूले मलाई फोन गर्नुभयो । मैले गाडी पठाएँ सासूससुरा लिनलाई । उहाँहरू हाम्रो घर आइपुग्नुभयो । ससुरालाई देखेर म खूब रोएँ । मैले त्यतिखेरै भनेँ, 'म गर्छु औषधि, अझसम्म म जिउँदै छु ।' त्यसपछि मैले खर्च पनि जुटाएँ र उहाँहरूलाई औषधि गर्न काठमाडौँ पठाएँ । मेरा ससुराको खुट्टाको अप्रेसन भयो । मैले ससुराको रोग धपाउने, लखेट्ने कोसिस गरेँ तर काललाई

जित्न सकिनँ । अन्तिम बिदाइ गरेर पनि मैले नै पठाएँ । अप्रेसन भएको छ महिनापछि उहाँको स्वर्गवास भयो ।

उनले मेरो निर्णय सुनेर दाजु र ससुरालाई खबर गरेको मैले थाहा पाएँ । अब उनी मेरो निश्चलता, समर्पण र निष्ठाका अगाडि पग्लँदै थिए । तर उनको मप्रतिको स्नेहमाथिको विषयमा मैले त्यति चासो राखिनँ ।

मेरी सौताले मेरा छोराछोरीलाई पटकपटक साङ्घातिक आक्रमण गरेकी थिइन् । मान्छे नभएको भए सायद बाँच्ने थिएनन् । फोहोर गाली गर्न उनले मेरा माइतीलाई पनि छोडिनन् । उनले मार्न खोज्दा पनि मेरा बच्चाहरूलाई उनीविरुद्धमा मैले कहिल्यै बोल्न दिइनँ । उनको सम्मान गर्न नै सिकाएँ ।

•

हामीलाई थाहै छ, समय र शरीर कहिल्यै एकनास हुँदैन । हरेकका समयले कोल्टे फेर्ने गर्छ । शरीर जीर्ण बन्छ, रोग लाग्नु अनेकन् परिस्थितिको सामना गर्नुपर्ने हुन्छ । मान्छेले आफूलाई शक्तिशाली र अजम्बरी सोचेको हुन्छ । मान्छे अर्को निरीह र आफूभन्दा कमजोरलाई थिच्न, मिच्न र च्याप्न खोज्छ । यस्तै समयको चक्रमा मेरी सौता पनि परिन् ।

मेरी सौतालाई सुगरको रोगले छोएछ । मुख बारेपछि उनको शरीरमा सुगर सामान्य भइसकेको थियो । तर उनको पिउने बानी छुट्न सकेको थिएन । त्यसैले उनलाई औषधिले छोएन । उनी कुँजी बनिन् । त्यसपछि उनी कोठाभित्र एक्लै बस्ने भइन् ।

ससुराको जीवनकालमा मैले ससुरालाई स्कुलबाट अर्को पूरानो घरमा खाना पठाउँथेँ । मेरी छोरी नै हजुरबुबालाई खान पुऱ्याउन जान्थी । मेरी सौता पनि त्यही घरमा बस्थिन् । एक दिन

ससुरालाई खाना छोड्न गएकी मेरी छोरी रुँदै आइन् । मलाई अचम्म लाग्यो । अब त मेरी सौताले पिट्न मार्न सक्दैनथिन् भन्ठानेकी थिएँ । त्यसैले मैले छोरीलाई रुनुको कारण सोधेँ । उनले रुँदै भनिन्, 'ठूली मम्मी घस्रँदै आउनुभयो अनि कान्छी मैले हिजोदेखि केही खाएकी छैन भन्नुभयो । मैले सबै दूध कचौरामा खन्याइदिएँ । उहाँले एकै सासमा कचौरा रित्याउनुभयो यति भनेर छोरी रोइन् । मेरी छोरी ठूली मम्मीको भोकको पीडाले दुखेकी रहेछिन् । आज जब उनी निरीह अवस्थामा गइन् र मेरी छोरीलाई परिवारको रूपमा गणना गरिन् । उनका चारवटी छोरी थिए र तिनीभन्दा कान्छी मेरी छोरी थिई । त्यसैले उनले गणना गरिन् कान्छी छोरीको रूपमा । सधैँ लखेट्ने, मार्न झम्टिने ठूली आमालाई बेसाहरा अवस्थामा देखेर मेरी छोरी रोएकी थिइन् । वास्तवमा मैले मेरा छोराछोरीलाई कहिल्यै अपमान गर्न र उनीविरुद्ध बोल्न दिइनँ । उनले जत्ति नै अपमान गरे पनि र छोराछोरीलाई क्षति पुऱ्याउन खोजे पनि मैले उनलाई कहिल्यै अपमानको शब्द बोलिनँ । उनको अपमानको रिस मैले उनका बच्चासँग कहिल्यै पोखिनँ । मैले सधैँ यिनीहरू बच्चा छन्, आमाले गरेको गल्तीको सजाय यिनीहरूलाई थोपर्नु अपराध हो भन्ने बुझेँ एकातिर भने अर्कोतर्फ आमा जस्तोसुकै किन नहुन्, आमालाई अपमान गर्दा छोराछोरीलाई दुख्छ भन्ने बुझेकी थिएँ मैले । तर उनीबाट अपमान भोग्नु, गाली सुन्नु मेरो जीवनको एक नियति नै बनिसकेको थियो । अचम्म लाग्छ बच्चादेखि हुर्काएका उनका छोराछोरीहरूलाई मेरो संस्कारको आँचलले सम्म छोएन । छोराछोरीले आमाकै संस्कार बोक्छन् क्यारे गर्भदेखि नै ! त्यस दिन मेरी छोरी रोएको देख्दा मैले यस्तै कुरा मनभरि खेलाइरहेँ ।

मेरी सौताले मेरो चरित्रहत्या गरेर मलाई गाली गर्थिन् । मेरा छोराछोरी अर्कैका बनाइदिन्थिन् । आज समयले छोराछोरी स्वीकार गर्न लगायो । मैले छोरीलाई 'भोलिदेखि हजुरबुबा र ठूलीममीलाई

खाना र दूध पुऱ्याउन जाउली, नरोऊ' भनेर सम्झाएकी थिएँ । उनी अशक्त हुँदा उनका आफ्नै छोराछोरी आफ्ना थिएनन् । एक दिन मेरो नन्द माइत आउनुभयो । मेरो छ वर्षको छोरा छेउमा खेल्दै थियो । 'जेठी भाउजुलाई पनि भेटेँ र बुबालाई भेटेर आएको' भन्नुभयो । उहाँ मेरो स्कुलमा आउनुभन्दा पहिले ससुरा र मेरी सौतालाई भेटेर आउनुभएको रहेछ । उहाँका छोराहरूलाई मैले नै पढाउँथेँ । उहाँले मेरो छोरालाई हेर्दै 'कान्छा ठूलीममीलाई काक्रा लगिदिएको हो ?' भनेर सोध्नुभयो । मेरो छोरो केही बोलेन, मलाई पुलुक्क हेऱ्यो । अनि तुरुन्तै बाहिर निस्कियो । 'कान्छाले कहिले स्याउ, कहिले काक्रा लगिदिन्छ रे' भनेर मेरी नन्दले भन्नुभयो । 'तपाईंले राम्रो संस्कार दिनुभयो, बच्चा पनि उस्तै ज्ञानीगुनी छन्' भनेर मेरो संस्कार र मेरा बच्चाको गुणको नन्दले फेरि प्रशंसा गर्नुभयो । एकछिनपछि नन्द आफन्त भेट्न छिमेकमा जानुभयो । मेरो छोरो आयो । अनि मैले उसलाई सोधेँ, 'तँ काक्रा, स्याउ बोकेर जान्छस् पर ?' एकछिनसम्म ऊ केही बोलेन । पटकपटक सोध्दा उसले दिएको जबाफले म चकित भएँ । उसले भन्दै गयो, 'ममी हजुरले पाप गर्नुहुन्न । रोगी अशक्तलाई माया गर्नुपर्छ, फेरि उहाँ तिमीहरूको ठूलीममी हो भनेर कहिल्यै केही भन्न दिनुभएन । आज बाहिर छिमेकी फुपूहरूले काक्रा खाइरहनुभएको थियो । मलाई पनि दिनुभयो, मलाई भित्र एक्लै सुतेकी ठूलीममीको झलझली याद आयो, खानै सकिनँ । अनि गएर ठूलीममीलाई दिएँ ।' त्यसपछि 'के भन्नुभयो ठूलीममीले' मैले सोधेँ । उसले भन्यो, 'ठूलीममीले नुनखुर्सानी लिएर आऊ कान्छा' भन्नुभयो । मैले नुनको ढिको र एउटा सिङ्गो खुर्सानी लिएर गएँ, 'बाबू कसरी खाने पिसेर ल्याएको भए हुन्थ्यो' भन्नुभयो । अनि मैले 'म स्यानो छु ठूलीममी ! ठूलो भएपछि पिसिदिन्छु है भनेँ' भनेर बेलिबिस्तार लगायो । मैले खान दिएको पैसा फलफूल किनेर पुऱ्याउने रहस्य खोल्यो । म हर्षले गद्गद भएँ । मेरा बच्चाको दयामाया देखेर उनीहरूको मनमा ईर्ष्या वैरभाव केही थिएन । उनीहरूको

हृदय निर्मल जलजस्तै थियो । योभन्दा ठूलो भगवान्‌को वरदान मेरा लागि के हुन सक्थ्यो ?

मेरी छोरी नियमित खाना र दूध पुऱ्याउन जान थाली हजुरबुबा र ठूलीआमालाई । औषधि गर्न गएकी सौता फर्केर आइनन्, उतै स्वर्गीय भइन् । मेरो छोराको नुनखुर्सानी पिस्ने बाचा पूरा हुन सकेन । मलाई किनकिन अपराधबोध जस्तो भयो । म उनीमाथि सौता भएर आएकोमा, अनयासै आँसु झर्न थाले । अँध्यारोमा बसेँ किनकि मेरो आँसुको मूल्य मेरो हृदयमा छल्कने भावनाको मूल्य बुझ्ने समाज कहाँ भेटिन्थ्यो र ! सौता मर्दा रोएर स्वाङ पारी भन्ने समाजलाई मैले मेरा आँसु नै देखाउन चाहिनँ ।

अँध्यारोमै दुई हात जोडेर सौतासँग मैले माफी मागेँ । 'दिदी भूल गरेँ, तिमीमाथि आएर अन्याय गरेँ, तिम्रो स्वर्गवास होस्' भनेर श्रद्धाञ्जली अपर्ण गरेँ । एक्लै काजक्रिया र दानपुण्य गरेर उनको आत्मा शान्त गर्ने कोसिस गरेँ । मेरो नाबालक छोरा क्रिया बस्नु हुन्न भन्दा पनि मानेन र उसको इच्छालाई हामीले रोकेनौँ ।

•

जीवन भोगाइको क्रममा जब मैले सधैँका लागि यो घर छोड्न खोजेँ त्यस समयमा मैले मेरो मन्दिर पनि त्याग्दै थिएँ । मैले सोचेँ, मेरा बच्चाका लागि स्थापना गरिएको र हाम्रा लागि स्थापना गरिएको भन्ने शब्द बारम्बार सुन्दै आइरहेकी थिएँ । जसका लागि भनेर स्थापना गरिएको मन्दिर थियो । ती सबै छोडेर गइसके मैले बुझ्दै गएँ । म जबरजस्ती मन्दिरको पुजारी बन्न खोजेकी रहेछु । पुजारी नबनेर गोठाल्नी नै भएको भए मेरो मन फेरि भत्कने आँधी आउने थिएन कि ? फेरि आफैँ सोच्छु, मलाई मन्दिरले छलेको होइन, मन्दिर त पवित्र हुन्छ, मन्दिरमा भगवान्‌को बास हुन्छ, मन्दिरले कसैलाई छल्दैन । म मान्छेद्वारा छलिएकी थिएँ । छल्न,

च्यात्न, टुक्र्याउन र घात गर्न त मान्छेले पो जानेको हुन्छ। मन्दिरले कहाँ त्यसो गर्छ र ? मन्दिरमा भगवान्को बास हुने भएकाले हजारौँ भक्त आउँछन्, जान्छन् । मैले त्यतिखेर आउने हजारौँ भक्त बिर्सिएर मन्दिरलाई लात बजार्नेको मात्रै हेक्का राखेकी रैछु । मनमनै गुनेँ, आखिरमा म पनि त स्वार्थी रहेछु किनकि मैले हजारौँहजार भक्तका बीचमा किन मन्दिरमा लात बजार्नेहरूकै कारणले दुख्दै छु, किन उनीहरूलाई नै प्राथमिकता दिँदै छु, उनीहरूकै कारणले म किन रुँदै छु, गल्दै छु र पाक्दै छु । पक्कै पनि मैले सबै भक्तहरूलाई समान व्यवहार गर्न सकिनँ । छोडेर जानेहरूमा बढी जोडिएँ कि, पोखिएँ वा सिइएँ म ?

मैले फेरि सोचेँ, ए यी त उनका रगत थिए, उनका प्राण थिए भनेर आफैँ आश्चर्यचकित बनेँ । मैले उनलाई कति धेरै माया गर्ने रहेछु । म आफैँ झस्किएँ, डराएँ । मैले त उनलाई भेट्न, देख्न अत्यन्तै कठिन थियो । त्यसैले उनको अवतार मानेर म ती मन्दिर कुल्चनेहरूसँग जबरजस्ती आफ्नो हृदय टाँस्न पुगेकी रहेछु । उनीहरूलाई यसरी मसँग टाँसिन, गाँसिन मन्जुर रहेनछ । मात्र स्याहार पाएर पुष्ट बन्न, मजबुत बन्न अडिएका मात्र रहेछन् । कहिल्यै टाँसिएनछन् ।

मैले उनका छोराछोरीलाई नै उनको रूपमा देख्न, बुझ्न र सुन्न थालेछु । त्यसैले पानी बन्न सकिनछु । सलल बग्न सकिनछु, गन्तव्य खोज्न र समुन्द्रमा मिल्न सकिनछु । नत्र किन फेरि क्षतविक्षत भएँ म ? हौसला, खुसी गुमाएँ र डाक्टरलाई भेट्नुपर्ने अवस्थामा पुगेँ म ।

नत्र त हजारौँ भक्तका बीचमा झलमल बलेका मेरा दुईवटा जूनहरूले मलाई टुलुटुलु हेरिरहेका छन् र म तिनै चेहेराभित्र डुबेर किन सम्हालिन सक्दिनँ ? फेरि सम्झन्छु यी चेहेरा उनका लागि त्यति महत्त्वका थिएनन् । जति मन्दिर भत्काउन खोज्नेहरूका

चेहेरा थिए । त्यसैले म तिनीहरूमै डुबेछु । यसपछि मैले थाहा पाएँ, म सधैँ उनकै भक्त बनेछु । राधा बन्न त पाइनँ कारण के हो भने म दोस्री थिएँ । गोपिनी भएर भए पनि उनका अवतारहरूको पूजा गरिरहेकी थिएँ । आरती उतारिरहेकी थिएँ र त्यही आरतीको थाली मेरो हातबाट खोसेर मेरो मुटु फुटालेर निस्केका थिए उनीहरू । पहिले मुटु टुटाउने एउटै थिए, अहिले कति हो कति ?

म पीडाले रन्थनिएँ, भक्कानिएँ, पछारिएँ । छटपटिँदै फेरि सकीनसकी बामे सरेँ उठ्नलाई तर अहिले त दर्जन थिए मुटु च्यात्नेहरू । त्यसैले बामे सर्न पनि सकिनछु । एकातिर मेरो मन्दिर अडचाउनुपर्ने थियो । अर्कोतिर मन भत्किएको थियो । हृदयको व्यथाले फत्रक्कै गलाएको थियो । त्यसैले बेहोसीमै मन्दिरसमेत त्याग्ने निर्णय गर्न पुगेछु म, फुटेको आरतीको थाली देखेर । मेरो विक्षिप्तता ससुराबाट छिप्न सकेन । मैले मन्दिर त्याग्ने निर्णय फिर्ता लिएकी थिएँ । ससुरा दिनमा पटकपटक मलाई हेर्न आउन थाल्नुभयो । म पहिरो गएको मनसँगै स्कुलको हरसमय डिउटीमा खटेकी हुन्थेँ । उनी बाहिर गएका थिए । छोरीले म रातभर नसुत्ने, भक्कानिएर रुने कुरा ससुरालाई सुनाएकी रहिछ । ससुराले मलाई औषधि गर्न जानका लागि कर गर्न थाल्नुभयो । त्यति बेला मैले मनमनै सोचेँ, हरपल रुन चाहन्छु, रोएर शरीर पखाल्न चाहन्छु तर आफ्ना र अरू मिलेर मेरो मन्दिर भत्काउन खोजेका थिए । म त्यो मन्दिरलाई भत्काउन दिन सक्ने थिइनँ । मेरो मन्दिर भत्केको हेर्न सक्ने थिइनँ । किनकि यही मन्दिरमा मैले आश्रय पाएकी थिएँ ।

मेरो गुमेको प्रतिष्ठा फिर्ता गराउन हरप्रयास गर्दै थियो मेरो मन्दिर त्यसैले म रातमा रुन्थेँ । मनमनै सोचेँ, मेरो मनमा व्यथा लागेको थियो, हृदय च्यातिएको थियो, आस्था र विश्वासमा पहिरो गएको थियो । तनमा व्यथा थिएन, तनको व्यथा पो डाक्टरले सन्चो पार्छन्, मनको दर्द निको पार्ने को जन्मेको छ र मेरा लागि !

ससुरा मान्नुभएन, 'स्वस्थ्य भएर अरूलाई हुर्काइस्, बढाइस्, पढाइस् । आज तँसँग मुठी कस्ने बनाइस् । त्यति बेलै तैंले मानसिक सन्तुलन गुमाइस्, केही भइस् भने तैले जन्माएकाहरूलाई ठूलै खति हुन्छ, नाबालक छन्, दुःख पाउँछन्' भन्नुहुन्थ्यो । वास्तवमा मेरो हृदय टुक्राटुक्रा भएर छरपस्ट भएको थियो । अर्को पटक फेरि विश्वास, आस्था र आफ्नै स्नेह धुजाधुजा पारेर च्यातिएको थियो र जीवनमा परेको अर्को गहिरो आघात थियो । त्यसैले म फेरि डङरङ्ग पछारिएकी थिएँ तर मैले चलमलाउनै पर्थ्यो किनकि म पवित्र मन्दिरको पुजारी थिएँ । म सोच्तथेँ, मेरो माया कति रूखो, मेरो आत्मीयता कति बिरानो, मेरो विश्वास कति हलुङ्गो सिमलको भुवाजस्तो । कहिले पात झरेको सिमलको बोट बन्छ जीवन, कहिले सिमलको भुवा बन्छ विश्वास । यही जीवनका विडम्बना रातभरको आँसु थियो ।

•

ससुराको जीवनकालकै कुरा हो, ससुराको कुरा कुनै पनि नकार्न सक्दिनथेँ म । केही दिनका लागि गएँ डाक्टर भेट्न । जब मेरो पालो आयो म भित्र पसेँ । डाक्टरले समस्या सोधे । अचम्म, मेरो चेहरा आँसुले ढाक्यो । म खूब रोएँ । मैले कसैलाई कहिल्यै आँसु देखाउन चाहिनँ । भगवान्लाई देखाउनबाहेक म एक्लै रोएँ । म मेरा बच्चा निदाएको बेला रोएँ । तर यस पटक मेरा बच्चाले लुकेर हेरेछन् र ससुरालाई भनेका रहेछन् । मेरो आँसुको कुनै मूल्य थिएन । आँसुलाई घृणा गर्नेहरूको जमातमा थिएँ म । त्यसैले आँसु देखाएर उपहासको पात्र बन्न कहिल्यै चाहिनँ । आज अनायासै डाक्टरको अगाडि झरना बनेँ म । मेरो मनले सोच्यो, सायद डाक्टर त भगवान्तुल्य हुन्छन् । जीवन दिन्छन् तर खोस्न जान्दैनन् । आँसुलाई उपहास गर्दैनन्, मलम लगाउँछन् । घाउमा पट्टी बाँध्छन् तर घाउमा सुइरो रोप्दैनन् । त्यसैले त अपरिचित मान्छेको अगाडि

यसरी मुटु पखाल्दै बग्यो मेरो आँसु । सायद डाक्टरलाई विश्वास गऱ्यो मेरो आँसुले, मनले आफ्ना भन्नेहरूलाई भन्दा धेरै ।

जब मेरा आँसु अलि रोकिए, डाक्टरले 'आफ्नो जीवनका सबै कुरा भन्नुस्' भने । साँच्चिकै पहिलो पटक डाक्टरलाई आफ्नो जीवनकहानी बताएँ मैले । डाक्टरले 'अब तपाईं के चाहनुहुन्छ ?' भनेर सोधे । मैले 'त्यो घर त्याग्न चाहन्छु, तर सासूससुरा र मेरो मन्दिरलाई होइन' भनेँ । उनले मेरो पढाइ सोधे, रुचि सोधे । मैले सबै बताएँ । मैले 'साहित्यलेखन मेरो रुचिको विषय हो, लेख्छु र त बाँचेकी छु अहिलेसम्म' भनेँ । डाक्टरले थपे, 'तपाईंले कृति प्रकाशन गर्नुपर्छ । आफ्नो क्षमता बाहिर आयो भने मन फुल्छ फेरि पढाइ अगाडि बढाउनुहोस्, आत्मविश्वास बढ्छ । तपाईंले अरूका लागि धेरै गर्नुभयो । तपाईंले गीतामा लेखेको श्लोक सुन्नुभएको छ कि छैन । कर्म गर तर फलको आशा नगर भन्ने । आशा गर्नुभयो र टुट्नु भयो । मायाले माया साट्न खोज्नुभयो । आजको स्वार्थी जमानामा तपाईंजस्तै अर्को को हुन्छ र ? त्यस्तो गाउँमा पनि तपाईंहरूजस्ता प्रतिभा हुनुहुँदो रहेछ । काठमाडौँमा भएको भए त झन् केके हुन्थ्यो होला । तपाईं कहाँ पुग्नुहुन्थ्यो होला ।' डाक्टरले मेरो प्रशंसा गर्दै मलाई सम्झाउँदै थिए । डाक्टर थिए नि उनी, सबैलाई जीवन दिने, मृत्युशय्याबाट मान्छेलाई बिउँझाउने, त्यसैले डाक्टरले मेरो मुर्दा बन्न खोजेको शरीरमा प्राण भर्न खोज्दै थे । मेरो पालो सिद्धियो म डाक्टरसँग बिदा भएँ । जीवनमा पहिलो पटक मनका पीर खोलेर म डाक्टरसँग रोएकी थिएँ । त्यसपछि आफूलाई अलि हल्का भएको जस्तो लाग्यो ।

मलाई प्रेरणा दिने अरू पनि होलान् तर डाक्टरको सल्लाहले मैले घर फर्किएर गजल लेख्न थालेँ । त्यसपछि नै 'जिन्दगी' नामको गजलसङ्ग्रह जन्मियो । त्यसै गरी मैले कलेजमा एड्मिसन गरेँ र डिप्लोमा गरेँ । मलाई डाक्टर पथप्रदर्शक भए जस्तो लाग्छ

आजभोलि । तर उनी मनोविज्ञ थिए । उनले मलाई रोग लागेको नभएर मन र मुटुमा चोट लागेको भन्ने जानेर मलाई सम्झाएका थिए । उनले औषधिको बदलामा सान्त्वनाले मेरो उपचार गराएका थिए ।

•

यसरी नै समय लर्किरहेको थियो मेरो । कहिलेकाहीँ भगवान्‌ले मलाई हरघडी परीक्षाले जाँच्न खोजेको जस्तो लाग्छ । म परीक्षा दिनकै लागि जन्मेको जस्तो लाग्छ । त्यो पनि अग्निपरीक्षा, जसमा म दनदनी सल्किएर अधकल्चो मात्रै हुन्छु । म न जलेर सिद्धिन सक्छु न सग्लो भएर उभिन सक्छु । वर्षौंवर्षसम्म, यसरी अग्निपरीक्षामा जलेर जिउँदो लास बन्नुभन्दा त धर्ती फाटोस् र म त्यही धर्तीभित्र लीन हुन सकूँ । आखिर जीवन अजम्बरी त छैन । छोटै अवधिमा कति धेरै भोग्न र थेग्न सकिन्छ र ? त्यसैले त भन्न मन लाग्छ मलाई हरभोलिसँग खूब डर लाग्छ । पहिलेको घाउमा खाटा बसेर भर्खर दुखाइ मत्थरजस्तो के बनेको हुन्छ । आउने भोलिले कुन कहर वेदना बोकेर बजारिने हो मेरो छातीमा भन्ने शङ्काले पिरोल्छ मलाई ।

बल्लतल्ल आफू छताछुल्ल पोखिएरै भए पनि घर बिग्रिएकी बहिनीलाई सम्हालेँ । उनी सिएम्‌ए पढ्न गइन्, छोरा मलाई छोडेर । अब अलि ढुक्क भएँ म । बहिनी आफ्नो खुट्टामा उभिन सक्ने आशा बोकेर गइन् तर त्यति बेलै फेरि ठूलै बज्र आएर बज्रियो । हामी क्षतविक्षत भयौँ । यो बज्रले मेरो बाबालाई मानसिक आघात पाऱ्यो । हाम्रो छाती चिऱ्यो । हामी दुई दाजु, दुई बहिनीबाट एक दाजु, दुई बहिनी मात्र भयौँ । ठूलो दाजुको परदेशमा नै मृत्यु भएको खबर बोकेर दुई छोरीसहित भाउजु आउनुभयो । बेसाहरा भाउजु अबोध दुई छोरीहरू ।

दाजुको जेठी छोरी तीन वर्षकी र कान्छी छोरी तीन महिनाका थिए । मुमाबुबालाई सम्हाल्न, भाउजुलाई बुझाउन, दुई नानीहरूको भविष्यको रेखा कोर्न र आफ्नो धैर्यको बाँध भत्कन नदिन फेरि मैले आफूलाई उभ्याउनैपर्ने भयो । कस्तो विडम्बना ! मैले जीवनमा हाँस्ने अधिकार नै ल्याएकी छैन जस्तो लाग्छ मलाई ।

ठूलो दाजुको मृत्युले बाबाले होस गुमाउनुभयो । आफूलाई पाल्ने दुईतिर काँधमा बोकेर घाट पुऱ्याउने दुई छोरा जन्माएको बुबालाई आफ्नै छोराको काजक्रिया गर्नुपर्ने कस्तो हृदयविदारक दृश्य देख्नुपऱ्यो ? जसको मुटुभरि पहिले नै चिर्को परेको छ । एकपछि अर्को भङ्गालो गएको छ । बालकृष्ण समले लेखेको 'दु:खीको घरमा मात्रै तेरो बास हुने भए ईश्वर दया राखी मलाई अझ दु:ख दे' अब त यो मेरै लागि लेखिएको हो कि जस्तो लाग्न थाल्यो मलाई । म करले, बलले उभिनैपर्ने भो, जाग्नैपर्ने भो । भाउजुलाई सम्झाएँ, म छु नानीहरूको चिन्ता नगर्नुस्, म बुबा बन्छु यिनीहरूको भनेर बुझाउँछु । जसको आफ्नै जिन्दगी मूर्दाजस्तो बनेको छ र शरीरभरि पीडाका डोबभन्दा केही छैन । उसले के दिन सक्थ्यो ? तर म दुख्ने अधिकारसमेत खोसिएको देख्छु आफ्नो ।

अलिअलि गर्दै दिन बित्दै गए । बाबाको अवस्था जस्ताको जस्तै भयो तर सुर्ता फर्किएन । ममाथि फेरि जिम्मेवारी थपियो । दाजुकी सानी छोरी पनि बाँचिनन् । ठूली छोरी अब मेरो स्कुलमा पढ्न आउन थालिन् । समय सर्कंदै तीन वर्ष बितेछ ।

फेरि भङ्गालो पैह्रो बोकेर आयो अर्को वर्ष पनि । ठूलै चटचाङ बजाऱ्यो । कालले मेरो कान्छो दाजुलाई पनि छोडेन । निर्दयी बन्यो, अत्यन्तै भयानक बन्यो समय । मलाई कविता सिकाउने, मेरो जीवन जगाउने, नाच्न सिकाउने, बाँच्न सिकाउने, मलाई आफ्नो काँधमा अडचाएर हँसाउन चाहने मेरो दाजुको मृत्युले म मर्माहत बनेकी थिएँ । काठमाडौँबाट फर्किएर घरको ढोकाभित्र

पसेर भर्खर बस्न के खोज्दै थिएँ । दाजुको मृत्युको खबर कानमा ठोकियो । म डङ्रङ्ग भुइँमा पछारिएँ । आँखा खोल्दा पानी छर्कँदै थिए मेरो अनुहारमा । म यस्तै अचेत भएर दाजुसँगै जान चाहन्थेँ । म आधारविहीन भएर बाँच्न चाहन्नथेँ । यति सजिलै मेरो प्राण कहाँ जान्थ्यो ? अझैँ भोगाइ कति बाँकी होला र एउटी बिधवा भाउजुलाई हेर्न कति गाह्रो हुन्थ्यो । उहाँको निरस जीवनले कति पटक मार्थ्यो मलाई । अझ हामी सबैका आधार, मेरो जीवनको अत्यन्तै प्रिय पात्र मेरो दाजु, मेरो गुरुले संसार त्यागेर जाँदा जसको पीडा भाउजु र नाबालक छोराछोरीले भोग्नुपऱ्यो । पैँतीस-चालीस वर्षका छोराहरू गुमाउनुपरेका मेरा अभागी मुमाबुबामाथि यो कस्तो बज्रपात थियो ? यो कस्तो आघात थियो ? मेरो माइती शून्य पार्ने त्यो पापी काल कस्तो हो ? ठूलो दाजु धेरैजसो भारतमा नै बस्नुहुन्थ्यो । उहाँ कहिलेकाहीँ घर आउनुहुन्थ्यो । हामी दाजुभाउजु जहाँ भए पनि कुशलताको कामना गर्थ्यौं ।

अब हुनुहुन्न भन्ने चोटले आफ्नो मुटुको टुक्रा गुमाएको पीडाले बुबाले चेतना हराउनुभएको थियो । हाम्रो घाउ आलै थियो । त्यसमा अझ आफ्नै काखमा बसेको ठूलो छोरो आफ्नै अगाडि बिदा भएर जाँदा ती अभागी मुमाबुबाको कस्तो हालत भयो होला ? मेरा मुमाबुबाको भाग्य पनि कस्तो कुदिनमा लेखिएको रहेछ । मैले मुमाबुबा, भाउजु र बालबच्चा सम्झिएँ । उठ्न खोजेँ, पछारिएँ फेरि बेहोस भएछु । दाजुलाई घाट लैजाने बेलामा म जानैपर्ने भयो । श्रीमान् र छोराछोरीले समाएर लिएर गए मलाई । दाजुको घरमा भाउजु र मुमा बेहोस हुनुहुन्थ्यो । बुबा बसेर रोइरहनुभएको थियो । उहाँ अर्ध चेतनामा हुनुहुन्थ्यो । दाजुका तीनवटा छोराछोरी फुवा भन्दै मलाई झम्टेर समाउन आए ।

दाजुको पार्थिव शरीर आँगनमा सुताइएको देख्दै छु । दाजुसँगै जान मन लाग्यो मलाई । म दाजुलाई अँगालो मार्न पुगेँ र भने ‘दाजु

हजुर उठ्नुस् होइन भने मलाई पनि लिएर जानुस् ।' मलाई सबै जनाले दाजुबाट छुटाए । म फेरि बेहोस भएँ । म बिउझँदा दाजुलाई घाट लगिसकेका थिए । भाउजुले 'ठूली मैसाब यो के भयो' भन्दै विलाप गर्न थाल्नुभयो मलाई अँगालो मारेर । छोराछोरी टुहुरा भए । सासूससुराको वृद्ध अवस्था छोराछोरी कसरी सम्हाल्ने ? अनायासै मैले 'म छु भाउजु !' भनेँ, मुमालाई 'म छु मुमा !' भनेँ, बुबालाई त्यही भनेँ, भदाभदैलाई 'म छु ! भनेँ तर वास्तवमा आज पूर्ण रूपमा मरिसकेकी थिँए म । मैले बाँच्ने इच्छा त्यागिसकेकी थिएँ । संसार अँध्यारो र कालो भइसकेको थियो । पहिले त मैले चोट मात्र खाएँ तर आज त एकपछि अर्को गर्दै आफ्नाहरू गुमाएँ । त्यसैले मन्दिर पनि बिर्सिएँ, नाबालक छोराछोरी पनि बिर्सिएँ, बुबामुमा, भदाभदै, सबै बिर्सिएँ । मेरो शरीरले थेग्न सकेन । एकपछि अर्को परेको बज्रपात, आघातले थला परेँ म; निकै बिरामी भएँ । म उठ्नै सकिनँ । सलाइन चढाउन थाले मलाई । सबै आफन्तहरूलाई मलाई कसरी बचाउने भन्ने चिन्ता हुन थाल्यो । मलाई कहिले ज्वरो आउँथ्यो, कहिले कोखा दुख्थ्यो । मेरा आँखाबाट निरन्तर आँसु झरिरहे । मैले आफूलाई सम्हाल्न सकिनँ । मेरो संसार बिरानो बनेको थियो । असोज महिनाको घाम मलाई अत्यन्तै बिरानो लाग्छ । उदास र उराठ लाग्छ । मेरो दाजुलाई यही घामले निल्यो जस्तो लाग्छ । निरन्तर आँसु झरिरह्यो, रोक्न सकिनँ मैले ।

दाजुको तेह्रौँ दिनको पुण्यतिथिमा मलाई बोकेर पुऱ्याइयो दाजुको घरमा । म हिँड्न सक्ने अवस्थामै थिइनँ । भाउजुलाई दुःख फुकाउनुपर्ने, रङ्गहीन वस्त्र दिनुपर्ने कस्तो पीडा ? पटकपटक मेरा भाउजुहरूलाई रङ्गहीन वस्त्र दिनुपर्ने यो कस्तो विडम्बना ? म त्यहाँ पनि बेहोस भएँ । भाउजु गहिरो पीडामा हुनुहुन्थ्यो । जीवनसाथीबिनाको अधुरो जीवन, रातो कुनै वस्त्र लगाउन चाहनु भएन । बल्लतल्ल म आफ्नै घर फर्किएँ । दाजुबिना बिरानो बनेको

माइतमा एक पल पनि बस्न सकिनँ । पटकपटक मूर्छा पर्न लाग्दा मलाई फर्काएर ल्याए । मेरो माइती र मेरो स्कुल पाँच मिनेटको दूरीमा थियो । घर आएर म ओछ्यानमा पल्टिएँ । ज्वरोले साह्रै च्याप्यो, ज्वराको पीडाले फेरि अचेत भएँ म । महिनौँसम्म मलाई बिरामीले छोडेन । बिस्तारै मैले बाँच्नुपर्ने थियो र भोग्नुपर्ने पनि धेरै थियो । त्यसैले बिरामीले बिस्तारै छोड्दै गयो । आँसु रोकिएको थिएन ।

मैले एक रात अचम्मको सपना देखेँ । दाजुले भन्दै हुनुहुन्थ्यो, 'यसरी रोएर मलाई तिम्रो आँसुमा नडुबाऊ बैनी मैले तर्न सकिनँ, तिम्रो आँसले मुक्त हुन सकिनँ । हेर यी तिम्रो आँसुमा डुबेको दाजुको शरीर !' मैले दाजुको शरीरतिर हेरेँ । दाजु घाँटीसम्म पानीमा हुनुहुन्थ्यो, टाउको मात्रै बाहिर थियो । उहाँ भन्दै हुनुहुन्थ्यो, 'यो तिम्रो आँसु हो । अरू दाजुहरू पनि हुनुहुन्छ, उहाँहरूलाई हेर, तिमीलाई कति माया गर्नुहुन्छ । मलाई बिर्सने कोसिस गर । तिमीले मुमाबुबा, मेरा छोराछोरी, दाइका छोराछोरी र तिम्रा छोराछोरी सबैलाई सम्हाल्नु छ । बिन्ती छ बैनी मलाई मुक्ति देऊ । आध्यात्मिकतामा विश्वास गर्ने मान्छे तिमी, मलाई यस्तै लेखेको थियो । यही उमेरमा जानुपर्ने थियो ।'

कस्तो अचम्मको सपना देखेकी थिएँ मैले; जिउँदो हुँदा सम्झाएको जस्तो ! दाजुले म बिरामी भएपछि औषधि गर्न छिट्टै जानुपर्छ भन्ने गर्नुहुन्थ्यो । 'ज्वाइँले वास्ता नगरेका हुन् कि तिमी आफैँ औषधि गर्न नगएकी ? पैसा छैन भने म दिन्छु छिट्टै औषधि गर्न जानुपर्छ' भनेर भन्ने गर्नुहुन्थ्यो तर आफू कहिल्यै नफर्कने गरी बिरामी नै नभएर एकै पलमा जानुभयो । निद्राबाट बिउँझिएपछि यस्तै कुरा खेलाएँ मनमा । मुटु फुट्न खोज्यो तर सपना सम्झिएँ । आँसुको दह, मैले सपनामा दाजु डुबेको पोखरी सम्झिएँ, आँखाभित्रै रोक्ने प्रयास गर्दागर्दै अनुहार भिजाउँदै बग्यो आँखाबाट आँसु । चकित परेँ म सपना सम्झिएर । हिजोआज श्राद्धमा गएर खाँदा आँसु रोक्न सक्दिनँ ।

दाजु खानाको परिकार साह्रै मीठो बनाउने र मलाई थपीथपी खुवाउने गर्नुहुन्थ्यो । दाजु स्वर्ग भएपछि माइती नै बिरानो र शून्य लाग्छ मलाई । दाजु हुँदा समय मिलाएर एक-दुई दिनमै ओर्लिहाल्थेँ तर आजभोलि वर्षको एक पटक जान पनि मलाई असाध्यै बाधा हुन्छ । साह्रै शून्य लाग्छ मेरो माइती मलाई ।

यो चोट र प्रहारले मात्रै भगवान्लाई चित्त बुझेन । दाजु बितेको पच्चीस दिनपछि मेरो अत्यन्तै प्यारो पीडा बुझ्ने देवर पनि स्वर्ग हुनुभयो । रगतको नाताभन्दा भावनाको नाता ठूलो लाग्ने मलाई अर्को चटचाङले हान्यो । 'जेठान बितेको खबर सुनेँ । भाउजुलाई सम्झेँ अनि बस्नै सकिनँ स्कुलमा' भन्दै हुनुहुन्थ्यो । उहाँ गाउँको स्कुलमा शिक्षक हुनुहुन्थ्यो ।

देवर र म साहित्यिक, साङ्गीतिक यात्रामा काँध जोडेर साथै निस्कन्थ्यौँ । स्कुललाई माथि उठाउन उहाँको ठूलो देन थियो । उहाँ स्कुलको म्युजिक टिचर हुनुहुन्थ्यो साथै यस धरातलको गतिलो साहित्यकार पनि । उहाँ राजनीतिक यात्रामा मेरो श्रीमान्को काँधजस्तै हुनुहुन्थ्यो । मेरो गजल प्रकाशनका लागि मलाई प्रोत्साहित गर्ने र दौडधुप गरेर मलाई गजल प्रकाशनमा सहयोग गर्ने पनि उहाँ नै हुनुहुन्थ्यो ।

अब आफन्त गुमाउने डर लाग्ने लहर आएको थियो मेरो जीवनमा । दाजु बितेको बयालीस दिनपछि सौताकी जेठी छोरीकी छोरी बितेको खबर आयो । जेठी छोरीका दुई छोरी थिए । उनकी ठूली छोरीलाई मैले ल्याएर आफैँसँग राखेर मेरै स्कुलमा पढाउँदै थिएँ । उनकी अर्की छोरी स्याहार्न सजिलो होस् भनेर ल्याएकी थिएँ उनी मेरो साथीजस्तै थिइन् ।

अब त हरेक क्षणले, हरेक दिनले आफन्तको बिछोड बोकेर आउन थाल्यो । अब आफन्तको मृत्युले कति गहिरो घाउ दिन्छ

भनेर सबैको जिम्मेवारी बोकाउँदै आफन्त खोस्न थाल्नुभयो भगवान्ले । मलाई लाग्यो धोकाको दुखाइ ठूलो कि, मृत्युको भनेर सोध्दै हुनुहन्थ्यो । कस्तो विडम्बना, कस्तो जात्रा ! अब मन मात्र होइन शरीर पनि भत्कन थाल्यो । म धेरै बिरामी पर्न थालेँ । शरीरले फेरि थेग्न सकेन । पहिले भित्रभित्रै घाउ थियो । सबैलाई लुकाएर रुन्थेँ । अब आफ्ना लाग्ने भेट्नेहरूसँग रुन थालेकी छु । मृत्युको पीडाले आफन्तहरूसँग रुने बनाएको थियो ।

दाजु बितेको पीडा बुबाले खप्न सक्नु भएन । ठूलो दाजुको मृत्युले होस गुमाउनुभएको बुबा सानो दाजुको मृत्युले जीवन जिउन चाहनु भएन र निम्तो दिनुभयो काललाई । दाजु बितेको छ महिना नबित्दै निरस जीवन मृत्युशय्यामा लगेर विसर्जन गर्नुभयो । विपत्ति बाजा बजाएर आयो मेरो जीवनमा । साँच्चै विश्वासघातको पीडाले फत्रक्कै गलेको शरीर अब आफन्तबिनाको टुहुरो भयो । यसरी एकपछि अर्को दुःख, शोकले म साँच्चिकै बाँच्न चाहन्नथेँ । सोच्थेँ, छिटो कालले मलाई पनि टिपोस् ।

कर्तव्य, घरपरिवार, छोराछोरी सबै माया मारेकी थिएँ मैले । चारैतर्फ शून्य लाग्थ्यो मलाई, आफन्त गुमाउनुको पीडा कति भयानक हुँदो रहेछ । भोग्नु कति थियो, देख्नुपर्ने कति थियो । एक वर्षसम्म विभिन्न बिरामीले ढलाउँदै, गलाउँदै, उठाउँदै गर्न थाल्यो । आफन्तहरू चिन्ता नगर्न भन्नुहुन्थ्यो । म सोचेर नै धेरै बिरामी भएको सोच्नुभएको थियो उहाँहरूले । मृत्युलाई बोलाएर पनि मर्न सकिनँ र आजसम्म छु, फेरि जिम्मेवारीलाई काँधमा सकीनसकी उठाएर पनि जीवन बाँचिरहेको छु म ।

•

'यसको जीवन दुखेको छ । विश्वासघातले मुटु जलेको छ' भनेर ईश्वरले पनि मलाई कहिल्यै सहानुभूति दिनु भएन र माया

देखाउनु भएन । सधैँ मेरो क्षमताको परीक्षा लिन खोज्नुभयो । परीक्षा पनि अग्निपरीक्षा, हरघडी जिम्मेवारीको भारी बोकाएर नै आयो । म सधैँ उहाँमा समर्पित भएँ, उहाँकै उपासक बनेँ । ईश्वरले हरघडी मलाई परीक्षाको अग्निमा जलाए पनि म उहाँकै उपासक हुँ । हरघडी जलन र पीडामा ईश्वरलाई नै विश्वास गरेकी छु मैले । सबै आफन्तको जिम्मेवारी मेरो काँधमा आएर थुप्रिएको छ । म सबै प्रकारका पीडामा निथ्रुक्क भिजेकी छु र पीडा भरिएका सुस्केरा निकाल्दै आफ्नो कर्तव्यमा खटिरहेकी छु । किनकि मर्न सकिएन भने आफूलाई सहज बनाउनुपर्ने जीवनको बाध्यता बन्दो रहेछ भन्ने बुझाइ रहेको छ मेरो ।

जिम्मेवारी बोक्दा, कर्तव्य निभाउँदा कति धेरै टुट्नुपर्‍यो । यो तीतो यथार्थले झस्काउँदाझस्काउँदै मैले समयको अन्तरालमा जिम्मेवारीको भारी बोक्नैपर्ने मेरो जीवनको नियति बनिसकेको छ । कसैबाट आशा र अपेक्षा गर्न छोडिसकेकी छु । जीवनको छोटै यात्रा तय गरिसक्दा नै मैले धेरै भोगिसकेकी छु । त्यसैले आजभोलि कसैसँग पनि आशा बोक्ने गर्दिनँ भन्ने अठोट गरेकी छु मैले ।

आफन्तहरूको बिछोडले जीवन अझ रूखो बनाएको छ । भाव शून्य पारेको छ । एकपछि अर्को चुनौती, परीक्षा आइरहेकै छ । निरन्तर रूपमा अब त दुख्न पनि छोडेजस्तो लाग्छ । आशा, चाहना र रहर सबै बिराना भइसके । मन साँच्चिकै बाँसको झाङ भएको छ । अग्निपरीक्षाका आयामहरू एकपछि अर्को गर्दै थपिँदै गर्न छोडेका छैनन् ।

•

आजभोलि नयाँनयाँ नाताहरू पनि थपिँदै छन् । मेरो जीवनको अध्यायमा म पहिलो पटक बाह्र वर्षअगाडि हजुरआमा भएकी थिएँ । जेठी छोरीको छोरी जन्मँदा माइत ल्याएर सुत्केरी स्याहार गर्दै

नातिनी हुर्काएर तीन महिनापछि घर पठाएकी थिएँ । यसरी माहिँलीको पनि छोरी आफैँ खेलाएकी थिएँ । यसै क्रममा मेरी आफ्नै छोरी पनि ठूली हुन थालिन् । सबैका नजर उनमा पर्न थाले । सबैले आमाको रूप ल्याएकी छ भन्न थाले । उनलाई सबैले चियाउन थाले । मैले उनमा आफ्नो स्वरूप देख्न थालेँ ।

मेरी छोरीले एघारको पढाइ सिद्धाइन् । अनि उनले पनि अन्तर्जातीय विवाह गरिन् । एक पटक उनले मलाई यो मान्छे मन पर्छ मम्मी भनेकी थिइन् । साह्रै सानी उमेरकी छचौ, अहिले पढ्दै जाऊ, डिप्लोमा सिद्धाएपछि सोचौँला भनेर सम्झाएकी थिएँ मैले । एक्कासि मम्मी हजुरले कति वर्षमा बिहे गरेको भन्ने मलाई प्रश्न तेर्साइन् । म झस्किएँ र भनेँ, हाम्रो समय र तिम्रो समयमा धेरै अन्तर छ, छोरी ! मेरो विवाहको कुरा बीस वर्षअगाडिको हो । त्यति बेला मेरो मगनी पनि भइसकेको थियो । उनले कति बुझिन्, कति सुनिन् तर एघारको परीक्षा सिद्धाएर उनले विवाह गरिन् । छोरीले उमेर नपुगेरै चालेको कदमले हामीलाई दु:खी बनाए पनि उनले पढेलेखेको केटा र संस्कारी परिवार रोजेकी थिइन् ।

भोग्दै जानु कर्तव्य र जिम्मेवारीको भारी बोक्दै जानु मेरो भाग्यमा टपक्क टाँसिएको छ । छोरीलाई तिम्रो डिप्लोमाको पढाइ नसिध्याई बच्चा नजन्माऊ भन्दै मैले बारम्बार सम्झाउन छोडिनँ । उनको घर स्कुलबाट नजिकै थियो । तर उनलाई आमा बन्ने रहरले खूब कुतकुत्याएको थियो किनकि हरघण्टा, प्रहर, महिना र वर्षमा एउटा अग्निपरीक्षामा जल्नैपर्ने थियो । उनी गर्भवती भइन् । मैले लाख बिन्ती गर्दागर्दै, मेरा हरेक शब्दलाई हृदयङ्गम गर्ने छोरी जिद्दीवाल बन्दै गर्भवती भएकी थिइन् ।

मेरी छोरीले सुन्दर छोरी जन्माइन् । म फेरि बज्यै बनेँ । अत्यन्तै हर्षित थिएँ । अस्पतालबाट सुत्केरी छोरी र नातिनीलाई उनको घरमा छोडेँ । छोरी र नातिनीलाई छोडेर आउनुपर्दा म धेरै

रोएँ । उनका परिवारले न्वारानपछि सुत्केरी बस्न माइत पठाइदिने बाचा गर्नुभयो ।

मैले हरभोलिको सामना डरलाग्दो किसिमले गर्नुपरेको छ, आफ्नो जीवनमा । मेरी छोरीको जेठानी दिदी पनि गर्भवती थिइन् । राति व्यथाले च्यापेछ, अस्पताल पुऱ्याएछन् । दिउँसो छोरो जन्मिएको खबर आयो । सबै खुसी भयौँ । छोरीको जेठानीको पहिलो सन्तान छोरी थिइन् । जेठानी, देउरानी सुत्केरी थिए । गाई, भैँसी घरमा थिए, सासू एक्लै भएकाले म केही सहयोग हुन्छ कि भन्दै छोरीको घरमा पुगेँ । सबै खुसी हुनुभएको थियो । उहाँहरू मेरी छोरीसँग बस्ने साथी भए भनेर अस्पताल बुहारी लिन जाने तरखरमा लाग्नुभएको रहेछ । मैले म छँदै छु, गएर जेठी बुहारी नाति लिएर आउनुहोस्, म पनि भेटेर जान्छु भनेँ । उहाँहरू अस्पताल जानुभयो ।

जेठानी, देउरानी एकैसाथ गर्भवती भएका थिए । नियमित चेकजाँच गराइरहेका थिए । जिल्ला अस्पतालमै सुत्केरी भए दुवै जना । एक घण्टाअगाडिको खुसी चीत्कार बनेर मेरो कानमा आएर ठोक्कियो । फेरि मलाई अग्निपरीक्षामा दनदनी सल्काएर छोरीको जेठानीको मृत्युको खबर र टुहुरो बच्चा मेरो काखमा आयो । धन्य दैव मलाई जन्माउन जानेका रहेछौ । त्यो कोलाहल, त्यो चीत्कार, कहालीलाग्दो परिवेश घरमा सबै मूर्छा पर्न थाले पालैपालो । मेरी छोरी पनि मूर्छा परिन् । हिजोको सुत्केरी, आज यो बिजोग, दुईवटा बच्चा मेरो काखमा थिए । मान्छेको हूल बढ्दै गयो । नाना थरीका कुरा उठ्दै गए । कोही मृत्युमा रुन्थे, कोही मेरी छोरीको भाग्य र उमेर देखेर रुन्थे । धेरैले कस्तो ठ्याक्कै आमाको भाग्य लिएर जन्मेकी यो नानी भन्थे । कतिले मलाई यो नाबालक बच्चीले आफ्नो छोरी स्याहार्न सक्दिन, तपाईं छोरी र नातिनी लिएर जानुस् भन्थे ।

दुईवटै बच्चा पालैपालो काखमा लिन्थेँ म । म स्तब्ध थिएँ, न म बोल्न सकेँ, न बोल्ने फुर्सद पाएँ, दुवै बच्चा रोएर । सबैलाई थाहा छ आज ठूलो घटना घटचो, हाम्रो जीवनमरणको सवाल छ भनेझैँ गरेको थिएँ । त्यहाँ हजार सवाल जन्मिरहेका थिए । कुरा धेरै गुन्जिएका थिए तर कोही पनि ती अबोध बच्चा छुन चाहिरहेका थिएनन् । घरपरिवार सबै विक्षिप्त थिए । अरूले न्वारन नभएका बच्चा छुनु हुँदैन भन्थे । कस्तो विडम्बना ! दुवै बच्चा मेरो काखमा थिए किनकि न्वारनबिना नै ती बच्चा छुने म मात्र एक थिए त्यहाँ । अब पटकपटक घटेका घटना विश्लेषण गर्न मसँग शब्दसमेत बाँकी रहेका थिएनन् ।

रात पर्दै जाँदा जम्मा भएको सबै मान्छेको भीड हराइसकेको थियो । सबै परिवारका सदस्य स्तब्ध थिए । म दुईवटै बच्चा एक्लै स्याहार्दै थिएँ । बच्चाहरू पनि रातभर सुतेनन् । लगातार रोइरहे । त्यो दर्दनाक रात अऊ भयावह भएको थियो उनीहरूको रुवाइले । म दुवैलाई चुप गराउने कोसिसमा रातभर लागिरहेँ ।

अर्को दिन चर्चापरिचर्चा चल्यो । सुत्केरीलाई नुन बार्न पर्ने कि नपर्ने भन्ने र सुत्केरीलाई माइतमा आमाले दिएको नुन खान हुन्छ भन्ने सबैको निर्णय भयो ।

कुन खुसी बोकेर छोरीको घर पुगेकी थिएँ र के दृश्य देख्नुपऱ्यो मैले ? अर्को दिन सुत्केरी छोरी माइत ल्याउने कुरा भयो । छोरी र नातिनी लैजाऊ भनेर भन्नेहरू धेरै भए । उमेर पुगेको छैन, आफ्नै छोरीको स्याहार गर्न सक्दिन त्यो नाबालक सुत्केरीले भन्न थाले । म चेतना हराइसकेकी थिएँ वा चेतनामै थिएँ आफैँ बुझ्न सकिरहेकी थिइनँ । जब सुत्केरी माइत छोड्न गाडी अगाडि आयो । ज्वाइँसाबले छोरीलाई समाएर गाडीमा राख्नुभयो । मैले दुवै बच्चा समाएँ । सबैका नजर विस्मयले भरिएका थिए । त्यो टुहुरोलाई पनि लैजानुहुन्छ ? भनेर कोही सोध्दै पनि थिए । म बल्ल बोलेँ, 'टुहुरो

होइन यो । मेरी छोरीले जुम्ल्याहा नातिनातिनी जन्माइदिइन् मलाई ।' त्यहाँ मेरो यही उत्तर थियो ।

मैले मेरो काखमा आएर सुतेको बच्चालाई अनाथ हुन दिन सकिनँ । घरमा लिएर आएँ । मेरा सबै आफन्त भेट्न आउन थाल्नुभयो । छोरीलाई हेर्दै रुँदै गर्न थाल्नुभयो । उता यत्रो घटना घट्दा मेरा आफन्त शुभचिन्तकहरूलाई पूर्ण विश्वास रहेछ, मैले दुवै बच्चा लिएर आउँछे भन्ने । वास्तवमा उहाँहरूले मेरो कोमलताको गहिराइ नापिसक्नुभएको रहेछ । यही कोमलताभित्र आफ्नो जीवन बेचेकी छु । भेटी चढाएकी छु र बलि चढाएकी छु आफैँलाई । मेरी छोरी पहिलो बच्चाकी आमा थिइन् । उनीबाट दूध आएन र दुवै बच्चा रातभरि रुन थाले । मैले नै दूध बनाएर खुवाएँ, आफ्नै लाम्टा चुसाएँ ।

एकास्सि परिस्थिति बदलिएर आयो । छोरीलाई ज्वरोले साह्रै च्याप्यो । ज्वरो १०२-१०३ डिग्री पुग्न थाल्यो । नातिको पिसाब रोकियो । डाक्टर बोलाइयो । छोरीलाई सलाइन लगाउन सुरु भयो । 'नातिलाई बाहिर लैजानुपर्छ' डाक्टर भन्दै थिए । कस्तो भयानक परीक्षा मेरो जीवनमा, म सधैँ भगवान्‌को उपासक बनेँ । भगवान्‌ले नै एकपछि अर्को परीक्षा र आघात थुपार्ने ममाथि नै ? मैले दिनहुँ बिहान भगवान् पुकार्ने सानो मन्दिर बनाएकी छु । भगवान्‌को आराधना उपासना गर्दा चित्त शान्ति भएको महसुस गर्छु । म नातिलाई बोकेर त्यही मेरो मन्दिरमा पसेँ र भगवान्‌को प्रतिमालाई प्रश्न गरेँ, 'एकपछि अर्कोअर्को गरेर यो कस्तो परीक्षा हो भगवान् ? नातिनी हेरूँ कि बिरामी छोरी हेरौँ कि नातिलाई बाहिर लिएर जाऊँ ? किन यस्तो विधि यातना मलाई ? के संसारमा भएभरको दु:ख भोग्ने म मात्रै छु भगवान्‌को नजरमा पनि ?' भनेर बिलौना गरेँ । खोई, मलाई कुन आस्था र श्रद्धा भयो भगवान्‌प्रति जति नै परीक्षा गरे पनि भगवान्‌को प्रतिमाको अगाडि

नतमस्तक हुन्छु म । आजको वैज्ञानिक युगमा मान्छे व्यावहारिक भइसकेका छन् । तर, अनौठो मेरो नातिले मन्दिरको अगाडि मेरो काखमा दिसापिसाब गऱ्यो । मैले भगवान्को लीला अपरम्पार मानेँ र अलि मन सम्हाल्दै सुत्केरी कोठामा गएँ र नातिले दिसापिसाब गरेको बताएँ ।

छोरीलाई ज्वरोले छोडेको थिएन । मनभरि अनेक थरीका तर्कवितर्क चल्थे । भगवान्ले अर्को कस्तो यातना दिनुहुन्छ भन्ने त्रास एकातिर, अर्कोतिर दुईवटा बच्चाको स्याहार कति छाक त खाना खानै भ्याइनँ, भ्याएर पनि के रुच्थ्यो र खाना । चिन्ताले भरिएको थियो पेट, मुटु सबै मेरो । छोरीको अवस्थाले झन् मनभरि अनेकन् सोचले जन्म लिन्थ्यो ।

चार-पाँच दिनसम्म यस्तै भयो । डाक्टर आफैँ आउँथे । मेरो ठूलो बुबाको छोरा दाजुले हरप्रहर हेरिरहनुभएको थियो । डाक्टर र दाजु निकै चिन्तित देखिनुहुन्थ्यो । अर्को आशङ्काले फेरि थरथर कम्पन छुट्दै थियो मेरो । छोरी बेहोसजस्तै थिइन् ज्वरोले ।

पाँचौँ दिनबाट उनको ज्वरो अलि घट्न थाल्यो । उनी होसमा आइन् । अब उनले थोरैथोरै खान थालिन् । मलाई लाग्यो छोरीलाई आघात पऱ्यो– निकै मिल्ने गर्थे जेठानी र देउरानी, सहोदरी जस्तै थिए ।

मुमाले मेरी छोरीलाई तैँले भन्दा बढ्ता गरोस् र उसले तैँले भन्दा बढ्ता भोग्न परोस् भन्नुभएको थियो । जब म छोरीकी आमा बनेकी थिएँ र मैले मुमालाई जबाफ फर्काएकी थिएँ कि जे भोग्न परे पनि म आफैँले भोग्छु । मेरी छोरीलाई केही भोग्न नपरोस् भनेकी थिए । उसका दुईवटी बच्चाकी आमा बनेँ म । दूध चुसाउँदै गएँ, दूधका धारा बग्न थाले मेरा । मेरो छोराले खान छोडेको एघार वर्ष भइसकेको थियो । दुई नातिनातिनीको बीचमा

सुतेर उनीहरूको संरक्षण गरें । निकै कष्टकर भए दुई बच्चा हुर्काउँदाका मेरा दिन र रातहरू ।

बिस्तारै मेरा नातिनातिनीहरू ठूला हुँदै गएका छन् । क्रमश: मेरो मन मातृत्वले भिज्दै छ । मनभरि खुसी छल्कँदै छ । जति नै घात भए पनि मैले ईश्वरसँग मन भाँच्न सकिनँ । मन भगवान्मा लीन भएको महसुस गर्छु । तिनै अबोध नातिनातिनाका आँखाभित्र डुब्छु किनकि उनका निश्चल आँखामा मैले भगवान् देख्छु ।

उनीहरूभित्र कुनै स्वार्थ देखिनँ, चाहना पाउँदिनँ । निष्कपट मन छर्लङ्ग देखिन्छ । अझै पनि मेरो जिम्मेवारी सकिएको छैन । धेरै आफन्तहरूको मृत्युले फेरि मलाई जिम्मेवारीको भारी बोकाएको छ । म अलि सजक भएकी छु । कसैसँग पनि आशा नराख्ने, मन नजोड्ने मेरो इच्छा रहेको छ तर थाहा छैन म कहिलेसम्म बाँधेर राख्न सक्छु मन ? जसजससँग मन जोडें, सबैले मेरो मनलाई घायल बनाउँदै निस्कँदै गरे । जुन पीडा कति भयानक थियो मेरा लागि, टुक्रिएर क्षतविक्षत भयो मेरो मन ।

यसरी हृदय च्यातिएको बेला आफन्तहरूको एकपछि अर्को मृत्युले झन् डढायो मलाई । अच्चम लाग्छ आफ्ना लागि कुनै चाहना, आशा, उमङ्ग केही बाँकी नरहेको जस्तो महसुस हुन्छ । एकोहोरो म कर्ममै डुब्छु, सबै छक्क पर्छन् । कहिलेकाहीँ म बेहोस त छैन भनेर आफैँलाई चिमोट्छु, दुख्छ र होसमा भएको पाउँछु । फेरि मन छैन भनूँ भने नातिनातिनीको मायाले छाती भिजेको छ । उनीहरू अबोध छन् । तोतेबोलीले मलाई मनोरञ्जन दिन खोज्छन्, हँसाउन खोज्छन् । एकछिन उनीहरूलाई नदेख्दा मन धमिलो हुन्छ अतालिन्छ । लाग्छ पूर्ण होसमा नभए पनि बेहोस पनि छैन म ।

मलाई दुई बच्चा हुर्काउन, स्कुलमा खट्न साह्रै सास्ती भएको थियो । रातदिन एकनासजस्ता थिए मेरा लागि । भ्याईनभ्याई

थियो । आजभोलि मेरा नातिनातिनी टुकुटुकु हिँड्ने भएका छन्, आफैं खाने भएका छन् । यिनीहरू यस्तै अबोध भइदिए हुन्थ्यो । यिनका आँखामा ईश्वरको छाया देखिने भइरहे हुन्थ्यो जस्तो लाग्छ मलाई । डर लाग्छ, कहिले मान्छे बन्छन् र फेरि मलाई खर्लप्पै निल्छन् । मेरो पालनपोषण साह्रै रूखो छ । मेरो हात रूखो छ र मैले दिने माया त्यस्तै रूखो छ, जसले फर्किएर मलाई नै थप्पड हानेर घाइते बनाउँछ र म उठ्न नसक्ने भएर पछारिन्छु । त्यसैले म मेरा नातिनातिनी यस्तै निश्चल निष्कपट बनिरहे हुन्थ्यो भन्छु । जहाँ मैले सधैं ईश्वर भेट्न सकूँ ।

आजभोलि मान्छेदेखि म खूब डराउने भएकी छु । मान्छेको नजिकै जान नपरे हुन्थ्यो जस्तो लाग्छ किनभने मान्छेको स्वरूप जङ्गली जन्तुको भन्दा हिंस्रक र राक्षसको भन्दा डरलाग्दो क्रूर पाएकी छु मैले । यी पलपलका भोगाइहरूमा, यी जीवनका अनकन्टार यात्राहरूमा । त्यसैले आजभोलि मैले मेरो मायामा चुर्लुम्म डुबाएका मेरा नातिनातिनी यस्तै नाबालकमै सीमित रहून्, मान्छे नबनून् भन्ने कामना गर्छ मेरो हृदयले ।

मैले सौतालाई टुट्न दिइनँ, बहिनीलाई टुट्न दिइनँ, भाउजुहरू र छोरीहरूलाई पनि टुट्न दिइनँ । एकपछि अर्को जिम्मेवारी आफैं बोकिरहेँ । लाग्छ म त बारम्बार टुट्दै, फुट्दै, जुट्दै बानी परेकी त्यसैले म टुट्नु र जुट्नुको कुनै अर्थ छैन ।

•

भोग्दै र झेल्दै जाँदा आजभोलि मेरी छोरी स्वच्छन्द भएर मुस्कुराउँछिन् । उनको जिम्मेवारी मैले बोकेकी छु । लाग्छ यही नै हो जीवन, मेरो सपना पनि यही थियो र मेरो खुसी पनि उनकै हाँसोमा अडिएको छ । उनकै लागि म नौनी बनेर जीवनका अनकन्टार भन्ज्याङ, उकालीओराली पार गर्दै यहाँसम्म आइपुगेकी हुँ । अब

उनका बच्चा अलि ठूलाठूला भएका छन् । समाजले फेरि हल्का आवाज उठाउन थालेको छ । मेरी छोरीलाई अर्को बच्चा जन्माउनुपर्छ भनेर आफन्तहरूले आवाज उठाउन थालेका छन् । मेरी छोरीले आफन्तबाट सुन्नुपर्ने संवाद यस्तै रहेका छन्– तिम्री मम्मीलाई अर्काको बच्चा पालेर कस्तो भोग्नु पऱ्यो ? अब तिम्रा बच्चा ठूला भइसके । अब अर्को बच्चाको सोच गर, भन्न थालेका छन् ।

मलाई भक्कानो फुट्छ । म अबोध नातिको अनुहार हेर्छु । जन्मिनेबित्तिकै मेरो काखमा आएर श्वास फेरको छ उसले । उसप्रति किन यति धेरै शङ्का र उपशङ्का होला मान्छेहरूको ? यो सोच भयावह लाग्छ मलाई । यिनीहरूले त मेरो दूध चुसेका छन् । मान्छेजस्ता क्रूर, स्वार्थी हुन सक्दैनन् भन्न मन लाग्छ । तर मैले मुख फोरेर भन्न सकिनँ कारण मैले गरेको आशा दिएको माया सधैँ रूखो हुने गरेको छ । सुक्खा हावाको झोका भएर बहेको छ मेरो आशा, मेरो हृदय, साहस र विश्वास उडाउँदै । मेरो विगत प्रमाण बनेर ठिङ्ग उभिएको छ खम्बाजस्तै । त्यसैले मेरा नातिनातिनी अबोध नै होऊन् । उनका निश्चल आँखामा मैले भगवान्लाई भेट्न सकूँ । यिनीहरू कहिल्यै अरू मान्छेजस्ता नबनून् भन्ने कामना गरिरहेकी छु । म बिहानै भगवान्को स्तुति गर्छु । उज्यालो भइसक्दासम्म मेरा मुटुका टुक्रा खानेकुराको माग गर्छन् । म उनीहरूका हरमाग, हरइच्छा पूरा गर्छु; खुसी पार्छु र स्कुलमा खट्छु । यसरी समय आफ्नै गतिमा बग्दै छ । म समयको हुरीले जहाँजहाँ पछार्छ, जहाँजहाँ घचेट्छ, त्यहाँत्यहाँ तानिन्छु । त्यतैत्यतै घचेटिन्छु ।

•

बेलाबेलामा आफैँलाई चियाउँछु, मुसार्छु र लाग्छ मन उनीसँग मात्र भाँचिएनछ । मेरो मन हरेक वसन्तसँग भाँचियो र हरेक उज्यालोसँग भाँचियो । बैंस र बहारसँग पनि मन भाँचियो ।

समभावमा बग्यो मन । त्यसैले पुजारी बन्न सजिलो भयो । आजभोलि एक मन्दिरकी पुजारी हुँ जस्तो लाग्छ आफैंलाई । त्यो मन्दिर मेरो स्कुल हो । जसले मेरो आत्मविश्वास जगायो, मलाई बाँच्न सिकायो, मेरो गुमेको प्रतिष्ठा फिर्ता गरायो । यसै स्कुलसँग जीवन साटें मैले । आज मेरो मन्दिरमा हजार भक्तहरू आउँछन् म तिनै भक्तसँग रमाउँछु ।

•

यतिखेर म चिसिएर हिउँ बनिसकेकी छु । म हरियाली नभएको उजाड मरुभूमि भइसकेकी छु । अब मेरा आशा, चाहना, विश्वास तुहिएर शून्यतामै बिलाइसकेका छन् । मेरो जीवनमा उनको माया र तिरस्कारको मलाई कुनै अर्थ छैन । अब मेरो मन ईश्वरमा मात्र लीन हुँदै छ । मेरो हृदयले माया, घृणा र ईर्ष्यालाई त्याग गरिसकेको छ ।

•

उनले बल्ल मलाई बुझे । अब उनले राम्ररी चिने मलाई । उनले मलाई देवी नामले पुकार्न थाले, म हिँड्ने बाटोभरि फूल छरिदिन थाले । तर मप्रतिको उनको बुझाई धेरै ढिलो भइसकेको थियो; लामो समयको अन्तराल बितिसकेको थियो ।